वर्ष २० | अंक ९५ | काठमाडौं | सोमवार, १५ पुस २०८१ | Monday, 30 December 2024 | पृष्ठ ८ | मूल्य रू. १०

ISSN No. 2822-1702

@abhiyannationaldaily
@aarthik_abhiyan

ग्राहक प्रति

NEW BUSINESS AGE LTD.


# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

www.abhiyandaily.com

फोहोर वर्गीकरणको योजना कार्यन्वयनमा २
एमएडब्लु वृद्धिलाई चांगानको 'सांग्रिला न्यू इनर्जी नीति अवार्ड' ३
आर्थिक समृद्धिमा बैंकिङ क्षेत्रको योगदान ४
वैकल्पिक वित्तीय स्रोत जुटाउन विधेयक ल्याउँदै सरकार ८








# शंकाको घेरामा बैंकहरूको वित्तीय विवरण

## कर्णाली डेभलपमेन्ट बैंकले कात्तिक १२ गते ७ दशमलव २७ प्रतिशत निष्क्रिय कर्जा रहेको भनी वित्तीय विवरण प्रकाशित गरेकोमा पुस १० गते राष्ट्र बैंकले यो ४० दशमलव ८५ प्रतिशत रहेको विवरण प्रकाशित गऱ्यो

**यादव हुमागाई**

काठमाडौं

नेपालगञ्जमा केन्द्रीय कार्यालय रहेको क्षेत्रीयस्तरको कर्णाली डेभलपमेन्ट बैंकले २०८१ कात्तिक १२ गते चालू आर्थिक वर्ष (आव) २०८१/८२ को पहिलो त्रैमासिकसम्मको वित्तीय विवरण प्रकाशित गऱ्यो। प्रकाशित गरेको सूचनामा बैंकले चालू आवको असोजसम्म पूँजीकोष अनुपात १० दशमलव शून्य ५ प्रतिशत र निष्क्रिय कर्जा ७ दशमलव २७ प्रतिशत रहेको उल्लेख गरेको थियो।

सूचना प्रकाशित गरेको २ महीना नपुग्दै उक्त बैंकको खराब कर्जा ४० दशमलव ८५ प्रतिशत र पूँजीकोष अनुपात ४ प्रतिशतभन्दा कम रहेको भन्दै पुस १० गते नेपाल राष्ट्र बैंकले यसलाई समस्याग्रस्त घोषणा गरी व्यवस्थापन नियन्त्रणमा लिएको छ। उक्त बैंकको व्यवस्थापन गर्न केन्द्रीय बैंकले उपनिर्देशक टीकाराम खतिवडाको संयोजकत्वमा तीन सदस्यीय समिति खटाएको छ।

वित्तीय अवस्था राम्रो रहेको विवरण प्रकाशित गरेको बैंकलाई २ महीनामै खराब सूचकका कारण व्यवस्थापन नै केन्द्रीय बैंकले नियन्त्रणमा लिनुपर्ने अवस्था आएसँगै बैंकहरूले प्रकाशित गर्ने वित्तीय विवरण शंकाको घेरामा परेको छ। नेपाल राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक नरबहादुर थापा वित्तीय अवस्था ठिकठाक रहेको विवरण प्रकाशित भएको छोटो समयमै बैंकको व्यवस्थापन नै नियन्त्रणमा लिनुपर्ने अवस्थाले झस्काएको बताउँछन्। 'लामो समयपछि बैंक समस्याग्रस्त भई व्यवस्थापन नै नियन्त्रणमा लिनुपर्ने अवस्थाले हाम्रो सिस्टमलाई झस्काएको छ,' उनले भने, '२ महीनामै खराब कर्जा अस्वाभाविक बढ्नुले बैंक, वित्तीय संस्थाले प्रकाशित गर्ने तथ्यांकको विश्वसनीयतामाथि शंका उत्पन्न भएको छ। तथ्यांकको जिम्मेवार को हुने ?'

पछिल्लो समय बैंक तथा वित्तीय संस्थाको कर्जा गुणस्तरमाथि अन्तरराष्ट्रिय मुद्राकोष (आईएमएफ) ले पनि सन्देह प्रकट गर्न थालेको छ। देशको आर्थिक गतिविधि शिथिल हुँदा पनि बैंकहरूको खराब कर्जा राम्रो हुनुमा बैंकहरूले 'इभरग्रिनिङ' गरेको आशंका आईएमएफको छ। इभरग्रिनिङ भन्नाले ऋण तिर्न थप ऋण दिने अभ्यासलाई जनाउँछ। आईएमएफले गतवर्ष विस्तारित कर्जा सुविधा (ईसीएफ) को किस्ता दिनुअघि १० ठूला वाणिज्य बैंकको अन्तरराष्ट्रिय परामर्शदातामार्फत कर्जा गुणस्तर परीक्षण गर्नुपर्ने शर्त राखेको थियो। त्यसअनुसार राष्ट्र बैंकले गतवर्ष चैतमा परामर्शदाता छनोटको प्रक्रिया अघि बढाए पनि त्यसका लागि आवेदन दिएका सबै कम्पनीको प्रस्ताव अस्वीकृत भएपछि पुस पहिलो साता पुनः बोलपत्र खुलाएको छ।

पूर्वकार्यकारी निर्देशक थापा बैंक, वित्तीय संस्थाको कर्जा वर्गीकरण अन्तरराष्ट्रिय मापदण्डअनुसार नहुँदा आशंका उब्जिएको र खराब कर्जाको अवस्था वास्तविक नभएको बताउँछन्। यसैगरी राष्ट्र बैंकको अफसाइट, अनसाइट सुपरभिजन प्रभावकारी नभएको र बैंकरहरूमा पनि नियम कानून पालना गर्नेभन्दा पनि भनसुन र पावरका भरमा 'रेगुलेटरी क्याप्चर' गर्न खोज्ने प्रवृत्तिका कारण बैंकिङ क्षेत्र कमजोर भएको उनले बताए।

राष्ट्र बैंकको नियमित अनुगमन र निर्देशनपछि पनि बैंकको अवस्था बिग्रिने गरेको शंकालाई कर्णाली डेभलपमेन्ट बैंकको अवस्थाले पनि पुष्टि गरेको छ। विगत १ वर्षदेखि नै कर्णालीलाई निगरानीमा राख्दै आएको राष्ट्र बैंकले गत आव २०८०/८१ को पहिलो त्रैमासमै उक्त बैंकको विशेष स्थलगत निरीक्षण गरेको थियो। निरीक्षण प्रतिवेदनमा औंल्याइएका निर्देशनहरू उल्लंघन गरेको, कैफियतहरू सुधार नगरेको र कर्जासमेत दुरुपयोग गरेको भन्दै तत्कालीन अध्यक्ष राजेन्द्रवीर राय र प्रमुख कार्यकारी अधिकृत दिनेशकुमार रावतलाई ५/५ लाख रुपैयाँ जरीवानासमेत गरेको थियो।

राष्ट्र बैंकले औंल्याएका कैफियत र निर्देशनअनुसार सुध्रिनुको साटो बैंकले वित्तीय अवस्था राम्रो रहेको देखाउने विवरण प्रकाशित गरेपछि व्यवस्थापन हातमा लिनुपर्ने अवस्था आएको राष्ट्र बैंक स्रोतले बताएको छ।

'बैंकले प्रकाशित गरेको वित्तीय विवरण जेजस्तो देखियो त्योभन्दा हाम्रो विशेष निरीक्षणमा फरक देखिएपछि मङ्सिरमा शीघ्र सुधारात्मक कारबाही गरिएको थियो,' राष्ट्र बैंकका एक अधिकारीले भने, 'बैंकको अवस्थामा सुधार नभएको र सञ्चालन गर्न नसक्ने अवस्था आएको भन्दै सञ्चालक समितिले नै पत्र लेखेर व्यवस्थापन जिम्मा लिन अनुरोध गरेपछि राष्ट्र बैंकले निर्णय गरेको हो।'

खराब कर्जा उच्च भई सर्वसाधारणको निक्षेप फिर्ता दिन नसक्ने भएपछि राष्ट्र बैंकले यसअघि तत्कालीन नेपाल बंगलादेश बैंक र एनसीसी बैंकको व्यवस्थापन लिएको थियो। यसैगरी नेपाल विकास बैंक, गोर्खा विकास बैंकलगायत एक दर्जन बैंक, वित्तीय संस्थालाई समस्याग्रस्त घोषणा गरेको थियो। समस्याग्रस्त बैंक, वित्तीय संस्थाको संख्या बढ्दै गएपछि राष्ट्र बैंकले २०७० चैतबाट समस्याग्रस्त संस्था रिजोलुशन महाशाखा नै गठन गरी यस्ता संस्थाको निगरानी शुरू गरेको थियो। समस्याग्रस्त संस्थाको समस्या समाधान भएपछि २०७४ सालमा महाशाखा खारेज भइसकेको छ। समस्याग्रस्त घोषणा भएकामध्ये अब नेपाल शेयर मार्केट एन्ड फाइनान्सको मात्र फरफारक बाँकी रहेको राष्ट्र बैंकले बताएको छ।

- दुई महीनामै खराब कर्जा बढ्नुले बैंक, वित्तीय संस्थाले प्रकाशित गर्ने तथ्यांकको विश्वसनीयतामाथि शंका उत्पन्न भएको विज्ञको भनाइ
- आर्थिक गतिविधि शिथिल हुँदा पनि बैंकहरूको खराब कर्जा राम्रो हुनुमा बैंकहरूले 'इभरग्रिनिङ' गरेको आईएमएफको आशंका
- आईएमएफबाट विस्तारित कर्जा सुविधा (ईसीएफ)को किस्ता दिनुअघि १० ठूला वाणिज्य बैंकको अन्तरराष्ट्रिय परामर्शदातामार्फत कर्जा गुणस्तर परीक्षण गराउनुपर्ने शर्त

## मंगलवारबाट निक्षेप फिर्ता



नेपाल राष्ट्र बैंकले व्यवस्थापन हातमा लिएको कर्णाली डेभलपमेन्ट बैंकले मंगलवारबाट बचतकर्ताको रकम आंशिक रूपमा फिर्ता गर्ने भएको छ। बिहीवार राष्ट्र बैंकले व्यवस्थापन सम्हालेलगत्तै उक्त बैंकको निक्षेप फिर्ता दिन बन्द गरिएको थियो। बैंकले मंगलवारदेखि अप्ठ्यारोमा परेका निक्षेपकर्तालाई प्राथमिकता दिएर फिर्ता गर्ने बताएको छ। 'हामी बैंकमा तरलता व्यवस्थापनका लागि लागिरहेका छौं,' राष्ट्र बैंकबाट खटिएका एक अधिकारीले भने, 'मंगलवारबाट अप्ठ्यारोमा परेकालाई प्राथमिकता दिएर निक्षेप फिर्ता दिन शुरू गर्छौं।'

बैंकको वित्तीय विवरणअनुसार उसले गत असोजसम्म ५ अर्ब २१ करोड निक्षेप संकलन गरी ३ अर्ब ८१ करोड रुपैयाँ कर्जा लगानी गरेको छ। तर, राष्ट्र बैंकले व्यवस्थापन सम्हाल्दा बैंकमा ४५ हजारको ३ करोड रुपैयाँ हाराहारी मात्र निक्षेप देखिएको छ। 'बैंकको वास्तविक अवस्थाबारे हामी जाँचबुझकै क्रममा छौं,' ती सदस्यले भने, 'प्रारम्भिक रूपमा हेर्दा ९० हजार बचत खातामध्ये ४५ हजार सक्रिय छन् र त्यसमा ३ अर्ब रुपैयाँ निक्षेप छ।' राष्ट्र बैंकले व्यवस्थापन समूहलाई निक्षेपकर्ताको बचत भुक्तानी र संस्थाको ऋण असुलीलाई प्राथमिकता दिई काम गर्ने, संस्थाको ड्यु डेलिजेन्स अडिट गराउने, संस्थामा भएको वित्तीय अपचलनको छानबिन गरी कानूनी कारबाहीको प्रक्रिया अगाडि बढाउनेलगायत अख्तियारी दिएको छ। प्रारम्भिक अध्ययनमा पूर्वअध्यक्ष र प्रमुख कार्यकारी अधिकृतको मिलेमतोमा केही कर्जा दुरुपयोग गरिएको भए पनि निक्षेप नै डुब्ने अवस्था नभएको राष्ट्र बैंकको दाबी छ।

नागरिक लगानी कोषको योजना

# स्टक डिलर, प्राइभेट इक्विटी र भेन्चर क्यापिटल कम्पनीहरूले ऋण पाउने

**प्रजिता बुढाथोकी**

काठमाडौं



- स्टक डिलर कम्पनीहरूले आफ्नो पूँजीले मात्र धितोपत्र बजारमा लगानी गरी बजारलाई सन्तुलनमा राख्न नसक्ने भएकाले ऋण दिने तयारी
- धितोपत्र बजारमा हालसम्म दुईओटा स्टक डिलर- नागरिक स्टक डिलर र नबिल स्टक डिलर सञ्चालनमा
- शुरूमा २० देखि २५ करोड रूपैयाँसम्म कर्जा उपलब्ध गराउने गरी गृहकार्य
- स्टक डिलरहरू कोषको प्रस्तावबाट उत्साहित

नागरिक लगानी कोषले धितोपत्र बजारको विकासमा सघाउने उद्देश्यका साथ बलिया संस्थागत लगानीकर्तालाई ऋण दिने योजना अघि सारेको छ।

कोषले लगानी विविधीकरण गर्ने योजनाअनुरूप धितोपत्र बजारका बलिया संस्थागत लगानीकर्ताको रूपमा रहेका स्टक डिलर कम्पनीहरूलाई ऋण उपलब्ध गराउने तयारी गरेको हो। त्यसैगरी, उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने प्राइभेट इक्विटी र भेन्चर क्यापिटलहरूलाई पनि ऋण दिने कोषको योजना छ।

कोषका कार्यकारी निर्देशक पर्वतकुमार कार्कीले यसका लागि कोषले गृहकार्य गरिरहेको बताए। 'नागरिक लगानी कोषको ऐनले नै कोषलाई पूँजीबजारमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने संस्थाका रूपमा परिकल्पना गरेकाले हामीले सोहीअनुसार केही काम गर्ने तयारी गरेका हौं,' कार्कीले भने, 'स्टक डिलर कम्पनीहरूले आफ्नो पूँजीले मात्र धितोपत्र बजारमा लगानी गरी बजारलाई सन्तुलनमा राख्न नसक्ने अवस्थालाई हेरेर कोषले ऋण दिने योजना अघि सारेको हो।'

पूँजीबजारको विकासमा नागरिक लगानी कोषले बलिया संस्थागत लगानीकर्तालाई कर्जा प्रवाह गर्नेदेखि कोष आफै पनि दोस्रो बजारमा कारोबार बढाउने सोचका साथ अघि बढेको कार्कीले स्पष्ट पारे।

कोष आफैले पनि धितोपत्र बजारमा संस्थापक शेयरसँगै सर्वसाधारणतर्फको शेयर कारोबार गरिरहेको अवस्थामा आगामी दिनमा ऋणपत्रमा लगानी बढाउने योजना बनाएको कार्कीको भनाइ छ।


धितोपत्र बजारमा लगानी गर्नकै लागि कोषको सहायक कम्पनीका रूपमा नागरिक स्टक डिलर सञ्चालनमा छ। आफ्नै कम्पनी नागरिक स्टक डिलरलाई मात्र नभएर नेपाल धितोपत्र बोर्डबाट स्वीकृति पाएका अन्य स्टक डिलर कम्पनीलाई पनि ऋण दिने तयारी कोषले गरेको कार्यकारी निर्देशक कार्कीले जानकारी दिए।

यस्ता कम्पनीलाई पूँजीको आवश्यकता हुने भएकाले नागरिक लगानी कोषजस्ता संस्थाले आफ्नो लगानी यस्ता कम्पनीमा गर्न सके पूँजीबजार विकासमा सहयोग मिल्ने कार्कीको विश्वास छ।

उनले शुरूका दिनमा जोखिमलाई ध्यानमा राखी २० देखि २५ करोड रुपैयाँसम्म कर्जा उपलब्ध गराउने गरी गृहकार्य भइरहेको बताए। धितोपत्र बजारलाई सन्तुलनमा राख्ने गरी स्टक डिलर कम्पनीहरूले लगानी गर्नुपर्ने अवस्थामा आफ्नो पूँजीले मात्र सम्भव नभएको स्टक डिलर कम्पनीहरूले स्वीकारेका छन्।


हाल नेपालमा दुई स्टक डिलर कम्पनी सञ्चालनमा छन्। कोषकै सहायक कम्पनी– नागरिक स्टक डिलर र नबिल बैंकको सहायक कम्पनी– नबिल स्टक डिलर।

» बाँकी पृष्ठ ५ मा








नेप्से परिसूचक




सुन (तोला)




अमेरिकी डलर




# नयाँ वर्षअघि आन्तरिक पर्यटकले भरिए पर्यटकीय होटेल

**हिमा वि.क.**

काठमाडौं

- पछिल्लो समय नेपाली नयाँ वर्षभन्दा ग्रेगोरियन नयाँ वर्षको अवसरमा घुम्ने आन्तरिक पर्यटकको संख्या बढी
- सिजन अफ भए पनि क्रिसमसदेखि नयाँ वर्षसम्मका लागि पर्यटकको अंक सकारात्मक रहेको होटेल व्यवसायीको भनाइ

ग्रेगोरियन पात्रोको नयाँ वर्ष सन् २०२५ शुरू हुन २ दिन बाँकी हुँदा ३५ कोठा भएको चितवनस्थित सौरहाको जंगल सफारी लजमा न्यू इयर इभका लागि शतप्रतिशत बुकिङ छ। डिसेम्बर ३१ मा होटेल बस्न आउनेमध्ये ७० प्रतिशत बुकिङ आन्तरिक पर्यटकको रहेको उक्त लजका कार्यकारी निर्देशक सुमन घिमिरेले बताए।

चितवन रिभर साइड रिसोर्टमा पनि ६० प्रतिशतभन्दा बढी बुकिङ आन्तरिक पर्यटकको रहेको उक्त रिसोर्टले बताएको छ। भक्तपुरस्थित नगरकोटको होटेल मिस्टिक माउन्टेनका कोठा पनि उक्त दिनका लागि ७० प्रतिशतसम्म बुकिङ भइसकेका छन्। आन्तरिक पर्यटककै बुकिङ बाहुल्य रहेको होटेल मिस्टिक माउन्टेनका अनलाइन मार्केटिङ म्यानेजर सचिन डंगोलले जानकारी दिए।

पछिल्लो समय नेपाली नयाँ वर्षभन्दा ग्रेगोरियन नयाँ वर्षको अवसरमा घुम्ने आन्तरिक पर्यटकको संख्या बढेको देखिएको सम्बद्ध पर्यटन व्यवसायी बताउँछन्। विगतमा नेपालले प्रचलनमा ल्याएको विक्रम संवत्अन्तर्गतको नयाँ वर्षमा घुम्न जाने हुन्थे भने अहिले ईस्वी संवत्को नयाँ वर्ष मनाउनेको संख्या बढेको होटेल सञ्चालक बताउँछन्। यसले गर्दा नगरकोट, पोखरा र सौराहाका होटेलहरू आन्तरिक पर्यटकले भरिभराउ हुन थालेको होटेल व्यवसायी बताउँछन्।

'यहाँ नेपालीले नयाँ वर्ष उत्सवका रूपमा मनाउँछन्। त्यसैले अन्तरिक पर्यटकको घुइँचो नै छ। न्यू इयर इभका लागि शतप्रतिशत बुकिङ भएकोमा ७० प्रतिशत आन्तरिक पर्यटकले गरेका छन्। बाँकी भारतीय र अन्य देशका छन्,' सौराहाको जंगल सफारी लजका कार्यकारी निर्देशक घिमिरेले भने। लजले सुविधा हेरी प्रतिकोठा प्रतिरात ५ हजारदेखि १२ हजार रुपैयाँसम्म लिने गरेको छ। नगरकोटस्थित होटेल मिस्टिक माउन्टेनमा ७० प्रतिशत बुकिङ भए पनि यो गत सालको भन्दा केही कम रहेको डंगोलले जानकारी दिए। 'गतवर्ष नयाँ वर्षका लागि होटेल बुकिङ ८० प्रतिशतभन्दा माथि थियो,' उनले भने। उक्त होटेलमा ७२ ओटा कोठा छन्। डंगोलका अनुसार होटेलमा आन्तरिक पर्यटककै बाहुल्य हुन्छ र उनीहरू एक रात होटेल बस्छन्।

» बाँकी पृष्ठ ५ मा



काठमाडौंको असनमा माटोका भाँडा बोकेर बिक्री गर्न हिँड्दै घुमन्ते व्यापारी । *तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान*

# फोहोर वर्गीकरणको योजना कार्यान्वयनमा

काठमाडौं । काठमाडौं महानगरपालिकाले ३२ ओटा वडामध्ये दश वडामा फोहोरमैला वर्गीकरण योजना कार्यान्वयनमा ल्याएको छ । यस अवधिमा विभागले वडा नं ५, ७, १०, १२, १९, २०, २४, २५, २६ र २७ मा फोहोरमैला वर्गीकरण योजना कार्यान्वयनमा ल्याइएको हो ।

कामपाले यो योजना ल्याएको लामो समय भए पनि पूर्णअभ्यास गरी प्रभावकारी कार्यान्वयनमा अहिले ल्याइएको कामपाका वातावरण विभागकी प्रमुख सरिता राईले जानकारी दिइन् । चालू आवमा सबै वडामा उक्त अध्यास कार्यान्वयनमा ल्याइने उनको भनाइ छ। वर्गीकरण गरी संकलन गरिएको फोहोरमात्र अन्तिम व्यवस्थापनस्थल बञ्चरेडाँडामा लागिने उनले उल्लेख गरिन् । रानीपोखरी,कमलपोखरी,हिटिपोखरी, गहनापोखरी, नागपोखरीलगायत विभिन्न १० ओटा पोखरीको नियमित सफाइ गरेर त्यहाँबाट उत्पादन भएको फोहोर त्यसै ठाउँमा जैविक मल बनाउने काममा पनि विभागको अग्रसरता रहेको छ । रत्नपार्क, रानीपोखरी, बालाजुपार्क, शंखपार्क, पुष्पलालपार्क र ४० ओटा सामुदायिक विद्यालयबाट उत्पादन भएको फोहोरबाट जैविक मल बनाउने कार्य प्रारम्भ भएको विभागकी प्रमुख राईले बताइन् ।

नियमित र आकस्मिक



**कामपाले यो योजना ल्याएको लामो समय भए पनि पूर्णअभ्यास गरी प्रभावकारी कार्यान्वयनमा अहिले ल्याइएको कामपाका वातावरण विभागकी प्रमुख सरिता राईले जानकारी दिइन् ।**

नदी सफाइ कार्यक्रमअन्तर्गत महानगरपालिका भएर बग्ने आठओटा नदी र नदी किनाराको सफाइका लागि गत कात्तिकदेखि एक सय २० जना सरसफाइकर्मी परिचालन गरिएको उनले बताइन् । उनीहरूले दैनिक २० देखि २५ मेट्रिक टन फोहोर संकलन गरिरहेको जानकारी उनले दिइन् ।

शहरको भूगोललाई ६ ओटा क्षेत्रमा बाँडेर क्षेत्रगत रूपमा फोहोरमैला संकलन र ढुवानीका लागि सार्वजनिक खरीद प्रक्रियाबाट बोलपत्रदाता आह्वान गरिएको छ । 'अहिले यसको मूल्यांकन भइरहेको छ,' राईले भनिन् ।

चालू आर्थिक वर्षका लागि वातावरण व्यवस्थापन विभागलाई रू. ६९ करोड ९३ लाख बजेट परेको छ। विभागका प्रमुख राईका अनुसार यसअन्तर्गत नियमित कार्यक्रममा ११ दशमलव २१, क्रमागततर्फ ११ दशमलव ७२ र स्वर्णिम योजनामा शून्य दशमलव ६३ प्रतिशत खर्च भएको छ। साथै कामपाले शहरलाई थप सफा राख्न खुला रूपमा फोहोरमैला बाल्न निषेध गरेको छ । कसैले खुला रूपमा फोहोर मैला बालेर वायु प्रदूषण गरे वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन तथा आर्थिक ऐन बमोजिम कारबाही गर्नेबारे कामपाले सूचनामा जारी गरिसकेको छ। कामपा क्षेत्रमा खुला रूपमा प्लास्टिकजन्य फोहोरमैला तथा अन्य फोहोर जलाउने जस्ता कार्यले वायु प्रदूषण वृद्धि हुने र जनस्वास्थ्यमा समेत प्रतिकूल असर पर्ने हुँदा यस्ता कार्यलाई प्रतिबन्ध लगाइएको कामपाले जनाएको छ। *रासस*

## ग्लोबल आइएमई बैंकको वार्षिकोत्सवमा वित्तीय साक्षरता कार्यक्रम

काठमाडौं (अस) । ग्लोबल आइएमई बैंक लिमिटेडले बैंकको १८औं वार्षिकोत्सवको अवसरमा बैंकको संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत देशका विभिन्न विद्यालयमा वित्तीय साक्षरतासम्बन्धी कार्यक्रम सञ्चालन गर्ने भएको छ । बैंक पुस १८ देखि १९औं वर्षमा प्रवेश गर्दैछ ।

१८औं वार्षिकोत्सवको अवसरमा बैंकले प्रत्येक प्रदेशका विभिन्न शैक्षिक संस्थामा अध्ययनरत विद्यार्थीलाई वित्तीय साक्षरतासम्बन्धी सचेतना कार्यक्रम गर्ने भएको छ। उक्त सचेतना कार्यक्रममा बैंकले आधारभूत बैंकिङ सेवा, डिजिटल/नवीनतम बैंकिङ सेवा, बैंकिङ विवरण सुरक्षित राख्ने उपाय लगायत विभिन्न बैंकिङ शिक्षाको बारेमा जानकारी प्रदान गर्ने भएको छ । बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत यस्ता किसिमका विभिन्न सामाजिक कार्यक्रमलाई निरन्तरता दिँदै आएको छ । बैंकले संस्थागत सामाजिक उत्तरदायित्वलाई ध्यानमा राखी सामाजिक कार्यमार्फत आम जनमानसलाई प्रत्यक्ष रूपमा लाभान्वित गर्दै आएको बताइएको छ ।

## सिटिजन्स बैंकद्वारा बाजुराका विद्यार्थीलाई न्यानो कपडा वितरण



काठमाडौं (अस) । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले बाजुराको हिमाली गाउँपालिका-१ बिच्छ्याँस्थित बिच्छ्याँ माध्यमिक विद्यालयका विद्यार्थीलाई न्यानो कपडा सहयोग प्रदान गरेको छ। विद्यालयमा अध्ययनरत अधिकांश विद्यार्थी विपन्न परिवारबाट रहेकाले जाडो मौसममा न्यानो कपडा खरीद गर्न कठिनाइ हुने भएकाले ती बालबालिकालाई न्यानो स्वेटर प्रदान गरिएको बताइएको छ । विद्यालयमा अयोजित एक कार्यक्रमबीच पूर्व प्राथमिक विद्यालय र कक्षा १ देखि कक्षा १० सम्म अध्ययनरत २११ विद्यार्थीलाई बैंकले स्वेटर प्रदान गरेको हो । विकट हिमाली भेगका न्यून आयआर्जन भएका परिवारका विद्यार्थीलाई जाडो महीनामा न्यानो स्वेटर उपलब्ध गराउँदा उनीहरूको पठनपाठनमा सहजता आउने विश्वास बैंकको छ । आगामी दिनमा पनि संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक जस्ता क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउन विभिन्न कार्यक्रम सञ्चालन गर्ने योजना रहेको बैंकले जानकारी दिएको छ ।

## चितवनमा लुम्बिनी सेरामिक्स टायल्सको डिलर

चितवन (अस) । लेमिनार टायल्सको उत्पादक लुम्बिनी सेरामिक्स लिमिटेडले आफ्नो पहिलो एक्स्क्लुसिभ डिलर चितवनको टाँडीमा सञ्चालनमा ल्याएको छ । रत्ननगर-३ शान्तिचोकस्थित जय गोरखाली टायल्स एण्ड मार्बल सप्लायर्सलाई डिलर नियुक्त गरी कम्पनीले डिलर सञ्चालन गरेको हो । शनिवार एक कार्यक्रमका बीच रत्ननगर उद्योग वाणिज्य संघका अध्यक्ष शंकर गिरी र लुम्बिनी सेरामिक्सका निर्देशक अभिनव चुरियालले सयुक्त रूपमा 'एम्पोरियो' श्रेणीअन्तर्गतको डिलर उद्घाटन गरेका हुन् । कम्पनीले आफ्ना उत्पादनलाई देशभर सहज रूपमा उपलब्ध गराउने उद्देश्यले सयभन्दा बढी डिलर र वितरकमार्फत विक्री वितरण गर्दै आएको बताइएको छ ।

## हिमालयन बैंकको स्थानान्तरित शाखा कोटेश्वरमा

काठमाडौं (अस) । हिमालयन बैंक लिमिटेडले सिभिल बैंकलाई प्राप्ति गरेपश्चात् नजिक भएका शाखा सञ्जालमध्ये नयाँ बानेश्वर शाखालाई स्थानान्तरण गरी काठमाडौं महानगरपालिका-३२, कोटेश्वरबाट बैंकिङ सेवा प्रदान गरेको छ । उक्त शाखाको उद्घाटन बैंकका नायव प्रमुख कार्यकारी अधिकृत अनुप मास्केले अन्य उच्चपदस्थ कर्मचारी तथा अतिथिको उपस्थितिमा गरेका थिए । हाल बैंकले १७४ शाखा, २० विस्तारित काउन्टर, २८२ एटीएम, ८ हजारभन्दा बढी पोस टर्मिनल्स र १५ हजारभन्दा बढी विप्रेषण भुक्तानी केन्द्रबाट आफ्ना ग्राहकलाई विभिन्न बैंकिङ सेवा प्रदान गर्दै आएको बताइएको छ ।



## ज्ञवाली नबिलमा सिनियर डिपुटी सीईओ

काठमाडौं (अस) । नबिल बैंकका उपप्रमुख कार्यकारी अधिकृतको कार्यरत मनोज ज्ञवालीको वरिष्ठ उपप्रमुख कार्यकारी अधिकृत (सिनियर डेपुटी सीईओ) मा बढुवा भएको छ ।

बैंक सञ्चालक समिति बैठकले ज्ञवालीलाई बढुवा गरेको हो । योसँगै नबिलमा २ जना सिनियर डेपुटी सीईओ भएका छन् । सुजित शाक्य पनि सिनियर डेपुटी सीईओमै कार्यरत छन् ।

यसअघि ज्योति विकास बैंकको सीईओ रहेका ज्ञवाली सन् २०२० मा नबिलमा नायब महाप्रबन्धकको रूपमा प्रवेश गरेका थिए । चार्टर्ड एकाउन्टेन्ट रहेका उनको बैंकिङ क्षेत्रमा दुई दशकको अनुभव छ ।



## सीएनएनको सूचीमा नेपाली पर्वतारोही पूर्णिमा श्रेष्ठ

काठमाडौं (अस) । विश्वप्रसिद्ध सञ्चार संस्था सीएनएनले नेपाली पर्वतारोही पूर्णिमा श्रेष्ठलाई सन् २०२४ का सफल खेलाडीहरूको सूचीमा समावेश गरेको छ । सीएनएनका अनुसार उनले दुई हप्ताभित्र तीनपटक सगरमाथाको आरोहण गरेर विश्व कीर्तिमान बनाउँदै इतिहास रचेकी छन्। यो उपलब्धि उनले केवल १३ दिनभित्र हासिल गरेकी हुन् । फोटोपत्रकार समेत रहेकी पूर्णिमाको यो सफलताले विश्वभर चर्चा पाएको छ ।

सन् २०२१ मा पनि उनले विश्वको सातौं अग्लो हिमाल माउन्ट धवलागिरि आरोहण गर्ने पहिलो नेपाली महिलाको कीर्तिमान राखेकी थिइन् । पूर्णिमाले सीएनएनको यो सम्मानप्रति गौरव महसूस गर्दै शनिवार साँझ सामाजिक सञ्जालमा लेखेकी छन्, 'सन् २०२४ मेरो जीवनको ऐतिहासिक वर्ष बन्यो । यसै वर्ष म एउटै आरोहण सिजनमा तीनपटक सगरमाथाको सफल आरोहण गर्ने संसारकै पहिलो र एकमात्र महिला बन्न सफल भएँ । यस यात्रामा मलाई साथ र हौसला दिने मेरो परिवार, साथीहरू र सबैलाई धन्यवाद । आउँदो वर्ष सन् २०२५ अझ नयाँ उचाइ र साहसिक यात्राको वर्ष बनोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।'



## 'स्थानीय स्रोतसाधनमा आधारित उद्यमशीलतामा जोड दिन आवश्यक'

पाटन (ललितपुर) । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले स्थानीय स्रोत र साधनमा आधारित उद्यमशीलतामार्फत रोजगारी वृद्धि गर्नुपर्नेमा जोड दिएका छन् । नेपाली उद्यम उत्पादनको बृहत् प्रदर्शनी तथा व्यापार मेला २०८१ को उद्घाटनका क्रममा उनले स्वदेशी उत्पादन बढाउने अभियान कार्यान्वयनमा लैजानुपर्ने आवश्यकता औंल्याए। 'नेपालको उत्पादन बढाउन राष्ट्रिय अभियानका साथ अगाडि बढ्नुपर्छ,' उनले भने ।

उनले सार्वजनिक निकायमा स्वदेशी वस्तु प्रयोगसम्बन्धी कार्यविधि, २०८१ पारित भई राजपत्रमा प्रकाशनको तयारीमा रहेको जानकारी दिँदै राजपत्रमा प्रकाशनलगत्तै कार्यान्वयनमा आउने समेत बताए ।

'मेक इन नेपाल र मेड इन नेपाल सरकारको प्राथमिकतामा छ, सरकारले दिने पोशाक भत्ताबाट नेपाली उत्पादनको उपयोग हुने नीति लिइएको छ,' उनले भने, 'स्टार्टअप नीति गत वर्षदेखि लागू भएको छ, यस वर्ष नवीन सोचमा आधारित रहेर पेस भएका अवधारणालाई रु एक अर्ब न्यूनतम ब्याजदरमा लगानी गर्ने तयारी अन्तिम तयारी छ ।' उनले स्वदेशी वस्तु प्रयोगसम्बन्धी कार्यविधि लागू हुँदा धेरै क्षेत्रमा रोजगारी सृजना गर्न सकिने धारणा राखे ।

मन्त्री भण्डारीले १० दिनसम्म सञ्चालन हुने मेलाले 'मेरो देश मेरो उत्पादन'को सान्दर्भिकतालाई टेवा पुऱ्याउने विश्वास व्यक्त गरे । उनले मेलामार्फत उत्पादनको बजारीकरण भई आर्थिक लाभ हासिल हुनुका साथै रोजगारीको सृजना हुने र घरेलु तथा साना उद्योगको प्रवर्द्धन हुने विश्वास व्यक्त गरे ।

बागमती प्रदेशसभाका उपसभामुख अप्सरा चापागाईंले उद्यमी घरको यो प्रयत्न साना तथा घरेलु उद्योगका लागि महत्त्वपूर्ण भएको बताइन् । उनले यस्ता मेलालाई देशव्यापी रूपमा विकास र विस्तार गर्नुपर्नेमा जोड दिइन् ।

नेपाल हस्तकला महासंघका अध्यक्ष प्रचण्ड शाक्यले पैंतीसौं कला नगरीमा भएको साना तथा घरेलु उत्पादनको यो मेला ठूलो काम भएको बताए । उनले स्वदेशी उत्पादन प्रोत्साहन गर्न मन्त्रालयले बनाएको निर्देशिकाले आर्थिक समृद्धि हासिलका लागि उल्लेख्य काम गर्ने विश्वास व्यक्त गरे ।

नेपाल घरेलु तथा साना उद्योग महासंघका अध्यक्ष उमेशप्रसाद सिंहले एकै ठाउँमा नेपालभरका उत्पादन स्वदेशी तथा विदेशी ग्राहकलाई उपलब्ध गराउने काम गरेकामा उद्यमी घरलाई आभार व्यक्त गरे । *रासस*

## विकासका कामलाई गति दिएका छौं : मुख्यमन्त्री पाण्डे



बागलुङ । गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सरकारले स्रोतसाधन सीमित हुँदाहुँदै पनि दूरदराजसम्म विकास निर्माणलाई गति दिएको बताएका छन् । तमानखोला गाउँपालिका-१ बोङ्गादोभानमा मोटरेबल पुल उद्घाटन गर्दै उनले प्रदेश सरकारले विकास नभएका ठाउँलाई प्राथमिकतामा राखेर काम गरिरहेकाले दूरदराजमा पनि विकास सम्भव भएको बताए । शनिवार उद्घाटन गरिएको उक्त पुल विसं २०७७ मा निर्माण शुरू भई गत महिना सम्पन्न भएको थियो ।

मुख्यमन्त्री पाण्डेले विकासको मुख्य आधार सडक पहुँच रहेकाले विकट क्षेत्रका बस्तीसम्म सडकको पहुँच पुऱ्याउने काम भइरहेको उल्लेख गरे । उनले भने, 'सबैतिर एकैपटक विकास गर्न सम्भव हुँदैन, क्रमिक रूपमा विकास हुँदै जाने हो, पछिल्लो एक दशकमा धेरै विकास भएको छ, सडकले नागरिकको जनजीवनमा परिवर्तन ल्याएको छ ।'

बोङ्गादोभानमा पुल बनेपछि साना तथा ठूला सवारीसाधन सञ्चालन गर्न मिल्ने भएको छ । रू. दुई करोड ७१ लाख २७ हजार नौ सय ६४ मा लागतमा पुल निर्माण भएपछि पुल तमानखोला गाउँपालिकाको केन्द्र बोङ्गादोभान बजारदेखि नर्जाखानी, तमान, स्याउला, खुङ्खानी, थास्पुरी लगाएका गाउँमा पुग्न सहज भएको छ । *रासस*

# धान खेत मासेर कागतीखेतीमा रमाउँदै किसान

देउखुरी (दाङ) । धानले झुल्ने खेत यतिबेला लटरम्म कागतीदाना पहेंलै भएका छन् । बिरुवाले रोपेको दुई वर्षमा फल दिन थालेपछि किसानको मुहारमा खुसी छाएको छ । घोराही उपमहानगरपालिका-६ बचाहाका भीमप्रसाद खनालले व्यावसायिक रूपमा कागतीखेती गरेका छन् । विष्णुदेवी बहुउद्देश्यीय कृषि तथा पशुपन्छी फर्मको नामको फर्म दर्ता गरेर व्यावसायिक कागती खेती गरेको उनले बताए ।

उनले आफ्नो १२ कठ्ठा जमीनमा पाँच वर्ष अघि रोपेका सुन कागतीले रोपेको दोस्रो वर्षदेखि फल दिन थालेका छन् । उनले फार्म रहेको जमिनमा तारजाली लगाएका छन् । बिरुवा र तारबार गर्दा ८ लाख लगानी लागेको उनले बताए । 'सिँचाइ सुविधा नभएकाले धानखेती गर्न साह्रै गाह्रो भयो, मेहनतअनुसारको उत्पादन भएन,' उनले भने, 'त्यसैले धानखेत मासेर कागती लगाएको हुँ ।' उनको बारीमा अहिले लटरम्म कागती फलेर पाकेका छन् ।

'कागतीलाई बजारको समस्या छैन, समयमा बीउमल नपाइएला कि भन्ने पनि छैन,' उनले भने, 'कम मेहनत र थोरै लगानीमा बजार पनि राम्रो छ ।' उनले दुई सय ६५ कागतीका बोटबाट वार्षिक पाँच लाखसम्म आम्दानी हुने गरेको बताए। बाँकी खेतमा तिहारका लागि रोपेको फूल विक्री गरेर ७० हजार आम्दानी गरेको उनले बताए । उत्पादन भएको कागती घोराही बजारमा विक्री हुने गरेको छ । फुटकर किलोमा एक सय रुपैयाँ र थोकमा चार सय रुपैयाँमा पाँच किलो विक्री हुने गरेको उनले बताए । दैनिक ५० किलो विक्री गर्ने गरेको उनको भनाइ छ ।



**कृषि ज्ञान केन्द्र दाङका अनुसार दाङमा व्यावसायिक रूपमा कागतीखेती गर्ने किसानको संख्या बर्सेनि बढ्दै गएको छ । कुनैबेला घरायसी प्रयोजनका लागि दुई/चार बोट लगाउनेहरूले अहिले व्यावसायिक रूपमा कागतीखेती गर्न थालेका छन् ।**

कागती फलेको समयमा सस्तो मूल्यमा विक्री गर्नुपर्ने बाध्यता रहेकाले कागती भण्डारणका लागि चिस्यान केन्द्र भएमा सजिलो हुने उनको भनाइ छ । स्थानीय, प्रदेश सरकारले चिस्यान केन्द्रका लागि सहयोग गर्न पनि आग्रह गरेका छन् । पाकेको कागती लामो समयसम्म घरमा राख्न नसकिने र नजिकमा चिस्यान केन्द्र नहुँदा व्यापारीले भनेको मूल्यमा विक्री गर्नुपर्ने बाध्यता रहेको उनले बताए ।

कृषि ज्ञान केन्द्र दाङका अनुसार दाङमा व्यावसायिक रूपमा कागतीखेती गर्ने किसानको संख्या बर्सेनि बढ्दै गएको छ । कुनैबेला घरायसी प्रयोजनका लागि दुई/चार बोट लगाउनेहरूले अहिले व्यावसायिक रूपमा कागतीखेती गर्न थालेका छन् । तीन वर्षअघि ५० हेक्टर क्षेत्रफलमा कागतीखेती गरिँदै आएको थियो, अहिले २९१ हेक्टरमा कागतीखेती हुने गरेको छ ।

ज्ञान केन्द्रका कृषि अर्थ विज्ञ तथा सूचना अधिकारी पृथ्वीराज लामिछानेका अनुसार अहिले ११० हेक्टरमा वार्षिक ५६० मेट्रिकटन कागती उत्पादन भइरहेको छ । सुन कागतीले रोपेको दुई वर्षभित्रमा आम्दानी दिन थालेपछि व्यावसायिक रूपमा खेती गर्नेको सङ्ख्या बढ्दै गएको उनले बताए ।

बजारमा कागतीको माग दैनिक बढ्दै गएपछि पछिल्लो समय जिल्लामा कागती खेतीलाई नगदेबालीका रूपमा समेत किसानले लिन थालेका छन् । पछिल्लो समय धेरै किसान व्यावसायिक कागती खेतीमा लागेको उनी बताउँछन् । सूचना अधिकारी लामिछानेले भने, 'अन्य बालीको तुलनामा कम लगानी र मेहनतबाटै राम्रो आम्दानी लिन सकिने र विक्रीका लागि बजारको पनि समस्या नहुँदा धेरै जना किसान कागतीखेतीप्रति आकर्षण बढेको छ ।' *रासस*

## उत्पादन नहुँदा हेटौंडा सिमेन्टमा आर्थिक संकट




हेटौंडा । उपकरण बिग्रिएर थन्किएपछि उत्पादन बन्द भएको हेटौंडा सिमेन्ट उद्योग आर्थिक संकटमा परेको छ । गत असोज १५ गतेदेखि उत्पादन बन्द हुँदा आर्थिक समस्या बढेको हो । उत्पादन ठप्प भए पनि प्रशासनिक खर्च, कर्मचारीको तलबभत्ता, इन्धन खर्च बढिरहेको उद्योगको उच्च व्यवस्थापनले स्वीकार गरेको छ ।

आर्थिक संकटका कारण लामो समयदेखि बन्द रहेको उद्योगबाट उपकरण मर्मत हुनेबित्तिकै उत्पादन थाल्नेगरी तयारी भइरहेको उद्योग व्यवस्थापन समितिका अध्यक्ष नरेन्द्र भण्डारीले बताए । उपकरण मर्मत गर्न भारतबाट प्राविधिक ल्याउनुपर्ने भएकाले मर्मतमा समय लागेको हो ।

उद्योगसँग कच्चा पदार्थ पर्याप्त छ । 'हामीसँगै कच्चा पदार्थको अभाव छैन,' अध्यक्ष भण्डारीले भने, 'उद्योगलाई चाहिने चार सय मेट्रिक टन कोइला मौज्दात छ ।' आर्थिक अभावका कारण यसअघि पनि दुई महीना उद्योग बन्द भएको थियो । गत भदौको तेस्रो सातादेखि उत्पादन शुरू गरेको उद्योगले त्यस अवधिमा ६५ हजार बोरा सिमेन्ट उत्पादन गरेको थियो । *रासस*

## एमएडब्लु वृद्धिलाई चांगानको ‘सांग्रिला न्यू इनर्जी नीति अवार्ड’



काठमाडौं (अस) । नेपालका लागि चांगान तथा दिपलका फ्युचरिस्टिक ईभीको आधिकारिक आयातकर्ता एमएडब्लु वृद्धि अटोकर्प चांगानको प्रतिष्ठित ‘सांग्रिला न्यू इनर्जी नीति’ अवार्डबाट सम्मानित भएको छ । विद्युतीय सवारीसाधनको विस्तारमा अद्वितीय योगदान पुर्‍याउनुका साथै नेपाली अटोमोबाइल बजारमा महत्त्वपूर्ण भूमिका निर्वाह गरिएको भन्दै दोस्रो ठूलो चिनियाँ अटोमोबाइल समूह चांगानले एमएडब्लु वृद्धिलाई यो अवार्डले सम्मान गरेको बताइएको छ ।

एमएडब्लु वृद्धिका अध्यक्ष विष्णुकुमार अग्रवाललाई चांगानको हेडक्वार्टर चीनको चोङकिङ प्रान्तमा जारी ‘चांगान ग्लोबल पार्टनर्स कन्फिरेन्स’मा यो अवार्ड हस्तान्तरण गरेको बताइएको छ । हरित र स्मार्ट भविष्यको विकास गर्दै दीर्घकालीन गतिशीलतामा एमएडब्लु वृद्धिको प्रतिबद्धता र नेपालमा ईभीको सफल प्रवर्द्धनलाई ध्यानमा राखी यो अवार्ड दिइएको चांगान ग्लोबलले जानकारी दिएको छ ।

‘यो सम्मानले हाम्रा ग्राहक र साझेदारको विश्वास र साथलाई प्रतिनिधित्व गर्छ,’ अवार्ड ग्रहण गरेपछि एमएडब्लु वृद्धिका अध्यक्ष अग्रवालले भने, ‘हामी सफल र सुधारिएको भविष्यका लागि नेपालमा अत्याधुनिक विद्युतीय सवारीसाधन र दीर्घकालीन समाधान ल्याउन प्रतिबद्ध रहनेछौं ।’

## निरजलाई सूर्य नेपाल इस्टर्न ओपनको उपाधि




काठमाडौं (अस) । धरानका निरज तामाङले कुलस्कोरको रेकर्ड बराबरी गर्दै सूर्य नेपाल गल्फ टुर २०२४-२५ अन्तर्गत तेस्रो प्रतियोगिता सूर्य नेपाल इस्टर्न ओपनको उपाधि जितेका छन् । उनले १७ अन्डर १९३ को स्कोरसहित करियरको दोस्रो उपाधि जितेका छन् । उपाधिसँगै निरजले १ लाख ५० हजार प्राप्त गरेका छन् । पार ७० को धरान गल्फ क्लबमा ७ अन्डर २०३ स्कोरसहित विष्णुप्रसाद शर्मा दोस्रो भए । उनले नगद १ लाख रुपैयाँ प्राप्त गरेका छन् । प्रतियोगितामा धरानका बलभद्र राईले ३ अन्डर २०७ सहित तेस्रो हुँदै ७५ हजार रुपैयाँ प्राप्त गरेका छन् ।

भुवन नगरकोटी र रवि खड्का २ अन्डर २०८ सहित चौथो स्थानमा रहे । उनीहरूले जनही ५५ हजार रुपैयाँ प्राप्त गरेका छन् । त्यस्तै धनबहादुर थापा र भुवनकुमार रोक्का छैटौं हुँदै जनही ४४ हजार रुपैयाँ प्राप्त गरेका छन् । समग्रमा १ ओभर २११ स्कोर बनाएका रामे मगर आठौं भई ३८ हजार रुपैयाँ प्राप्त गरेका छन् । प्रतियोगितामा टंकबहादुर कार्की र सञ्जय लामा नवौं स्थानमा रही जनही ३३ हजार ५०० रुपैयाँ प्राप्त गरेका छन् । प्रतियोगिताका विजयी खेलाडीलाई सूर्य नेपाल प्रालिका डेपुटी जनरल म्यानेजर केशव प्रधान र नेपाल गल्फ संघका उपाध्यक्ष तिलक राईले पुरस्कार वितरण गरेका थिए । ५४ होलको प्रतियोगितामा कुल ८ लाख ८२ हजार रुपैयाँ नगद पुरस्कार राशी रहेको थियो ।

## यामाहा ब्लू स्ट्रिक्सका च्याप्टर लिडरलाई रोड मार्शल प्रशिक्षण



काठमाडौं (अस) । ब्लू स्ट्रिक्स च्याप्टर लिडर अनबोर्डिङ इभेन्टपछि यामाहाले आफ्नो वितरक एमएडब्लू राइड्समार्फत आफ्ना च्याप्टर लिडरका लागि आधारभूत रोड मार्शल तालीमको आयोजना गरेको छ । यो तालीम यामाहा ब्लू स्ट्रिक्सका लिडरलाई सुरक्षित र व्यवस्थित टुरिङ र सामूहिक सवारीको नेतृत्व गर्न आवश्यक शीप प्रदान गर्ने महत्त्वपूर्ण कदमको रूपमा रहेको कम्पनीको भनाइ छ ।

तालीम सडक सुरक्षा, सामूहिक सवारी व्यवस्थापन र प्रभावकारी सञ्चारका आधारभूत विषयमा केन्द्रित थियो । सत्रले यामाहाको राइडर समुदायमा जिम्मेवारी र सुरक्षाको संस्कृतिलाई बढावा दिँदै सहज र सुरक्षित सवारी सुनिश्चित गर्न व्यावहारिक अन्तरर्दष्टि समेत प्रदान गरेको कम्पनीको विश्वास छ । अन्तरक्रियात्मक मोड्युल र वास्तविकतामा आधारित परिदृश्यमार्फत यामाहा राइड-आउट कार्यक्रम र सामुदायिक सवारी दुवै सहज र दुर्घटनारहित बनाउन यी लिडरलाई रोड मार्शलको भूमिका निर्वाह गर्न सशक्त बनाउने प्रशिक्षणको उद्देश्य रहेको बताइएको छ । एमएडब्लू राइड्सका कार्यकारी निर्देशक र प्रमुख कार्यकारी अधिकृत दीपककुमार अग्रवालले नेतृत्व मार्गदर्शन मात्र नभई जिम्मेवारी पनि भएको बताए । ‘हाम्रा ब्लू स्ट्रिक्स लिडरलाई ज्ञान र शीपद्वारा सशक्त बनाउने यामाहाको प्रतिबद्धता अनुरूप यो तालीम सञ्चालन गरिएको हो,’ उनले भने ।

### ब्रह्म ज्योति होल्डिङस् लिमिटेड

कोटेश्वर ३२, काठमाडौं
**फोन नं.:** ०१-५९२२८९५

### वार्षिक साधारणसभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८१/०९/१५)**

यस ब्रह्म ज्योति होल्डिङस् लिमिटेड कम्पनीको २०८१ पौष ७, गते बसेको संचालक समितिको निर्णयानुसार अ.वा.२०८०/८१ को वार्षिक साधारणसभा निम्न मिति, स्थान र समयमा निम्न विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

**सभा हुने मिति, समय र स्थान**

**मिति** : २०८१/१०/०७
**समय** : अपरान्ह ३:४५ बजे ।
**स्थान** : कम्पनीको प्रधान कार्यालय कोटेश्वर ३२, काठमाडौं ।

**छलफलको प्रस्तावहरु:**

१. संचालक समितिको नियुक्ति र पारिश्रमिक निर्धारण ।
२. विविध ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**
**जीवन न्यौपाने**

## तपसिलमा उल्लेखित क्रेडिट कार्ड होल्डरहरुको नाममा जारी ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सुचना

**(प्रकाशित मिति : २०८१/०९/१५)**

तपसिलमा उल्लेखित क्रेडिट कार्ड होल्डरहरुले यस बैंकबाट प्राप्त गरेको क्रेडिट कार्ड उपयोग गरेवापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज आदी रकम तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तारताकेता गर्दा समेत नतिरी बैंकमा सम्पर्क समेत नगर्नु भएको हुँदा निज कार्ड होल्डरहरुको नाममा बक्यौता रकम यथाशिघ्र चुक्ता भुक्तान गर्नुहुन यो सुचना जारी गरिएकोछ ।
अतः यो सुचना प्रकाशित भएको मितिले **३५ (पैतिस)** दिनभित्र यस बैंकको कर्जा असुली विभागमा सम्पर्क राखि प्राप्त सुविधा वापत बैंकलाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज आदी अभिलम्ब चुक्ता भुक्तान गर्नुहोला । अन्यथा, तपाईहरुको नाम बैंक नियम अनुसार **कालो सुची**मा सुचिकृत गरि तथा अन्य आवश्यक कानुनी कारवाही गरि बैंकको लेना रकम असुल उपर गरिनेछ ।

| | | |
|---|---|---|
| १. नामः ज्वती कुमार रेग्मी<br>बाबुः नवराज रेग्मी<br>बाजेः भवानी प्रसाद जैसी<br>नागरिकता नं.: ८०५६७ - सुर्खेत<br>स्थायी ठेगानाः मैनतडा-०३, सुर्खेत<br>कार्यालयको नामः रेडिसन होटल - लाजिम्पाट , काठमाडौं | २. नामः सौभाग्य कुमारी श्रेष्ठ<br>बाबुः गोविन्द प्रसाद श्रेष्ठ<br>आमाः लक्ष्मी श्रेष्ठ<br>बाजेः नर बहादुर श्रेष्ठ<br>पतीः रोशन जोशी<br>नागरिकता नं.: ४००६६- पर्वत<br>स्थायी ठेगानाः शिवालय-०७, पर्वत<br>कार्यालयको नामः सौभाग्य फेसन हाउस - महाबौद्ध-२२, काठमाडौं | ३. नामः टंक आङबुहाङ्ग (लिम्बू)<br>बाबुः पदम ध्वोज आङबुहाङ्ग ( लिम्बु)<br>आमाः कान्छीमाया आङबुहाङ्ग ( लिम्बू))<br>बाजेः हर्क मान आङबुहाङ्ग (लिम्बु)<br>पत्नीः शीला आङबुहाङ्ग (लिम्बु)<br>नागरिकता नं.: २७१०६०/७६८-काठमाडौं<br>स्थायी ठेगानाः चांगे -२, ताप्लेजुङ्ग<br>कार्यालयको नामः रौतह कन्सट्रकसन प्रा.लि. - त्रियुगा-२, उदयपुर |
| ४. नामः प्रविण विक्रम शाही<br>बाबुः ध्वज बहादुर शाही<br>आमाः सिता देवी शाही<br>बाजेः दल बहादुर शाही<br>नागरिकता नं.: ५७०/३७९१- कैलाली<br>स्थायी ठेगानाः कोटा तुल्सीपुर-३, कैलाली<br>कार्यालयको नामः हिमाल डाफे लजिस्टिक्स प्रा.लि. - सिनामंगल-९, काठमाडौं | ५. नामः समिन्द्र थापा<br>बाबुः प्रकाश सिंह थापा क्षेत्री<br>आमाः ग्यानु थापा<br>बाजेः कृष्ण बहादुर थापा<br>पत्नीः सजना बिष्ट<br>नागरिकता नं.: ४७८१७- मोरङ<br>स्थायी ठेगानाः विराटनगर-१२, मोरङ | ६. नामः सरिना ताम्राकार<br>बाबुः मोहन दास ताम्राकार<br>बाजेःमंगल दास ताम्राकार<br>पतीः सुरेश ताम्राकार<br>नागरिकता नं.: २/३७७- ललितपुर<br>स्थायी ठेगानाः ललितपुर-१२, ललितपुर<br>कार्यालयको नामः शुभम ट्रेडर्स- मल्लचोक-१३, ललितपुर |
| ७. नामः सजेश ताम्राकार<br>बाबुः सुरेश ताम्राकार<br>आमाः सरिना ताम्राकार<br>बाजेः द्वारिका मान ताम्राकार<br>नागरिकता नं.: २७१०६०/१०८०२३/४२४३८- काठमाडौं<br>स्थायी ठेगानाः काठमाडौं-२७ काठमाडौं<br>कार्यालयको नामः एम.यु.ए. हाउस- झम्सिखेल-३, ललितपुर | ८. नामः साक्षी श्रीवास्तव<br>बाबुः आशिष श्रीवास्तव<br>आमाः विनिता कर्ण<br>बाजेः आदित्य नारायण श्रीवास्तव<br>नागरिकता नं.: ०५-०१-७३-११३०८- मोरङ्ग<br>स्थायी ठेगानाः विराटनगर-७, मोरङ्ग<br>कार्यालयको नामः क्युबिक मिटर प्रा.लि.- टेकु-११, काठमाडौं | ९.नामः अनिल कुमार महासेठ<br>बाबुः राज कुमार साह सुडी<br>बाजेः हजारी साहु सुडी<br>पत्नीः मनिता महासेठ<br>नागरिकता नं.: ६६५०/६३- सिराहा<br>स्थायी ठेगानाः सिरहा -२, सिराहा<br>कार्यालयको नामः शिव शम्भु ईन्टरप्राईजेज - अस्पताल चोक -७, सिराहा |
| १०. नामः अनिल रिजाल<br>बाबुः कृष्ण बहादुर विश्वकर्मा<br>बाजेः दल बहादुर विश्वकर्मा<br>पत्नीः शुरासा रिजाल<br>नागरिकता नं.: २९९५९- दोलखा<br>स्थायी ठेगानाः भीमेश्वर-१०, दोलखा<br>कार्यालयको नामः सुजक एण्ड साया सुन चादी गहना गृह- भीमेश्वर-६, दोलखा | ११. नामः धिरेन प्रधान<br>बाबुः मोती लाल प्रधान<br>आमाः पदम कुमारी प्रधान<br>बाजेः काली बहादुर प्रधान<br>नागरिकता नं.: ०३-१-०४५-८८३७८- ईलाम<br>स्थायी ठेगानाः नामसालिङ्ग-३, इलाम<br>कार्यालयको नामः प्रिमियर इन्स्योरेन्स कम्पनी नेपाल लि.- नक्साल, काठमाडौं | १२. नामः हिमांशु शेखर<br>बाबुः चन्द्र शेखर<br>आमाः आशा शेखर<br>बाजेः केदार ठाकुर<br>पत्नीः शारधा विश्वकर्मा<br>नागरिकता नं.: ३२-१-७०/९२७-रौतहट<br>स्थायी ठेगानाः कटहरिया-०८, रौतहट<br>कार्यालयको नामः नेपाल इण्डो हस्पिटल एण्ड आई सेन्टर प्रा.लि.- विरगन्ज-१६, पर्सा |
| १३. नामः जितेन्द्र यादव<br>बाबुः मोहन यादव<br>आमाः राधा यादव<br>बाजेः गरीब दास यादव<br>पत्नीः पुजा कुमारी यादव<br>नागरिकता नं.: ६/५६८७ - मोरङ्ग<br>स्थायी ठेगानाः टंकीसिनवारी-०३, मोरङ्ग<br>कार्यालयको नामः युनिभरसल फर्मुलेशन्स प्रा.ली. सियारी-०१, रुपन्देही, नेपाल | १४.नामः अन्जुम गुरुङ<br>बाबुः मोहन बहादुर गुरुङ<br>आमाः माला गुरुङ<br>बाजेः कुन्दन गुरुङ<br>नागरिकता नं.:४६१००१/१७६६४-कास्की<br>स्थायी ठेगानाः पोखरा-०१, कास्की | १५. नामः राजेन्द्र ढकाल<br>बाबुः धन बहादुर ढकाल<br>आमाः उडिमाया ढकाल<br>बाजेः मन बहादुर ढकाल<br>पत्नीः ग्रिष्मा क्वार<br>नागरिकता नं.: ५३५४८- कास्की<br>स्थायी ठेगानाः सराङ्कोट-८, कास्की<br>कार्यालयको नामः ग्लेशियर होटल एण्ड स्पा- पोखरा-६, कास्की |
| १६. नामः राकेश राना<br>बाबुः गोविन्द राना<br>आमाः माया राना<br>बाजेः बाबुराम राना<br>नागरिकता नं.: ६७१०२०/४८६३- कैलाली<br>स्थायी ठेगानाः धनगढी-१०, कैलाली<br>कार्यालयको नामः फेरर हेयर रिप्लेसमेन्ट नेपाल - त्रिपुरेश्वर, काठामाडौं | १७. नामः रमेश कुमार देउला<br>बाबुः विष्णु बहादुर देउला<br>आमाः तुलशी देउला<br>बाजेः गुरुन्चा देउला<br>पत्नीः रितु कुमारी देउला<br>नागरिकता नं.: ५२/३४२८६- मकवानपुर<br>स्थायी ठेगानाः हेटौंडा-४, मकवानपुर | १८. नामः राशिद खाँ<br>बाबुः ईवरार हुसेन खाँ<br>आमाः विल्किस जोहरा<br>बाजेः मोहम्मद उमर<br>पत्नीः नजिया खातुन<br>नागरिकता नं.: ०४६६४६- चितवन<br>स्थायी ठेगानाः पार्वतीपुर-४, चितवन |
| १९. नामः सन्तोष कुमार ठाकुर<br>बाबुः कृष्ण कुमार ठाकुर<br>आमाः गंभिरा देवी<br>बाजेः चन्देश्वर ठाकुर<br>नागरिकता नं.:१७१०९२/१५२ -धनुषा<br>स्थायी ठेगानाः दिगम्बरपुर-०८, धनुषा | २०. नामः अजय सोनार<br>बाबुः बिद्या सा सोनार<br>आमाः मिना देवी<br>बाजेः महादेव साह<br>पत्नीः पूजा कुमारी सरफ<br>नागरिकता नं.: ३४१०२२/६१०१-पर्सा<br>स्थायी ठेगानाः वीरगंज-१४,पर्सा<br>कार्यालयको नामः नेशनल हेल्थकेएर प्रा.ली - श्रिपुर, विरगंज | २१. नामः अमृता पौडेल<br>बाबुः मिन प्रसाद पौडेल<br>आमाः माया पौडेल<br>बाजेः पृथ्वी नारायण पौडेल<br>पतीः स्वरान्श थापा<br>नागरिकता नं.: २५१००१/१३०२- नुवाकोट<br>स्थायी ठेगानाः विदुर -८, नुवाकोट<br>कार्यालयको नामः वाथ एण्ड सेनेटरी हाउस प्रा.लि. - तारकेश्वर-११, काठमाडौं |
| २२. नामः विकास देउजा<br>बाबुः कृष्ण देउजा क्षेत्री<br>बाजेः प्रभुराम देउजा<br>पत्नीः पुजा थापा<br>नागरिकता नं.: ३०४७९/०६२/६३- सुनसरी<br>स्थायी ठेगानाः बराहक्षेत्र-६, सुनसरी<br>कार्यालयको नामः जल तथा मौसम विज्ञान कार्यालय- विराटनगर, मोरंग | २३. नामः विष्णु बहादुर माझी<br>बाबुः धन बहादुर माझी<br>बाजेः आसा राम माझी<br>पत्नीः सविना कुशवाल<br>नागरिकता नं.: ७११००७८९ - सर्लाही<br>स्थायी ठेगानाः पथ्थरकोट-९, सर्लाही<br>कार्यालयको नामः नेपाल आएल निगम लि.- टेकु, काठमाडौं | २४. नामः बुध्द पाँचकोटी<br>बाबुः हस्त बहादुर पाँचकोटी<br>आमाः चन्द्र माया पाँचकोटी<br>बाजेः लक्ष्मण पाँचकोटी<br>पतीः गणेश श्रेष्ठ<br>नागरिकता नं.: २३१११५१७०- झापा<br>स्थायी ठेगानाः दमक-११, झापा<br>कार्यालयको नामः प्रिसियस इन्टरनेशनल प्रा.लि.- समाखुशी-२९, काठमाडौं |
| २५. नामः खड्क टमोटा<br>बाबुः जयराम टमोटा<br>आमाः अम्पुरा टमोटा<br>बाजेः मणिक टमोटा<br>पत्नीः सुनिता बि.क<br>नागरिकता नं.: ४७८/२१२६- कालीकोट<br>स्थायी ठेगानाः नानीकोट- ०४, कालीकोट<br>कार्यालयको नामः तुलसीपुर उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय- तुलसीपुर, दाङ्ग | २६. नामः कृष्ण कुमार सुनचौरी<br>बाबुः दुर्गा बहादुर सुनार<br>बाजेः रुद्र बहादुर सुनार<br>पत्नीः गीता सुनचौरी<br>नागरिकता नं.: ४०४३६- कास्की<br>स्थायी ठेगानाः पोखरा-०५, कास्की<br>कार्यालयको नामः गीताञ्जली ज्वेलर्स -मालेपाटन-०५, पोखरा | २७. नामः मनीष सेढाई<br>बाबुः मदन प्रसाद सेढाई<br>आमाः भवानी सेढाई<br>बाजेः कृष्ण शंकर सेढाई<br>पत्नीः सुस्मीता ओली सेढाई<br>नागरिकता नं.: ६६१०१९/१०७८- बाँके<br>स्थायी ठेगानाः नेपालगंज -१३, बाँके<br>कार्यालयको नामः नेपाल ईन्भेष्टमेन्ट मेगा बैंक नेपाल लि. - लमही, दाङ् |
| २८. नामः मुकेश कुमार गुप्ता<br>बाबुः रामेश्वर साह कलवार<br>आमाः रिता देवी<br>बाजेः लक्ष्मण साह<br>पत्नीः सिमा देवी गुप्ता<br>नागरिकता नं.: ३४१०७५/९२- पर्सा<br>स्थायी ठेगानाः श्रीसिया खल्वाटोला-४, पर्सा<br>कार्यालयको नामः न्यु दुर्गा ईन्टरप्राईजेज - गढीमाई -७, जितपुर, बारा | २९. नामः फूल प्रसाद चौरसिया<br>बाबुः नथूनी प्रसाद चौरसिया<br>आमाः लक्ष्मीनिया देवी<br>बाजेः राम चिलीटार राउत<br>पत्नीः रुबी कुमारी<br>नागरिकता नं.: ३०२५३३८०- महोत्तरी<br>स्थायी ठेगानाः एकडारा-०४,महोत्तरी कार्यालयको नामः श्री वैद्यनाथ देवनारायण जनता उच्च माध्यमिक विद्यालय - तुलसियाही, धनुषा | ३०. नामः सुदिप रेग्मी<br>बाबुः गगां बहादुर रेग्मी<br>आमाः पार्वती रेग्मी<br>बाजेः धन बहादुर रेग्मी<br>नागरिकता नं.: ४४१०१३/८२३- गोरखा<br>स्थायी ठेगानाः घ्यालचोक-०९,गोरखा<br>कार्यालयको नामः प्रशंसा कस्मेटिक एण्ड फेन्सी सप लेडिज एण्ड जेन्स- गोकर्णेश्वर-०१, काठमाण्डौं |
| ३१. नामः उमेश रेग्मी<br>बाबुः विष्णुप्रसाद रेग्मी<br>आमाः राधा रेग्मी<br>बाजेः भव कृष्ण रेग्मी<br>नागरिकता नं.: ७४३५०- उदयपुर<br>स्थायी ठेगानाः त्रियुगा-०७, उदयपुर<br>कार्यालयको नामः भि.जी इम्पेक्स प्रा.लि. थापाथली, काठमाडौं | ३२. नामः विनोद कुमार राणा<br>बाबुः हरि शम्सेर ज.ब.रा<br>बाजेः जुद्ध शम्सेर ज.ब.रा<br>पत्नीः सरोज राणा<br>नागरिकता नं.: १६०३१६७०३-पर्सा<br>स्थायी ठेगानाः वीरगंज-१०, पर्सा<br>कार्यालयको नामः अंशु टेंड लिंक- बिर्ता-०४, वीरगंज | ३३. नामः अजय खतिवडा<br>बाबुः विचारी खतिवडा<br>आमाः मन्जु खतिवडा<br>बाजेः पिताम्बर खतिवडा<br>पत्नीः प्रकृति उप्रेती<br>नागरिकता नं.: ३०१०१८/१७९२९४ काभ्रे<br>स्थायी ठेगानाः गैरी विसौना देउपुर-६, काभ्रे<br>कार्यालयको नामः विश्वकर्मा ईन्टरप्राइजेज प्रा.लि- कपन-०३, काठमाडौं |
| ३४. नामः अमित कुमार चौरसिया<br>बाबुः सुरेश प्रसाद<br>आमाः ललिता देवी<br>बाजेः विन्ध्याचल राउत<br>पत्नीः सोभा चौरसिया<br>नागरिकता नं.: १३५९३२५९- पर्सा<br>स्थायी ठेगानाः भेडिहारी-२, पर्सा<br>कार्यालयको नामः कालिकामाई गाउा कार्यपालिकाको कार्यालय- मुड्ली, पर्सा | ३५.नामः अनिल साह<br>बाबुः विद्यानन्द साह<br>बाजेः रामजी साह<br>नागरिकता नं.: ०६१०१५/१५८७७४-सुनसरी<br>स्थायी ठेगानाः छिटाहा-०५, सुनसरी<br>कार्यालयको नामः शिव शक्ति ट्रेडिङ्ग - विराटनगर-०५, मोरङ | ३६. नामः हरि बहादुर चन्द<br>बाबुः तुल बहादुर चन्द<br>बाजेः बहादुर चन्द<br>पत्नीः फेलुमाया जिरेल<br>नागरिकता नं.: २८१(०१८)/३३८-रुकुम<br>स्थायी ठेगानाः झुला-९, रुकुम<br>कार्यालयको नामः शिस्ने हिमाल बिल्डर्स, रुकुम |
| ३७.नामः दिपेन्द्र के.सी<br>बाबुः भोलानाथ के.सी<br>आमाः कान्छी के.सी<br>बाजेः नारायण धोज जोशी<br>पत्नीः कल्पना बानिया के.सी<br>नागरिकता नं.: १२६६५ - काठमाडौं<br>स्थायी ठेगानाः काठमाडौं-८, काठमाडौं | ३८. नामः मधु सिग्देल<br>बाबुः मोतिराम सिग्देल<br>आमाः मन माया सिग्देल<br>बाजेः शेस्कान्त सिग्देल<br>पत्नीः यमुना उपाध्याय<br>नागरिकता नं.: १२८६४- बर्दिया<br>स्थायी ठेगानाः खैरी चन्दनपुर-५, बर्दिया<br>कार्यालयको नामः आशिष कोल्ड स्टोर्स - शिवपुर-१०, कपिलवस्तु | ३९. नामः निर्मल पनेरु<br>बाबुः डिल्ली प्रसाद पनेरु<br>आमाः सरस्वती पनेरु<br>बाजेः खडानन्द पनेरु<br>नागरिकता नं.: ४४-०१-७१-०२६२७- गोरखा<br>स्थायी ठेगानाः बारपाक सुलीकोट -४, गोरखा<br>कार्यालयको नामः नेपाली सेना -गोरुसिङ्गे ब्यारेक, कपिलबस्तु |
| ४०. नामः रामविरेस प्रसाद कुर्मि<br>बाबुः सुरेश प्रसाद कुर्मी<br>बाजेः काशी राउत कुर्मी<br>पत्नीः उषा देवी<br>नागरिकता नं.: ३४१०२२/१३४२७- पर्सा<br>स्थायी ठेगानाः विरगंज-१४, पर्सा<br>कार्यालयको नामः यादगार बचत तथा ऋण सहकारी संस्था लि. - विरगंज-१७, पर्सा | ४१. नामः साविर हुसेन मिया धोबी<br>बाबुः लाल महमद मिया धोबी<br>बाजेः रियाजत मिया धोबी<br>पत्नीः नसरा खातुन<br>नागरिकता नं.:३४१६०३१८९६२-पर्सा<br>स्थायी ठेगानाः विरगंज-१, पर्सा<br>कार्यालयको नामः वीरगंज महानगरपालिका नगर कार्यपालिकाको कार्यालय- आ( दर्शनगर, विरगंज ,पर्सा | ४२. नामः शेखर साह<br>बाबुः द्वारिका साह हलुवाई<br>बाजेः रमैश्वर साह<br>नागरिकता नं.: ८१५७७ -मोरङ<br>स्थायी ठेगानाः विराटनगर-१४, मोरङ<br>कार्यालयको नामः आर के. प्लाष्टिक - विराटनगर-९, मोरङ |
| ४३. नामः सुरज ध्वोंजु<br>बाबुः सुदीप ध्वोंजु<br>आमाः सिद्धिलक्ष्मी श्रेष्ठ<br>बाजेः श्याम लाल ध्वोंजु<br>नागरिकता नं.: २७१०६०/३५६८६-काठमाडौं<br>स्थायी ठेगानाः काठमाडौं-९, काठमाडौं<br>कार्यालयको नामः हिमालया एयरलाईन्स प्रा.लि.- गैरिधारा-२, काठमाडौं | ४४. नामः वरुण कुमार सर्राफ<br>बाबुः राहुल कुमार सर्राफ<br>आमाः शोभा देवी सर्राफ<br>बाजेः दिनानाथ सर्राफ<br>नागरिकता नं.: ३४-०१-७३-०२६२६- पर्सा<br>स्थायी ठेगानाः वीरगन्ज-०८, पर्सा<br>कार्यालयको नामः सिजी कम्युनिकेसन्स लि. | ४५. नामः सनद प्रधान<br>बाबुः वेणी प्रसाद प्रधान<br>आमाः सिता प्रधान<br>बाजेः शिव कुमार<br>पत्नीः गंगा लक्ष्मी प्रधान<br>नागरिकता नं.: २४९२/४१-काठमाडौं<br>स्थायी ठेगानाः जोहाङ्ग-५, गुल्मी,<br>कार्यालयको नामः डाइनामिक ट्राभल्स एण्ड टुर्स प्रा.ली.- महाबौद्ध-३०, काठमाडौं |

**NABIL BANK®**
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

आर्थिक समृद्धि केवल धनमा छैन, यो सोच र कार्यमा पनि छ ।

**- जोन मेनार्ड कीन्स**

सम्पादकीय

# सकारात्मक बन्दै ऋणपत्र

**कुनै बेला बैंकले प्रदान गर्ने ब्याजदरभन्दा महँगोमा ऋणपत्र सार्वजनिक गर्दा विक्री नहुने समस्या थियो । तर, अहिले ऋणपत्र विक्री गर्दा दिएको म्यादभन्दा पहिले नै सबै विक्री हुन थालेको छ भने दोस्रो बजारमा समेत खरीद विक्री हुन थालेको छ । गत आर्थिक वर्ष (आव) को प्रथम ५ महीनाको तुलनामा चालू आवको प्रथम ५ महीनामा ऋणपत्र अर्थात् डिबेन्चरको कारोबारमा ४९५ प्रतिशतले वृद्धि भएको देखिएको छ । यसले बजारमा ऋणपत्रको बुझाइमा परिवर्तन आएको देखाउँछ । सरकारले ऋणपत्रमार्फत आन्तरिक ऋण उठाउँछ । पहिला यस्तो ऋणपत्र नेपाल राष्ट्र बैंकमार्फत विक्री हुन्थ्यो तर अहिले सरकारले आफै विक्री गर्न थालेको छ । विदेशतिर नगरपालिकाले ऋणपत्र विक्री गरी विभिन्न विकास निर्माणका काम गरेको पाइन्छ । नेपालमा भने त्यस्तो गरेको पाइँदैन । जेहोस् नेपालमा ऋणपत्रप्रति सर्वसाधारण आकर्षित हुन थालेका छन् जुन सकारात्मक छ ।**

**सरकारी ऋणपत्र दोस्रो बजारमा कारोबारका लागि नेपाल धितोपत्र बोर्डले विनियमावली नै बनाएको छ । त्यस्तै बैंकहरूले पूँजीकोषको अनुपात मिलाउन ऋणपत्र जारी गरेका छन् । ती ऋणपत्रको ब्याजदर ८ प्रतिशतदेखि १२ प्रतिशतसम्म रहेको देखिन्छ । प्रतिएकाइ हजार रुपैयाँको ऋणपत्र अहिले १२ सयसम्ममा विक्री भइरहेको नेपाल स्टक एक्सचेन्जको तथ्यांकले देखाउँछ । सरकारले अहिले ब्याजदर सस्तो भएको समयमा आन्तरिक ऋण उठाउन ऋणपत्र विक्री गरेको छ । यस्तो ऋणपत्र विगतमा ३५ प्रतिशतको हाराहारीमा बिक्थे र म्याद थप्नुपर्ने अवस्था आउँथ्यो तर पछिल्लोपटक भने सबै ऋणपत्र समयअगावै विक्री भयो । यसो हुनुमा बैंकहरूले ऋणपत्र खरीद गर्नु एउटा प्रमुख कारण हुन सक्छ तर सर्वसाधारणले पनि उच्च खरीद गरेको देखिन्छ । अहिले बैंकले निक्षेपमा दिने उच्चतम ब्याजदर ६ प्रतिशत मात्रै छ । त्यो पनि प्रत्येक महीना ब्याजदर हेरफेर भइरहेको छ । कुनै बेला निक्षेपको ब्याजदर १२ प्रतिशतसम्म रहेकामा अहिले त्यसको आधा घटिसकेको छ । त्यसैले ऋणपत्रमा लगानीकर्ता आकर्षित भएका देखिन्छन् । त्यसो त अधिक तरलताबाट अत्तालिएका बैंकहरूले पनि यस्तो ऋणपत्र खरीद गरेको देखिन्छ ।**

**ऋणपत्रप्रति अझै विश्वास बढ्ने वातावरण बनाइनुपर्छ जसले गर्दा विदेशीसँग महँगोमा विभिन्न शर्तसहितको ऋणपत्र लिनुपर्ने अवस्था कम हुन्छ । सरकारले ठूलाठूला परियोजनाको नामै तोकेर ऋणपत्रमार्फत आन्तरिक स्रोत परिचालन गर्न सक्छ ।**

**ऋणपत्रमा निश्चित अवधिका लागि ६/६ महीनामा ब्याज आउँछ । ऋणपत्रको अवधि समाप्त भएपछि जति पैसाको खरीद गरेको हो त्यति नै पैसा फिर्ता पाइन्छ । त्यसैले यो जोखीमरहित लगानी हो । खासगरी बचतबाट गुजारा चलाउनुपर्नेका लागि यस्तो ऋणपत्र निकै सहयोगी हुने देखिन्छ । त्यसैले ऋणपत्र सरकार, बैंक र सर्वसाधारण सबैका लागि उपयोगी र सहयोगी उपकरण बनेको हो । यस्तो उपकरणप्रतिको विश्वास बढ्नु भनेको अर्थतन्त्रका लागि सकारात्मक हो ।**

**निश्चित अवधिका लागि जारी गरिने ऋणपत्रमा कम्पनीहरूले अर्धवार्षिक र वार्षिक रूपमा ब्याज भुक्तानी गर्ने गर्छन् । ऋणपत्रधनीले कम जोखिममा वार्षिक रूपमा निश्चित प्रतिशत ब्याजदर प्राप्त गर्छन् । जसले गर्दा बचत तथा मुद्दती खाताहरूमा भइरहने ब्याजदर परिवर्तनको जोखिम ऋणपत्रका लगानीकर्तालाई हुँदैन । कम्पनीले साधारण शेयर र अग्राधिकार शेयरधनीलाई लाभांश वितरण गर्नुअघि ऋणपत्रधनीलाई ब्याज दिनुपर्छ । कम्पनी नोक्सानीमा गए पनि र शेयरधनीलाई लाभांश नबाँडे पनि ऋणपत्रधनीलाई अनिवार्य रूपमा ब्याज भुक्तानी गर्नुपर्छ । त्यसैले जोखिमविना लाभ लिनेहरूको लागि यो उपकरण उपयुक्त हुन्छ । स्रोतको अभाव झेलिरहेको सरकारका लागि यो निकै सहयोगी हुन्छ ।**

**बैंक तथा वित्तीय संस्थाका लागि पनि स्रोतको व्यवस्थापन गर्न यो सहयोगी हुन्छ । यसले सर्वसाधारणको बचत पनि हुन्छ र त्यसको परिचालन पनि सहज हुन्छ । त्यसैले ऋणपत्रप्रति अझै विश्वास बढ्ने वातावरण बनाइनुपर्छ जसले गर्दा विदेशीसँग महँगोमा विभिन्न शर्तसहितको ऋणपत्र लिनुपर्ने अवस्था कम हुन्छ । सरकारले ठूलाठूला परियोजनाको नामै तोकेर यस्तो ऋणपत्र निकाल्ने हो भने पूर्वाधारको ठूला परियोजना बनाउन आन्तरिक स्रोतको परिचालन गर्न सकिन्छ ।**

# आर्थिक समृद्धिमा बैंकिङ क्षेत्रको योगदान

## वर्तमान चुनौतीको सामना कसरी ?



**आन्तरिक अर्थतन्त्रलाई बदलिँदो परिवेशअनुसार चलायमान बनाउन बचत परिचालन र गुणस्तरीय कर्जा प्रवाहमा जोड दिनेलगायत समग्र बैंकिङ सेवा प्रवाहलाई सबल, सक्षम र जनमुखी बनाउने कार्यमा मध्यस्थकर्ता र नियामकको भूमिका राष्ट्र बैंकले खेल्नुपर्छ ।**

**- डा. दिवाकर वशिष्ठ**

करीब ५० खर्बभन्दा बढी कर्जा लगानीमार्फत अर्थतन्त्रमा परिवर्तन ल्याउन बैंकिङ क्षेत्र लागिपरेको छ । नेपाली अर्थतन्त्रमा सबैभन्दा बढी विकसित र क्षमतावान् क्षेत्रका रूपमा बैंकिङ क्षेत्र रहेको छ । यसले गर्ने कार्यले अर्थतन्त्रमा समृद्धि प्राप्त गर्न सहयोग पुऱ्याउन सक्छ । हालसम्म बैंकिङ क्षेत्रले आफ्ना कार्य विस्तार र विकसित गर्दै नेपाली अर्थतन्त्रलाई आधुनिक बनाउन सहयोग पुऱ्याउँदै आए पनि यो क्षेत्र विस्तार भएझैं समग्र अर्थतन्त्रको विकास र विस्तार हुन सकेको छैन । नेपालमा आर्थिक र वित्तीय उदारीकरणपश्चात् बैंकिङ क्षेत्र तीव्र रूपमा विस्तार हुन पुगेको छ तापनि अर्थतन्त्रमा यसको योगदान अपेक्षित देखिँदैन । विगत ३० वर्षदेखि हालसम्म हेर्दा बैंकिङ क्षेत्रको कर्जामा करीब २० प्रतिशत वृद्धि हुँदा नेपाली अर्थतन्त्रको विस्तार भने जम्मा ४ दशमलव ५ प्रतिशतमात्र भएको पाइन्छ । रोजगारी र उत्पादन वृद्धिमार्फत अर्थतन्त्र र समुदायलाई लाभान्वित गर्न यो क्षेत्रले हरसम्भव प्रयास गरेको देखिन्छ । नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाहरूको संख्या (लघुवित्त वित्तीय संस्थासमेत) २०८१ कात्तिक मसान्तमा १०७ रहेको छ र कुल शाखा संख्या ११ हजार ५४२ पुगेको छ तथापि वित्तीय साक्षरता र समावेशिताको अभावले करीब ५५ प्रतिशत जनता बैंकिङ पहुँचभन्दा बाहिर भएको हुँदा कृषि, पर्यटनलगायत सानादेखि ठूला उद्योगधन्दा र व्यवसायहरू गर्न बैंकिङ क्षेत्रले उत्पादनशील कर्जा विस्तार गर्नुका अतिरिक्त वित्तीय साक्षरता र समावेशितालाई अभियानकै रूपमा कार्यान्वयन गरेमा आर्थिक समृद्धिको साथै वर्तमान बैंकिङ चुनौतीको सामना गर्नसमेत यो क्षेत्र सक्षम हुने देखिन्छ ।

### आर्थिक समृद्धिमा योगदान

विसं १९९४ को उदारीकरणपश्चात् बैंकिङ क्षेत्रको विकास र सुधारले गति लिएको देखिन्छ । संख्यात्मक र गुणात्मक सुधारका लागि सन् १९८५ देखि विश्व बैंक र अन्तरराष्ट्रिय मुद्राकोषलगायत सक्रियतामा नेपालले वित्तीय क्षेत्र सुधार कार्यक्रमसमेत ल्याएको थियो जसले बैंकहरूको सुधारका साथै वित्तीय समावेशिता, साक्षरता र पहुँचमा वृद्धि, नियम कानूनको निर्माणको अतिरिक्त संरचनात्मक परिवर्तन एवं ग्राहक सन्तुष्टिमा क्रमशः सुधार भएको छ । अन्तरराष्ट्रिय बैंकिङ अभ्यासअनुरूप नियमन तथा सुपरिवेक्षणमा समेत सुधार भएको छ । नयाँ प्रविधिको प्रयोग, नयाँ सेवाहरू, जोखिम नियन्त्रण, पूँजीकोष र वित्तीय संकटसँग जुध्ने क्षमताको समेतको विकास भएको हुँदा मुलुकको आर्थिक समृद्धिमा योगदान पुऱ्याउने वातावरण बैंकिङ क्षेत्रले प्राप्त गरेको देखिन्छ । विशेष गरी यस क्षेत्रले निक्षेपको संकलन एवं परिचालन, मुद्राको निस्कासन र परिचालन, मुद्रा विनिमय र यसको व्यवस्थापनमा सहयोग गर्दै आएको छ । साथै, सार्वजनिक ऋणको व्यवस्थापन, गरीबी निवारण, वित्तीय साक्षरता र समावेशिताको विकास, आयात र निर्यातमा सहजीकरणमा पनि यसले सहयोग गरेको छ । उद्योग, कृषि, जलस्रोत, पर्यटन र वाणिज्यको क्षेत्रको विकास रोजगारीको अवसर र देशमा उद्यमशीलताको विकास गर्दै स्वदेशी मुद्राको प्रचारप्रसार गर्न पनि बैंकिङ क्षेत्रले भूमिका खेलेको छ । आर्थिक स्थायित्व कायम गर्न र सन्तुलित आर्थिक विकास गर्न, शोधनान्तर स्थितिमा सन्तुलन ल्याउन, मौद्रिक नीतिको कार्यान्वयन गर्न, पूँजी निर्माण गर्न पनि बैंक सहयोगी बनेको देखिन्छ । सरकारी कारोबार, सरकारलाई आर्थिक सहयोग, सूचना प्रवाह र सल्लाह प्रदान गर्नेलगायत कार्यमा बैंकिङ क्षेत्रले निरन्तर सहयोग गर्दै आएको छ ।

### आर्थिक समृद्धिका चुनौती

आर्थिक समृद्धिका चुनौतीहरूमा विदेशी मुद्राको सञ्चिति बढेको, शोधनान्तर बचत रहेको, लगानीयोग्य रकम मनग्य रहेको, ब्याजदर घटेको भए पनि व्यावसायिक जगत्बाट कर्जा मागमा सुधार नभएको जस्ता समस्या अहिले देखिएका छन् । त्यस्तै राजस्व घटेको छ, विकास खर्चमा भन्दा साधारण खर्चले उचाइ लिएको छ । सार्वजनिक ऋण बढिरहेको छ । वैदेशिक सहायता र अनुदान नगण्य रहेको, अनुदानमा प्राप्त रकमसमेत उचित परियोजनाको अभावमा प्राप्त हुन नसकेको, सहकारी र लघुवित्तको समस्या समाधानमा यथेष्ट पहल नभएको जस्ता चुनौती अहिले देखिएका छन् । सर्वसाधारणको अर्बौं निक्षेप डुबिरहँदा पनि सम्बद्ध निकाय मौन रहेको, औद्योगिक क्षेत्रको सञ्चालन कुल क्षमताको करीब २५ प्रतिशत मात्र रहेको अवस्था छ । निर्माण उद्योग चलायमान नभएको, निर्माण व्यवसायीहरूको भुक्तानी रोकिएको लगायत समस्या अहिले देखिएका छन् । आर्थिक वृद्धिदर बढ्न सकेको छैन । अपेक्षाअनुरूप कर्जा प्रवाह भएको छैन । कर्जा प्रवाहका लागि आवश्यक व्यावसायिक वातावरण बनेको छैन । साथै बढ्दो उपभोगमुखी संस्कृति, उच्च लागत, अर्थतन्त्र, भूपरिवेष्ठितता, छिमेकी देशहरूसँग कृषि र औद्योगिक उत्पादनमा प्रतिस्पर्धा गर्न कठिनाइ आदिले गर्दा कर्जाको वृद्धिदर र आर्थिक वृद्धिबीच तादात्म्य मिल्न सकेको छैन । कर्जा प्रवाहको दरअनुरूप उत्पादन, उत्पादकत्व र रोजगारी बढ्न नसक्दा दैनिक हजारौं युवाहरू अहिले पनि वैदेशिक रोजगारीमा गइरहेको अवस्था छ ।

**समग्र बैंकिङ क्षेत्रको सुधारका लागि उत्पादनमूलक क्षेत्रमा कर्जा लगानी बढाउन, सरकारी निकायबाट हुने हस्तक्षेपलाई रोक्न र दण्डहीनताको अन्त्य गर्न बैंकिङ क्षेत्र लाग्नुपर्छ । वित्तीय संस्थाप्रतिको विश्वासलाई बढाउने, मानव संसाधनको कार्यकुशलता तथा उत्पादकत्वमा जोड दिनुका साथै कर्मचारी उत्प्रेरणालाई उच्च प्राथमिकतामा राख्नु र ग्राहक सन्तुष्टिमार्फत बैंकिङ व्यवसाय बढाउनु आजको आवश्यकता हो ।**

### बैंकिङ क्षेत्रको चुनौती

बैंकिङ क्षेत्रलाई अनावश्यक राजनीतिक हस्तक्षेप, कोभिड १९, विश्व आर्थिक मन्दी, बढ्दो आयात, नियमित सुपरिवेक्षणको अभाव, भाखा नाघेको कर्जा बढ्नु, संस्थागत सुशासन र अनुसाशन समेतको अभावजस्ता समस्या अहिले बैंकिङ क्षेत्रले भोगिरहेको छ । कमजोर ग्राहक सेवा, अधिकांश जनता बैंकिङ क्षेत्रको पहुँचबाहिर रहनु, वित्तीय साक्षरता र समावेशिताको अपेक्षित विकास नहुनु, कर्मचारीमा कार्यकुशलता र दक्षता एवं अपनत्वको अभाव हुनु पनि बैंकिङ क्षेत्रको चुनौती हो । निर्देशित कर्जा, राजनीतिक स्थिरताको अभाव, विश्वव्यापीकरणले ग्राहकको चाहनामा अनपेक्षित वृद्धि हुनुजस्ता चुनौती पनि रहेका छन् । आर्थिक उदारीकरणको उच्चतम प्रयोग, नियमित नीतिगत निर्देशनमा परिवर्तन, ग्रामीण बैंकिङ, छाया बैंकिङ, वेलाबखत देखिने तरलताको उतारचढाव, तीव्र तथा उच्चतम प्रविधिको विकास, बदलिँदो ग्राहक चाहना तथा आकांक्षा पनि बैंकिङ क्षेत्रका चुनौती हुन् । त्यस्तै श्रम सम्बन्ध, मर्जर, बिग मर्जर र एक्वीजिशन, खोज र अनुसन्धान, नक्कली नोट, नाफामा उच्च कमी, व्यावसायिक नैतिकताको अभाव, साइबर क्राइम आदि चुनौतीको रूपमा रहेको देखिन्छ । विसं २०८१ को असोज मसान्तसम्म औसत खराब कर्जा अनुपात ४ दशमलव ४२ प्रतिशत छ । कर्जाको सही प्रयोगले आर्थिक वृद्धिसँगै समृद्धि ल्याउन सहयोग पुऱ्याउन सक्छ तर कर्जाको दुरुपयोग वा कर्जा व्यवस्थापन सही तरीकाबाट नहुँदा कर्जा भुक्तानी समयमा गर्न नसकेर कालो सूचीमा पर्नेको संख्या बढिरहेको छ । त्यसो त बेला बखतको बैंकिङ भ्रष्टाचार एवं अनियमितताले जनविश्वास घटाउने कार्य भएको, लगानीकर्ताको मनोबल कमजोर बनेको, अनुचित कर्जा प्रवाह, अपारदर्शी नीतिहरू र नियामकको कमजोर अनुगमन, कर्मचारी नैतिकता र उनीहरूको उत्पादकत्वमा ह्रासलगायतको कारण यो क्षेत्र कठिन परिस्थितिबाट गुज्रिनुका साथै जनविश्वासमा समेत अपेक्षित सुधार हुन सकेको छैन ।

### नियामकको भूमिका

अर्थतन्त्रको दिगो विकासमा सहयोग पुग्नेगरी मूल्य र शोधनान्तर स्थिरता तथा समग्र वित्तीय क्षेत्रको स्थायित्व कायम गर्न केन्द्रीय बैंकका रूपमा बैंकिङ क्षेत्रको नियामक नेपाल राष्ट्र बैंकको स्थापना भएको हो । आर्थिक स्थायित्व र अर्थतन्त्रको दिगो विकासको निमित्त मूल्य र शोधनान्तर स्थिरता कायम गर्न आवश्यक मौद्रिक तथा विदेशी विनिमय नीति निर्माण र व्यवस्थापन गर्न, वित्तीय सेवाको पहुँच अभिवृद्धि र बैंकिङ तथा वित्तीय क्षेत्रको स्थायित्व कायम गरी बैंकिङ तथा वित्तीय प्रणालीप्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्न केन्द्रीय बैंकले काम गर्दै आएको छ । सुरक्षित, स्वस्थ तथा सक्षम भुक्तानी प्रणालीको विकास गर्ने, सरकारको आर्थिक नीति कार्यान्वयनमा सहयोग पुऱ्याउने उद्देश्यका साथ स्थापित केन्द्रीय बैंक बैंकिङ क्षेत्रको अभिभावकका रूपमा रहेको छ । व्यवसायी र बैंकर्सबीच सुमधुर सम्बन्ध कायम गराउँदै व्यवसायमैत्री नीतिगत व्यवस्थामार्फत बैंकिङ क्षेत्र र व्यावसायिक जगत्को सहज सञ्चालनको वातावरण बनाउनु यसको मुख्य दायित्व हो । आन्तरिक अर्थतन्त्रलाई बदलिँदो परिवेशअनुसार चलायमान बनाउन बचत परिचालन र गुणस्तरीय कर्जा प्रवाहमा जोड दिने लगायत समग्र बैंकिङ सेवा प्रवाहलाई सबल र सक्षम र जनमुखी बनाउने कार्यमा मध्यस्थकर्ताको भूमिका नियामकको रूपमा यसले भूमिका खेल्नुपर्छ । अर्थतन्त्रका लाभदायक क्षेत्रको पहिचानसँगै जोखिमको कुशलतापूर्वक व्यवस्थापन, पूँजी पलायनलाई रोक्न निक्षेप र कर्जाको ब्याजदर दीर्घकालीन रूपमा सन्तुलित बनाउनेतर्फ यसले थप वातावरण बनाउनुपर्छ । आर्थिक समृद्धिमा बैंकिङ क्षेत्रको भूमिकालाई दृष्टिगत गर्दै करमा सहुलियत दिनुका अतिरिक्त बैंकिङ क्षेत्रमा न्यूनतम नाफा कमाउने वातावरण सृजना गरी यस क्षेत्रको स्थिरताको साथै मुलुको समग्र वित्तीय स्थिरता कायम गर्न थप सघाउ पुऱ्याउनु यसको मुख्य कर्तव्य रहेको छ ।

### अबको बाटो

सरकार, नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था परिसंघ, बैंकर्स एसोसियसनसमेतले एकआपसमा हातेमालो गर्दै वित्तीय तथा मौद्रिक नीतिमार्फत आर्थिक समृद्धिका लागि बैंकिङ क्षेत्रलाई थप सुदृढ र सक्षम बनाउँदै जनसाधारणलाई मैत्रीपूर्ण रूपमा बैंकिङ सेवा पुऱ्याउन जरुरी छ । तरलता व्यवस्थापन, ब्याजदरमा स्थिरता, गुणस्तरीय कर्जा प्रवाह र अन्य सेवामार्फत बैंकिङ क्षेत्रले सबल र सक्षम लगानीकर्ता आकर्षित गर्दै जोखिमसमेतको व्यवस्थापन गर्ने क्षमता राख्नुपर्छ । समयसापेक्ष रूपमा कर्जा तथा बैंकिङ व्यवसायसँग सम्बद्ध अन्य कुराहरूमा समयसापेक्ष नीतिगत परिवर्तन गर्दै उत्पादन र उत्पादकत्व बढाउने क्षेत्रतर्फ लगानी केन्द्रित गर्ने बेला आएको छ । निजीक्षेत्रमैत्री तथा दिगो बैंकिङसँग सम्बद्ध नीति निर्माणमा जोड दिनुपर्ने देखिन्छ । नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि अभियान सञ्चालन, मेक इन नेपाल र मेड इन नेपाल अभियान, औद्योगिक ग्राम, औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्रलगायत आधारभूत आवश्यकता उपलब्ध गराइने र स्टार्टअप व्यवसायलाई थप सहयोग र सहजीकरण गर्ने गरी बैंकिङ क्षेत्रले पनि आफ्नो व्यावसायिक रणनीति र व्यवसाय बढाउन खोज तथा अनुसन्धान कार्य अघि बनाउन ढिला गर्नु हुँदैन । लक्षित वर्गलाई कर्जा प्रवाहमा छूट दिने, लघु, साना तथा मझौला उद्यम, कृषि सहकारी, महिला उद्यमी, विदेशबाट फर्किएकालाई सहुलियतपूर्ण कर्जा प्रदान, शिक्षित बेरोजगारलाई ऋण प्रदान गर्ने, वित्तीय साक्षरता अभिवृद्धि तथा पूर्ण डिजिटल बैंकिङ सञ्चालन गर्नुको साथै सहज र छिटोछरितो, मुस्कानसहितको बैंकिङ सेवा दिनेतर्फ पनि सक्रियता देखाउन ढिला भइसकेको छ । नेपाल कृषि प्रधान देश भएकाले अझै पनि करीब ६३ दशमलव ५ प्रतिशत जनसंख्या यसमा प्रत्यक्ष संलग्न रहेका छन् ।

कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान करीब २६ दशमलव ५ प्रतिशत रहेको छ । सरकारले आगामी १० वर्षलाई कृषिमा लगानी दशकसमेत घोषणा गरेको परिप्रेक्ष्यमा कृषिक्षेत्रमा थप लगानी बढाउने गरी नीतिगत परिवर्तन गर्न जरुरी देखिन्छ । अन्तरराष्ट्रिय वित्तीय संकटबाट पाठ सिक्दै नियमन र सुपरिवेक्षणलाई बलियो बनाउँदै जोखिम नियन्त्रण एवं वित्तीय प्रणालीलाई सुरक्षित र सबल राख्न सदैव चनाखो बन्नुपर्ने देखिन्छ । समग्र बैंकिङ क्षेत्रको सुधारका लागि उत्पादनमूलक क्षेत्रमा कर्जा लगानी बढाउने, सरकारी निकायबाट हुने हस्तक्षेपलाई रोक्ने, विद्यमान कानुनमा सुधार गर्ने र नियामकको निर्देशनलाई अक्षरशः पालन गर्दै दण्डहीनताको अन्त्य गर्नेतिर बैंकिङ क्षेत्र लाग्नुपर्छ । वित्तीय सेवालाई समाजको हरेक पक्षसँग जोड्ने, वित्तीय संस्थाप्रतिको विश्वासलाई बढाउने, मानव संसाधनको कार्यकुशलता र उत्पादकत्वमा जोड दिनुका साथै कर्मचारी उत्प्रेरणालाई उच्च प्राथमिकतामा राख्दै कर्मचारीमा जोखिम वहन गर्ने क्षमताको समेत विकास गर्नु र ग्राहक सन्तुष्टिमार्फत बैंकिङ व्यवसाय बढाउनु आजको आवश्यकता हो भन्नुमा कसैको दुईमत नरहला ।

*लेखक डा. वशिष्ठ बैंक तथा वित्तीय संस्थासम्बन्धी विज्ञ हुन् ।*

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट

## सुदूरपश्चिमको माग

कैलाली उद्योग वाणिज्य संघले विगत ७ वर्षदेखि सरकारसमक्ष विभिन्न २१ बुँदे माग राख्दै आएको छ । तर, यस अवधिमा २१ बुँदे मागमध्ये सरकारले जम्मा ३ ओटा मात्र पूरा गरेको छ । ७ वर्षमा जम्मा ३ भाग मात्र पूरा भएको प्रक्रियालाई दृष्टिगत गर्दा बाँकी १८ ओटा माग पूरा गर्न सरकारलाई ३६ वर्षभन्दा बढी समय लाग्ने देखिएको छ । समग्र सुदूरपश्चिमको विकासलाई केन्द्रबिन्दु राखेर संघले सरकारसमक्ष राखेका मागहरूलाई दृष्टिगत गर्ने हो भने ती सबै माग बढीमा ५ वर्षभित्र पूरा हुन सक्छन् । दुई–चारओटालाई छोडिदिने हो भने अधिकांश माग १/२ वर्षमै पूरा हुन सक्छन् । तर, यस अवधिमा बनेका सरकारले ती माग पूरा गर्ने सम्बन्धमा आश्वासनबाहेक केही पनि दिएनन् । पछिल्लोपटक सातौं सुदूरपश्चिम महोत्सवको उद्घाटन गर्दै प्रधानमन्त्री डा. बाबुराम भट्टराईले पनि पूरा हुन बाँकी १८ माग उचित ठहऱ्याउँदै सबै माग कार्यान्वयन गर्न सरकार सकारात्मक रहेको बताए । कुनै पनि विषयप्रति सकारात्मक हुनु र व्यवहारमा काम गरेर देखाउनु अलगअलग कुरा हुन् । माग पूरा गरिदिने आश्वासनसहितका भाषण यसअघिका सरकारप्रमुखबाट सुदूरपश्चिमवासीले धेरै सुनिसके । त्यसैले कैलाली उद्योग वाणिज्य संघको बाँकी १८ बुँदे मागप्रति सरकार सकारात्मक छ भनेर भाषण मात्र गर्ने होइन, सरकारले ती मागलाई शीघ्रातिशीघ्र सम्बोधन गर्नुपर्छ ।

(सम्पादकीयबाट)

वर्ष ८, अंक ८१, आइतवार २४ मङ्सिर, २०६९

पाठक पत्र

## अत्यास लाग्दो जाम

दशैंपछि काठमाडौं उपत्यकामा अत्यास लाग्दो गरी सडकमा जाम हुन थालेको छ । कार्यालय समय र कार्यालय खुल्ने दिनमात्र होइन सार्वजनिक बिदाका दिनमा पनि उत्तिकै भाडभाड हुने गरेको छ । अझ शुक्रवारको दिनमा भित्री शहर र रिङरोड छिचोल्न घण्टौं लाग्ने गरेको छ । यस्तो जामले जनताको समयमात्र बर्बाद हुँदैन तिनले गर्ने काम समेत प्रभावित हुन्छ । उत्पादक समय गाडीमै बित्ने हुँदा सडक जामको सम्बन्ध यात्रुले भोग्ने हैरानीसँग मात्रै छैन । अझ सार्वजनिक सवारीसाधनको भीडभाडको त कुरा गरी साध्य छैन ।

सार्वजनिक यातायात सवारी नियम नमान्नेमा पनि अगाडि छन् । सडक जाम भएका बेला जथाभावी लेन अनुशासन मिच्ने, मोटरसाइकललाई धक्का दिनेजस्ता काम निकै बढेको छ । अझ अहिले विद्युतीय भ्यान र माइक्रोबसको हँकाइ निकै डरलाग्दो देखिन्छ । बेतोडसँग कुदाउनु र यात्रु पाए जहाँ पनि घ्याच्च रोक्नु उनीहरूको विशेषता नै हो । यसले सडकमा असुरक्षा र आतंक नै मच्चाएको छ । त्यसैले यस्तो प्रवृत्ति रोक्न आवश्यक छ । सडक अनुशासन र दुर्घटनाबीच सम्बन्ध छ । जहाँ सडक अनुशासन पालना हुन्छ त्यहाँ दुर्घटना पनि कम हुन्छ । त्यस्तै सडक पूर्वाधार र सडक अनुशासनबीच पनि सम्बन्ध हुन्छ । सवारी र यात्रुहरू सहज रूपमा यात्रा गर्न पाउने अवस्थामा पनि अनुशासनको पालना हुन्छ । ट्राफिक जाम हुँदा मानिसहरूले अनुशासनको पालना कम गरेको देखिन्छ । त्यसैले सडक दुर्घटनाका विविध पक्ष हुन्छन् । ट्राफिक नियम बनाएर र सडक ट्राफिक खटाएर मात्रै पनि सडक अनुशासन कायम हुँदैन । त्यस्तै ट्राफिक नियम मिच्नेलाई कारबाही गरेर पनि यसको समाधान हुँदैन ।

ट्राफिकको मुख्य काम सडकमा नियम र अनुशासन पालना गराउनु हो । तर, उनीहरू चिट काट्न हतारिन्छन् । उनीहरूको पहिलो ध्येय नै चिट काट्ने हुन्छ । उनीहरू दिनभर सडकमा सेवामा खटिइरहेका छन् । त्यसैले दिनभरि उस्तै खालका नियम मिचाइ सहिरन गाह्रो भएको पनि हुन सक्छ । कारण जे होला, नेपालको सडक असुरक्षित छ । सडक दुर्घटनामा दैनिक मानिसहरूको ज्यान गइरहेको र अंगभंग भइरहेको पाइन्छ । दुर्घटनाको मुख्य कारण लापर्बाहीपूर्ण तरीकाले सवारीसाधन चलाउनु नै देखिन्छ । त्यसैले यस्तो लापर्बाहीविरुद्ध चेतना फैलाउनुपर्छ । साथै सडक पूर्वाधारको स्तर पनि सुधार गर्न आवश्यक छ ।

*मोहन खड्का*
*चपली, बूढानीलकण्ठ, काठमाडौं ।*

टिप्पणी

## सुनलाई लगानीको उपकरण किन नबनाउने ?

नेपालमा पहेंलो धातु सुनमा निकै आकर्षण रहेको छ । सामाजिक, धार्मिक दृष्टिकोणले समेत सुन जनजीवनसँग जोडिएको छ । सुन सम्पन्नताको प्रतीकमात्र होइन, बाध्यताको प्रतीक पनि बनेको छ । तर, नेपालमा सुनको आपूर्ति आयातबाट हुने गरेको छ । यस्तोमा सुन किनेर गहना बनाउने प्रवृत्तिलाई कम गरी लगानीको उपकरण बनाउन आवश्यक छ । नेपालमा सुनको मोह भए पनि त्यसमा लगानी गर्न समस्या छ ।

भन्सार महशुल दर २० प्रतिशतबाट १० प्रतिशतमा झारी ५० प्रतिशतले कटौती गरेपछि त्यसको असर आयातमा देखिएको छ । भन्सार विभागका अनुसार मङ्सिरमा ५३ हजार ४१४ ग्राम सुन आयात भएको छ । त्यसअघिको कात्तिकमा ३२ हजार ४०९ ग्राम सुन आयात भएको थियो । असोजमा त सुन आयात नै हुन सकेको थिएन । नेपाल सुन आयात गर्ने राष्ट्रमा ३६ औंमा पर्छ । तर, त्यसरी आयात भएको सुन गहनाकै रूपमा मात्रै प्रयोग गर्नुपर्ने बाध्यता छ । गहनाका रूपमा प्रयोग गर्दा ज्यालाजर्तीमै धेरै पैसा जाने गरेको छ । अहिले गहना लगाउने प्रचलनमा केही कमी आए पनि सुनको खरीदमा भने कमी आएको छैन ।

नेपालको कानुनी व्यवस्थाअनुसार काँचो सुन खरीद गर्न पाइँदैन । वैदेशिक रोजगारीमा जानेमा ५० ग्रामसम्मका सुनका गहना विनाभन्सार शुल्क ल्याउन पाउँछन् । त्यसैले नेपालमा सुनको वास्तविक खपत कति छ भन्न सक्ने अवस्था छैन ।

भारतमा सुनमा भन्सार बढी हुँदा नेपालबाट तस्करी भएर सुन भारत जाने गरेको अनुमान गरिएको थियो । तर, भारतले भन्सार घटाएपछि त्यताबाट यता तस्करी हुन थालेको सुन व्यवसायीको भनाइ थियो । त्यसैले व्यवसायीको मागअनुसार सरकारले सुनमा लाग्ने भन्सार दर घटाएको हो ।

हालको कार्यविधिअनुसार नेपालमा बैंकले मात्रै सुन आयात गर्न पाउँछन् । सुन व्यवसायीको संगठनले दिएको सिफारिशअनुसार मात्रै बैंकहरूले सुन विक्री गर्छन् । तर, यसमा अदालतले यस्तो सिफारिश नचाहिने आदेश दिएपछि राष्ट्र बैंकले संघ/महासंघमा आबद्ध नरहेका व्यवसायीलाई पनि सुन विक्री गर्न बाटो खुला गरेको छ । नेपाल राष्ट्र बैंकले सुन विक्रीवितरणको समस्या समाधानका लागि कार्यविधि परिमार्जनको प्रक्रिया अगाडि बढाएको छ ।


सुन लगानीको उपकरण हो । मुद्रास्फीतिलाई हेजिङ गर्न सुनमा लगानी गर्ने गरिन्छ । आर्थिक संकट र उतारचढावबाट जोगिनका लागि सुन निकै सुरक्षित लगानी हो । तर, भौतिक रूपमा सुन किनेर राख्न असुरक्षित हुन्छ । त्यसैले गोल्ड ईटीएफमा लगानी गर्न पाउने हो भने गहनामा गर्ने लगानी यतातिर जान सक्छ । कमोडिटी एक्सचेन्ज हुने हो भने सुनमा लगानी गर्न पाउँछन् । त्यस्तै नेपाल राष्ट्र बैंकले सुन खाताको कुरा गरे पनि त्यसलाई पनि कार्यान्वयनमा लैजान सकेको छैन । आफूले किन्ने सुन बराबरको पैसा बैंकमा राख्ने र आफूलाई आवश्यक पर्दा त्यसको प्रचलित मूल्य बराबरको रकम लिने वा भौतिक रूपमा सुन नै लिन पाउने व्यवस्था हुने हो भने लगानीका लागि एउटा नयाँ उपकरण उपलब्ध हुन्छ । अहिले लगानीकर्ताले लगानीको ठाउँ नै पाएका छैनन् भन्दा हुन्छ । बैंकमा पैसा राख्न ब्याजदरभन्दा मुद्रास्फीति बढी छ । शेयरबजारमा लगानी गरौं भने त्यो बजार पनि निकै अस्थिर देखिएको छ । यस्तोमा सुनलाई लगानीको उपकरण बनाउन सरकारले बाटो खुला गरिदिनुपर्छ ।



तस्वीर : रासस

काठमाडौंको वसन्तपुरस्थित हनुमानढोका दरबार क्षेत्रमा शनिवार घुम्न आएका विदेशी पर्यटक ।

# राहुघाटको भौतिक प्रगति ७२ प्रतिशत



म्याग्दी । नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी रघुगंगा हाइड्रोपावरद्वारा म्याग्दीमा निर्माणाधीन ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजनाको भौतिक प्रगति ७२ प्रतिशत पुगेको छ । भारतीय आयात-निर्यात (एक्जिम) बैंकको ६७ मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण तथा प्राधिकरण र नेपाल सरकारको संयुक्त लगानीमा निर्माण भइरहेको आयोजनाको सिभिल ठेकेदार जयप्रकाश एसोसिएट्सले बाँध, सुरूङ र विद्युत् गृह निर्माणको कामलाई तीव्रता दिएको छ ।

आयोजनाका सिभिल महाशाखा प्रमुख रविन कट्टेलले आगामी २०८२ असार १५ गतेभित्र निर्माण सम्पन्न गर्ने लक्ष्यसहित भौतिक संरचना निर्माण र उपकरण जडानको कामलाई तीव्रता दिइएको बताए । 'बाँधमा ब्यारेज, ६ हजार २७० मिटर लामो मुख्य सुरूङ, सर्जसाफ्ट, ठाडो र तेस्रो प्रेसर साफ्ट र टेलरेस डग निर्माण सकिएको छ,' उनले भने, 'स्विचयार्ड निर्माण र विद्युत्गृहका उपकरण जडान गर्न थालिएको छ । डिसेन्डर (पानी थिग्राउने पोखरी), पावर इन्टेक, मुख्य सुरूङ फिनिसिङ गर्ने र पेनस्टक पाइपलाइन जडानको काम धमाधम भइरहेको छ ।'

मुख्य सुरूङको चारओटा अडिटबाट शुक्रवारसम्म २ हजार २४३ दशमलव ८ मिटर लाइनिङ (ढलान र प्लास्टर) सकिएको सिभिल महाशाखा प्रमुख कट्टेलले बताए । रघुगंगा गाउँपालिका-४, दग्नाम र ५ नम्बर वडा झीँको सिमानामा १७ मिटर अग्लो र ३१ मिटर लामो अर्धजलाशययुक्त (पीआरओआर) प्रविधिको बाँध र तिल्केनी चौरमा विद्युत्गृह निर्माणाधीन छ ।

सिभिलतर्फ ७२ र इलेक्ट्रोमेकानिकलतर्फ ३० प्रतिशत प्रगति भएको आयोजनाको सिभिल ठेकेदारसँग २०७४ मङ्सिरमा ठेक्का सम्झौता भएको थियो । कोरोना महामारी, बाढी र पहिरोका कारण ठेक्काको ४५ महीनामा काम सम्पन्न हुन नसकेपछि ३० महिना म्याद थपिएको छ । कमजोर आर्थिक अवस्थाका कारण २०७२ सालमा पुरानो ठेकेदार आइभिआरसिएलसँगको ठेक्का तोडेर कम्पनीको अवधारणा र इन्जिनियरिङ प्रोक्योमेन्ट एन्ड कन्ट्र्याक्ट (ईपीसी) प्रारूपमा राहुघाट जलविद्युत् आयोजना निर्माण अघि बढाइएको थियो । पहिलो कार्यतालिका र सम्झौताअनुसार आयोजना २०७० मा सकिनुपर्ने थियो ।

पहिले ३२ मेगावाटमा डिजाइन गरिएकोमा पछि ८ मेगावाट बढाएर ४० मेगावाट पुऱ्याइएको हो । बेनी-जोमसोम-कोरला सडकको घुमाउने तालदेखि ११ किलोमिटर पहुँचमार्ग र एउटा ट्रस प्रविधिको मोटर चल्ने पुल निर्माण गरी विद्युत् गृह र बाँधलाई सीधा सडकले जोडिएको छ । राहुघाटबाट उत्पादन हुने विद्युत् केन्द्रीय ग्रिडमा जोड्न कालीगण्डकी कोरिडोरअन्तर्गत २२० केभी (डबल सर्किट) क्षमताको दाना-कुश्मा प्रसारण लाइनमा लिलो (लुप इन, लुप आउट) माध्यमबाट जोडिने बताइएको छ । चारओटा टावर र प्रसारण लाइन पनि बनिसकेको छ । *रासस*

# आठौं चेम्बर एक्स्पो माघ १७ गतेदेखि भृकुटीमण्डपमा

काठमाडौं (अस) । नेपाल चेम्बर अफ कमर्सको आयोजनामा आठौं चरणको 'चेम्बर एक्स्पो २०२५'को आयोजना हुने भएको छ । काठमाडौंको भृकुटीमण्डपमा माघ १७ देखि २१ गतेसम्म चेम्बर एक्स्पो हुन लागेको हो । स्थानीय उत्पादनको प्रवर्द्धन एवं बजारीकरणको उद्देश्यले एक्स्पो आयोजना गरिएको चेम्बरले जानकारी दिएको छ । उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गतको व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रसँगको सहकार्यमा चेम्बरले एक्स्पो गर्न लागेको हो । व्यापार अभिवृद्धि, स्थानीय वस्तुको बजारीकरणका लागि चेम्बरले प्रत्येक वर्ष एक्स्पो गर्दै आएको छ ।

नेपाली उत्पादनको बजारीकरणलाई विशेष जोड दिएर व्यावसायिक क्षेत्रलाई एकीकृत गर्ने मुख्य उद्देश्य रहेको चेम्बरले जानकारी दिएको छ ।

क्षेत्रीय एवं अन्तरराष्ट्रिय व्यापारिक समुदायको प्रत्यक्ष सहभागिताले अन्तरराष्ट्रिय क्षेत्रमा भइरहेका आर्थिक गतिविधि, प्रविधिको प्रयोग एवं व्यापार

**स्वदेशी र विदेशी गरी २ सयभन्दा बढी स्टल एक्स्पोमा राखिनेछन् ।**

व्यवस्थापनका नयाँ आयामलाई नजिकबाट नियाल्न सहयोग पुग्ने चेम्बर मेला समितिका सभापति राष्ट्रभूषण चाकुबजीले जानकारी दिए । एक्स्पोमा नेपाल, बंगलादेश, भारत, चीन, थाइल्याण्ड, युएई, दक्षिण कोरिया, मलेसिया, पाकिस्तान लगायत देशमा उत्पादित वस्तुको प्रदर्शनी रहने बताइएको छ । एक्स्पोमा हस्तकलाका वस्तु, सवारीसाधन, घर-जग्गा व्यवसायी, खाद्य एवं पेय पदार्थ, पहिरन, पाठ्यपुस्तक, ज्वेलरी, कस्मेटिक वस्तु, निर्माण सामग्री, साना तथा घरेलु उद्योगका उत्पादन, विद्युतीय उपकरण तथा अन्य उपभोग्य सामग्री प्रदर्शनीमा रहने बताइएको छ ।

स्वदेशी र विदेशी गरी २ सयभन्दा बढी स्टल एक्स्पोमा राखिनेछन् । ५ दिनसम्म चल्ने एक्स्पो कम्तिमा ५० हजार दर्शकले अवलोकन गर्ने आयोजक नेपाल चेम्बर अफ कमर्सका मेला समिति संयोजक चाकुबजीले बताए ।

# व्यावसायिक प्याज खेतीमा जुट्दै किसान

मध्यविन्दु (नवलपरासी) । नवलपरासी (बर्दघाट सुस्तापूर्व)को कावासोती नगरपालिका-१५ गोडारका किसान सामूहिक प्याज खेतीमा जुटेका छन् । शिवशक्ति कृषक समूह गठन गरी स्थानीय ३१ किसानले व्यावसायिक रूपमा प्याज खेती शुरू गरेका हुन् ।

दुई बिघा १० कट्ठा जमिन भाडामा लिएर प्याज खेती गरिएको शिवशक्ति कृषक समूहका अध्यक्ष पुष्पराज बरालले बताए । 'व्यावसायिक खेती गर्ने सल्लाहबमोजिम प्याज रोपिएको हो,' उनले भने, 'प्याजमा परनिर्भरता कम गर्ने उद्देश्य हो ।'

पाँच कट्ठा जमिनमा प्याजको नर्सरी बनाएर १२ किलो बीउ लगाइएकोमा रोपेर बाँकी रहेको बेच्दा ३१ हजार रुपैयाँ आम्दानी भएको अध्यक्ष बरालले जानकारी दिए । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत मल, बीउ, कृषि सामग्रीलगायतमा १ लाख ४४ हजार रुपैयाँ बराबर सहयोग प्राप्त भएपछि खेती गर्न थप हौसला मिलेको उनले बताए ।

'समूहका किसानले दैनिक श्रमदान गरी प्याज रोपेका छन्, अब समयअनुसार सिँचाइ र गोडमेल गर्नुपर्छ,' अध्यक्ष बरालले भने, 'बीउ उमारेर नेपाली र भारतीय प्रजातिको प्याजको बिरुवा रोपेका छौं, बाँकी बिरुवा अन्य किसानले खरीद गरेका छन् ।' प्रतिकट्ठा न्यूनतम ६ क्विन्टलका दरले १२ लाख रुपैयाँ मूल्य बराबरको प्याज उत्पादन हुने अनुमान गरिएको अध्यक्ष बरालले बताए । उत्पादन लागत ५ लाख रुपैयाँ पुग्ने यसबाट कम्तीमा ७ लाख रुपैयाँ बचत हुने उनले बताए । यसअघि व्यक्तिगतरूपमा खेती गर्ने गरिएको थियो । समूहमा खेती गर्दा काम गर्न सहज हुनुका साथै बिक्री र आम्दानी गर्न सकिने अध्यक्ष बरालको भनाइ छ ।

**पाँच कट्ठा जमिनमा गरिने प्याज खेतीको उत्पादन लागत ५ लाख रूपैयाँ पुग्ने र यसबाट कम्तीमा ७ लाख रूपैयाँ बचत हुने अनुमान गरिएको छ ।**

सरकारी निकायले प्रदान गर्ने कृषि अनुदान कार्यक्रममा समावेश हुन समूह दर्ता गरी खेती शुरू गरिएको शिवशक्ति कृषक समूहका उपाध्यक्ष एवं कावासोती नगरपालिका-१५ का वडासदस्य शिवप्रसाद काफ्लेले बताए । सरकारी कार्यालयले कृषिमा धेरै बजेट विनियोजन गर्ने गरे पनि समूह दर्तालगायत प्रक्रियाबारे जानकारी नहुँदा बजेट खेर जाने गरेको छ । गाउँमा बढ्दो बेरोजगारी र परनिर्भरता अन्त्य गर्न सामूहिक रूपमा प्रयास गरिएको उपाध्यक्ष काफ्लेले बताए ।

'गाउँमा बेरोजगारी बढेपछि सल्लाह गर्दा सामूहिकरूपमा कृषि कार्य गर्ने उपाय आयो । त्यसमा पनि प्याज खेती गर्ने सबैको सल्लाहअनुसार अगाडि बढेका हौं,' उनले भने, 'श्रम गर्न सक्ने जनशक्ति खाली बस्नुपर्ने हुँदा सामूहिक श्रम गर्दै खेतीमा जुटेका हौं ।' *रासस*

# जलवायु परिवर्तनको असरले श्रमिक समस्यामा

काठमाडौं । पछिल्लो समय बढ्दै गइरहेको जलवायु परिवर्तनको असरले श्रम क्षेत्रमा पनि समस्या बढाएको सरोकारवालाले बताएका छन् । क्लास नेपालले आइतवार काठमाडौंमा आयोजना गरेको 'श्रमिकमा जलवायु परिवर्तनको प्रभावमा बहुपक्षीय संवाद' विषयक कार्यक्रमका सहभागीले जलवायु परिवर्तनले देखिएका श्रम समस्या समाधानका बहस आवश्यक रहेको बताए ।

वन तथा वातावरण मन्त्रालयका सहसचिवसमेत रहनुभएका रेड कार्यान्वयन केन्द्रका प्रमुख नवराज पुडासैनीले जलवायुजन्य जोखिमबाट श्रमिकलाई बढी समस्या उत्पन्न हुने भएकाले यसको समाधान तत्काल गर्नुपर्ने बताए । 'कुनै विपद् आयो भने सबैभन्दा बढी श्रमिकलाई असर गर्छ, जलवायु परिवर्तनले हिमालको हिउँ पग्लँदै छ । पर्यटन व्यवसाय धरापमा परी त्यहाँ काम गर्ने श्रमिकको रोजिरोटी खोसिन सक्छ,' उनले भने, 'कृषिमा पनि त्यस्तै असर परिरहेको छ । कृषि उत्पादन कम हुँदा कृषिमा काम गर्ने श्रमिकलाई असर गर्छ ।'

पुडासैनीले जलवायु परिवर्तनको असरले तापक्रममा वृद्धि भई बाहिरी वातावरणमा काम गर्न नसक्ने अवस्था सृजना हुन सक्ने भन्दै दैनिक ज्वाला गरेर गुजारा टार्ने श्रमिक मारमा पर्ने बताए । 'जलवायुजन्य जोखिम दिनानुदिन बढिरहेको छ, श्रमिकहरूले काम गर्दा सुरक्षाको नयाँ उपायहरू अपनाउन आवश्यक छ,' उनले भने, 'निर्माणाधीन नयाँ पूर्वाधारहरू जलवायुमैत्री हुन आवश्यक छ ।'

श्रम, रोजगार, तथा सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव प्रदीप कोइरालाले बढ्दो जलवायु परिवर्तनको जोखिमबाट अनुकूलित हुन श्रमिकको स्वास्थ्य र सुरक्षामा ख्याल गर्दै नीति तथा कार्यक्रम तय गर्नुपर्नेमा जोड दिए । 'जलवायु अनुकूलनलाई प्राथमिकता दिँदै काम गर्ने उचित समय पनि हेरिनुपर्छ, दिउँसो बढी गर्मी भएमा बिहानको समयमा श्रमिकलाई काममा लगाउन सकिन्छ,' उनले भने, 'जलवायुजन्य जोखिमले श्रम क्षेत्रमा देखापरेको असर न्यूनीकरणमा सबैले समन्वय गर्नु आवश्यक छ ।'

नेपाल ट्रेड युनियन कांग्रेसका अध्यक्ष योगेन्द्रकुमार कुँवरले जलवायु परिवर्तनको मुख्य असर महिला श्रमिकलाई परेको भन्दै असर न्यूनीकरणसम्बन्धी नीतिको प्रभावकारी कार्यान्वयन हुनुपर्नेमा जोड दिए ।

वातावरण अभियन्ता सिलसिला आचार्यले जलवायुजन्य असरले श्रम समस्या निम्त्याइरहेको भन्दै समाधानका लागि राज्यले लगानी बढाउनुपर्नेमा जोड दिइन् । 'बाढीपहिरोजस्ता प्राकृतिक विपद्बाट सबैभन्दा बढी महिलालाई असर गरिरहेको छ, विपद्मा सबैभन्दा बढी विपन्न र त्यसमा पनि महिला श्रमिक पीडित छन्,' उनले भने, 'यस्ता विपद्मा मजदुरी गर्ने श्रमिकले रोजगार नपाउँदा दैनिक गुजारा गर्न सकस हुन्छ ।' *रासस*

# संरक्षण क्षेत्रभित्रै मौसमी खेती

गुलरिया (बर्दिया) । कृष्णसारको आहारा संकट टार्न बर्दियाको खैरापुरमा मौसमी खेती थालिएको छ । वन्यजन्तु संरक्षण ऐन, २०२९ ले संरक्षित वन्यजन्तुको सूचीमा कृष्णसारलाई सूचीकृत गरेको छ । हिउँदमा कृष्णसारको आहारा मासिएपछि कृष्णसार संरक्षण क्षेत्रमा मौसमी खेती गर्नुपरेको कृष्णसार संरक्षण क्षेत्रका संरक्षण अधिकृत भोजराज पन्थले बताए ।

संरक्षण क्षेत्रभित्रै कृष्णसारको बासस्थान परिसरको आठ हेक्टर क्षेत्रफलमा खेती गरिएको छ । उनी भन्छन्, 'पहिलो चरणमा गहुँ, मकै, केराउ, मसुरोलगायत अनाज छरेका छौं । यसले केही दिनलाई कृष्णसारको आहाराको जोहो हुन्छ ।'

पहिलोपटक छरेको अनाज कृष्णसारले खाएर सकेपछि पुनः दोस्रो चरणमा छर्ने तयारी कार्यालयको छ । *रासस*

**निक्षेप उपरको हकदावी सम्बन्धी सूचना**

बाग्मती प्रदेश, काठमाण्डौ जिल्ला, नागार्जुन नगरपालिका वडा नं.१ बस्ने, यज्ञ बहादुर राना मगरको छोरा, निर्मला राना मगरको पति श्री कृष्ण राना मगरले हिमालयन बैंकको ठमेल शाखामा बचत खाता नं.०१९००१९६८७००१८ खोली कारोवार गदै आउनु भएकोमा खाता संचालक श्री कृष्ण राना मगरको मिति २०८१।०७।१९ मा मृत्यु भएको र खातामा इच्छाएको व्यक्ति नभएकोले, खातामा रहेको रकम पाउं भनी मृतकको पत्नि निर्मला राना मगरले आवश्यक कागजात संलग्न गरी बैंक समक्ष निवेदन दिनु भएकोले उक्त रकम उपर अन्य कसैको हकदावी छ भने यो सूचना प्रकाशित भएको मितिले ३५(पैतीस) दिन भित्र स-प्रमाण दावी गर्न आउनु होला। अन्यथा मागबमोजिम खाताको रकम भुक्तानी गरिने व्यहोरा सूचित गरिन्छ।

HBL Himalayan Bank Ltd.
हिटी दरबार शाखा, दरबार मार्ग, काठमाण्डौ, नेपाल

**बीरगंज महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बीरगंज, पर्सा, मधेश प्रदेश**

**बोलपत्र स्वीकृत सम्बन्धी आशयको सूचना**

**प्रथम पटक प्रकाशन मिति : २०८१/०९/१५ गते**

यस बी.म.न.पा. अन्तर्गत आ.व.२०८१/०८२ मा यस कार्यालयको मिति २०८१/०७/०८ गते आर्थिक अभियान दैनिक राष्ट्रिय पत्रिकामा प्रकाशित सूचना अनुसार ठेक्का नं. BMC/NCB/WORKS/2081/082/04 (Construction of Boundary wall at Prasautipur Kabristan in Ward No.30) कार्यको लागि बोलपत्र आवहान गरिएको र मिति २०८१/०५/२८ र मिति २०८१/०५/३० गते खोलि मुल्यांकन गर्दा न्युनतम अंक कबोल गरेको देहाय बमोजिमको बोलपत्रदाता सफल हुन आएकोले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २५,२७ र बीरगंज महानगरपालिकाको सार्बजनिक खरिद नियमावली २०७७ को दफा ६९,७० अनुसार सारभूत रुपमा प्रभाव ग्राही भएकोले बोलपत्र स्वीकृत गरि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

| क्र.स | ठेक्का नं. | सफल भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट समेत) रु. | % घटी |
|---|---|---|---|---|
| १ | BMC/NCB/WORKS/ 2081/082/04 (Construction of Boundary wall at Prasautipur Kabristan in Ward No.30) | BMC/NCB/WORKS/ 2081/082/04 (Construction of Boundary wall at Prasautipur Kabristan in Ward No.30) | ५०८१२८७.७ | -४३.५४% |

**बाँकी पृष्ठ १ बाट ...**

**स्टक डिलर, ...**

चुक्ता पूँजीको हकमा नागरिक स्टक डिलर कम्पनीको ३ अर्ब ७३ करोड ९७ लाख ५० हजार र नबिल स्टक डिलरको १ अर्ब ५२ करोड रुपैयाँ छ । नागरिक स्टक डिलरले आर्थिक वर्ष २०७८/७९ को मुनाफाबाट चुक्ता पूँजीको ६ दशमलव ८५ प्रतिशत बराबर बोनस शेयर वितरण गरेको थियो ।

नागरिक स्टक डिलरले पूँजी बढाउने उद्देश्यले २०७८ पुस ३० गते सम्पन्न दोस्रो वार्षिक साधारणसभाबाट १ अर्ब ५० करोड रुपैयाँ बराबरको १ करोड ५० लाख कित्ता शेयर सर्वसाधारणमा निष्कासन गर्ने प्रस्ताव पारित गरेको थियो । तर, हालसम्म पनि कम्पनीले प्रारम्भिक शेयर निष्कासन (आईपीओ) प्रक्रिया अघि बढाएको छैन ।

नागरिक स्टक डिलरका प्रमुख कार्यकारी अधिकृत महेश्वरलाल श्रेष्ठले केही प्राविधिक विषय रहेकाले कम्पनीले तत्काल आईपीओ अघि बढाउन नसकेको जानकारी दिए ।

उनले व्यवसाय वृद्धिका लागि आईपीओमा जान ढिलाइ भइरहेको अवस्थामा अहिलेको पूँजीमात्र पर्याप्त नहुने भएकाले नागरिक लगानी कोषको कर्जा प्रभावकारी हुने बताए । नागरिक लगानी कोषले स्टक डिलर कम्पनीलाई प्राथमिकतामा राखेर प्रवाह गर्ने त्यस्तो कर्जा लागतको हिसाबमा अन्य संस्थाको तुलनामा कम हुने विश्वास श्रेष्ठले व्यक्त गरे । नागरिक स्टक डिलर कम्पनीले मार्जिन लेन्डिङ सेवासमेत शुरू गर्ने तयारी गरेको छ । यसका लागि नेपाल धितोपत्र बोर्डमा ६ महीनाअघि नै स्वीकृतिका लागि आवश्यक कागजात पेश गरिसकेको प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले जानकारी दिए ।

स्टक डिलर कम्पनीहरू व्यवसाय विस्तार गर्ने योजनाका साथ अघि बढिरहँदा कर्जाप्रदायक संस्थाहरू आउँदा उनीहरूलाई थप ऊर्जा मिल्ने उनको भनाइ छ । नबिल स्टक डिलरका वित्त व्यवस्थापन प्रमुख मदन तिमिल्सिनाले नागरिक लगानी कोषको यो योजनाले आफ्नो कम्पनीलाई समेत सहयोग मिल्ने बताए । धितोपत्र बजारमा लगानी गर्ने कम्पनीहरूलाई आफ्नो पूँजी मात्र लगानीका लागि पर्याप्त नभइरहेको अवस्थामा नागरिक लगानी कोषले स्टक डिलरलाई प्रभावकारी हुने गरी ऋण प्रवाह गर्नुपर्ने माग तिमिल्सिनाको छ । 'अहिले बैंक तथा वित्तीय संस्थामा पर्याप्त तरलता भएको अवस्था छ,' उनले भने, 'कर्जा लिनका लागि अन्य विकल्प पनि रहेकाले नागरिक लगानी कोषले प्रवाह गर्ने कर्जालाई नै स्वीकार्ने गरी नीति बन्नुपर्छ ।'

**नयाँ वर्षअघि ...**

होटेल एशोसिएशन नेपाल (हान) चितवन च्याप्टरका अध्यक्ष गंगा गिरीले पनि चितवनका होटेलहरू नयाँ वर्षका लागि लगभग प्याक रहेको बताए । 'भोलि र पर्सिका लागि होटेलहरू प्याक नै छन्, सौराहाका होटेलको बुकिङ ८० प्रतिशत भइसकेको छ,' उनले आइतवार आर्थिक अभियानसँग भने, 'यो समयमा चिनियाँ र आन्तरिक पर्यटक सौराहामा बढी छन् ।'

उनका अनुसार नेपाली नयाँ वर्षको समयमा आन्तरिक पर्यटकको बुकिङ अनुपात ४० प्रतिशत हुने तर ईस्वीको नयाँ वर्षमा यस्तो बुकिङ ६० प्रतिशत पुग्ने गरेको छ । ग्रेगोरियन नयाँ वर्षलाई लक्ष्य गरेर राजधानीबाहिरका प्रमुख पर्यटकीय गन्तव्य पोखरा र चितवनमा विभिन्न महोत्सव तथा गतिविधि भइरहेका छन् । पोखरामा नेपाल-चीन मैत्री ड्रागन बोट रेस शुरू भएको छ । यसले आन्तरिक पर्यटकलाई पनि थप प्रोत्साहित गरेको पाइएको छ । पर्यटकीय गन्तव्य पोखरा र चितवनमा अहिले ग्रेगोरियन नयाँ वर्ष २०२५ लाई लक्षित गरेर विभिन्न क्रियाकलाप भइरहेका छन् । यसको चहलपहलका कारण पर्यटकीय गन्तव्यमा आन्तरिक र बाह्य पर्यटकको राम्रो भीड रहेको व्यवसायी बताउँछन् ।

होटेल एशोसिएशन नेपाल (हान)का महासचिव साजन शाक्यले क्रिसमसदेखि नयाँ वर्षसम्मका लागि पर्यटकको अंक सकारात्मक भएको बताए । यस अवधिमा भारतीय र बंगलादेशबाट आउने पर्यटकको संख्या बढेको भन्दै उनले थपे, 'होटेलहरूमा राम्रो अकुपेन्सी छ, बाढीपहिरोयताका महीनामा भारतीय पर्यटकको संख्या कम थियो । तर, क्रिसमस र नयाँ वर्षका कारण भारतीयको संख्या काठमाडौंमा पनि बढेको छ ।' अहिले पर्यटकीय सिजन नहुँदा काठमाडौंमा यूरोपेली र अमेरिकी पर्यटक आगमन कम रहेको छ । डिसेम्बर र क्रिसमसमा पर्यटक आफ्नै देशमा जान्छन् । 'समग्रमा हेर्दा ६० प्रतिशत बुकिङ रहेको छ,' शाक्यले भने, 'गतवर्षको तुलनामा भने यो वर्षको बुकिङ कम हो । किनभने अहिले १० घण्टा विमानस्थल मर्मतसम्भारले उडान कम हुँदा टिकटको मूल्य बढेको छ । बाहिरबाट आउनेका लागि गत असोजको बाढीपहिरोबाट नकारात्मक प्रभाव परेको हो । गतवर्ष यही नयाँ वर्षमा यस्तो बुकिङ ८० प्रतिशत थियो ।'

यस्तै हान च्याप्टर पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले अहिले भइरहेका गतिविधिले पर्यटकको चहलपहल बढाएको बताए । पोखरामा पर्यटकको उपस्थिति राम्रो रहेको भन्दै उनले पोखराका होटेलको बुकिङ ८० प्रतिशत हुने बताए । साकुरा होटेलका सञ्चालकसमेत रहेका उनले पर्यटक आगमन सुधारोन्मुख हुँदा आफ्नो होटेलमा नयाँ वर्षको बुकिङ ७० प्रतिशत पुगेको बताए । यस समयमा जापानी र आन्तरिक पर्यटक बढी आउने गरेको उनले जानकारी दिए ।

**बागमती प्रदेश सरकार**
**सामाजिक विकास मन्त्रालय**
**सामाजिक विकास कार्यालय**
**हेटौंडा, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति - २०८१/०९/१५**

यस कार्यालयबाट प्रकाशित सूचना अनुसार तपसिलमा उल्लेखित बोलपत्रहरु न्यूनतम मूल्याङ्कित र सारभुत रुपमा प्रभावग्राहि देखिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S. N. | Construction of Work & Contract Identification no. | Bidder Name & Address | Bidding Amount (Including VAT & PS) |
|---|---|---|---|
| 1 | Construction of Mayatar School Hostel at Ichchhakamana-2,Chitwan. (SDOHETAUDA/NCB/04/081-82) | Ashlesha Construction Pvt.Ltd., KTM-10, Nepal. | 2795924.67 |
| 2 | Construction of School Building at Chhepedhap Aabi at Kalika-8, Chitwan. (SDOHETAUDA/NCB/05/081-82) | Upayogi Suppliers And Construction Pvt. Ltd., Kalika-9, Chitwan. | 2193019.68 |

**कार्यालय प्रमुख**

## जलविद्युत् कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ पुस १४)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | कुथेली बुखरी स्मल हाइड्रोपावर लिमिटेड | २५३७ | ३३०० | ८२५ |
| २ | सुपर मादी हाइड्रोपावर लिमिटेड | १२००.१ | १३४५ | ४१४.१ |
| ३ | रिभर फल्स पावर लिमिटेड | १०२० | १०८९ | २४९ |
| ४ | सुपरमाई हाइड्रोपावर लिमिटेड | १०१६ | १२८३ | ५६४ |
| ५ | शुभम पावर लिमिटेड | १०१० | ११०९.६ | ६१९ |
| ६ | भगवति हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड | ९७८ | १३६१.७ | ४९७.९ |
| ७ | मिड सोलु हाइड्रोपावर लिमिटेड | ९४७.९ | ११८० | ४९२.२ |
| ८ | माण्डु हाइड्रोपावर लिमिटेड | ८८२.१ | १४९३.१ | ६४८.६ |
| ९ | मन्दाकिनी हाइड्रोपावर लिमिटेड | ८५० | ११०१ | ३६१.५ |
| १० | थ्रीस्टार हाइड्रोपावर लिमिटेड | ८४९ | १२३१ | ४३८ |
| ११ | बाराही हाइड्रोपावर पब्लिक लिमिटेड | ८२८ | ९३१.७ | ४१२.६ |
| १२ | सिक्लेस हाइड्रोपावर लिमिटेड | ८१६ | ९७२ | ४२१.३ |
| १३ | सयपत्री हाइड्रोपावर लिमिटेड | ८१० | ८७० | ४४३ |
| १४ | अप्पर स्याङ्गे हाइड्रोपावर लिमिटेड | ७८५ | ९६१ | ३५५ |
| १५ | रावा इनर्जि डेभलपमेन्ट लिमिटेड | ७८३.९ | ९५०.६ | ३९९.९ |
| १६ | इष्टर्न हाइड्रोपावर लिमिटेड | ७५४.९ | ९९७ | ३७४ |
| १७ | एशियन हाइड्रोपावर लिमिटेड | ७१९ | ९०४ | ३६४.७ |
| १८ | चिरख्वा हाइड्रोपावर लिमिटेड | ७१७ | ८०० | ४४७.९ |
| १९ | नेपाल हाइड्रो डेभलोपर लिमिटेड | ७१० | ७७३ | ३६७.५ |
| २० | अपर हेवाखोला हाइड्रोपावर कम्पनी लिमिटेड | ६९९.९ | ७८४.५ | ३१५ |
| २१ | भूगोल इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेड | ६९९ | ७४३ | २८०.१ |
| २२ | दोल्ती पावर कम्पनी लिमिटेड | ६८५ | ७४२ | २७६.१ |
| २३ | माथिल्लो मैलुङ खोला जलविद्युत् लिमिटेड | ६७९ | ८३० | ३२३.२ |
| २४ | रू रू जलविद्युत् परियोजना लिमिटेड | ६७१ | ९२६.८ | ४८४.९ |
| २५ | भिजन लुम्बिनी उर्जा कम्पनी लिमिटेड | ६५७ | ८१६ | ४४५.१ |
| २६ | ईङवा हाइड्रोपावर लिमिटेड | ६५० | ७३४ | २८० |
| २७ | बिन्ध्यबासिनी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड | ६४० | ८२९.७ | ३९२ |
| २८ | माईखोला हाइड्रोपावर लिमिटेड | ६२५ | ७१४ | ३२५ |
| २९ | युनाइटेड इदी मर्दी एण्ड आर.बि. हाइड्रोपावर लिमिटेड | ६१० | ६९९.८ | ३२५ |
| ३० | माउन्टेन इनर्जी नेपाल लिमिटेड | ६०८ | ८०९.५ | ४९८.१ |
| ३१ | मेन्छियाम हाइड्रोपावर लिमिटेड | ६०६ | ६७० | ३०४ |
| ३२ | मकर जितुमाया सुरी हाइड्रोपावर लिमिटेड | ६०२ | ७७० | २७५.१ |
| ३३ | अप्पर सोलु हाइड्रो इलेक्ट्रिक कम्पनी लिमिटेड | ५९४ | ६७९ | ३०० |
| ३४ | चिलिमे जलविद्युत् कम्पनी लिमिटेड | ५७० | ६९७ | ४२६.३ |
| ३५ | त्रिशुली जलविद्युत् कम्पनी लिमिटेड | ५५४ | ६६० | ३६१.८ |
| ३६ | तेह्रथुम पावर कम्पनी लिमिटेड | ५३२ | ७२३ | ३६८ |
| ३७ | पिपुल्स पावर लिमिटेड | ५३० | ६८३.४ | २५५ |
| ३८ | मैलुङ खोला जलविद्युत् कम्पनी लिमिटेड | ५२९.३ | ७३५ | ४००.१ |
| ३९ | मोलुङ्ग हाइड्रोपावर कम्पनी लिमिटेड | ५२७.३ | ६३७ | ३५५ |
| ४० | कालिका पावर कम्पनी लिमिटेड | ५२४.९ | ६०६.९ | ३३१.३ |
| ४१ | राप्ती हाइड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेड | ५२१.१ | ५५९.९ | २४५ |
| ४२ | पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेड | ५१५ | ६७० | २७५.१ |
| ४३ | दोर्दी खोला जलविद्युत् कम्पनी लिमिटेड | ५१४ | ५७६ | २९६ |
| ४४ | सगरमाथा जलविद्युत् कम्पनी लिमिटेड | ५१२ | ८०० | ३२५ |
| ४५ | सामलिङ्ग पावर कम्पनी लिमिटेड | ५०८.८ | ७६६ | ४५० |
| ४६ | माया खोला हाइड्रोपावर कम्पनी लिमिटेड | ५०८.८ | ५८८.८ | २४६.२ |
| ४७ | हिमालयन हाइड्रोपावर लिमिटेड | ५०७.१ | ५६० | ३१४ |
| ४८ | ग्रीन भेन्चर्स लिमिटेड | ५०० | ६९९.९ | ४०२.४ |
| ४९ | सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड | ४९५.२ | ५९६ | २८९.१ |
| ५० | अप्पर लोहोरे खोला हाइड्रोपावर कम्पनी लिमिटेड | ४८० | ५४० | २६८ |
| ५१ | बुद्धभुमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेड | ४७५ | ७४२ | ३५३.६ |
| ५२ | साहस उर्जा लिमिटेड | ४७२ | ७२५ | ४०९.५ |
| ५३ | सानिमा माई हाइड्रोपावर लिमिटेड | ४६२ | ६८० | ३१६ |
| ५४ | श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेड | ४६१ | ५३५.५ | २६१.८ |
| ५५ | मनकामना इन्जिनियरिङ्ग हाइड्रोपावर लिमिटेड | ४६० | ४८९.८ | २६७.८ |
| ५६ | न्यादी हाइड्रोपावर लिमिटेड | ४२८ | ४७३ | २६०.३ |
| ५७ | जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड | ४२० | ५२१.६ | २०७.८ |
| ५८ | रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड | ४२० | ५२७ | २६०.३ |
| ५९ | छ्याङ्दी हाइड्रोपावर लिमिटेड | ३९०.५ | ४४७ | २३८ |
| ६० | बरुण हाइड्रोपावर कम्पनी लिमिटेड | ३९०.३ | ४७२ | २११ |
| ६१ | बुटवल पावर कम्पनी लिमिटेड | ३८९ | ५३६.५ | २८४.४ |
| ६२ | हिमालयन पावर पार्टनर लिमिटेड | ३८८.१ | ४६३ | २२४.५ |
| ६३ | खानीखोला हाइड्रोपावर कम्पनी लिमिटेड | ३६७.९ | ४७५ | २००.२ |
| ६४ | वलेफी हाइड्रोपावर लिमिटेड | ३४९.९ | ५२० | २७० |
| ६५ | राधी विद्युत् कम्पनी लिमिटेड | ३४८ | ४७७ | २१६ |
| ६६ | सान्जेन जलविद्युत् कम्पनी लिमिटेड | ३४३ | ४४२ | २५६ |
| ६७ | मध्य भोटेकोशी जलविद्युत् कम्पनी लिमिटेड | ३३० | ४३३ | २७९.३ |
| ६८ | सिनर्जी पावर डेभलपमेन्ट लिमिटेड | ३२२.९ | ३८९ | २०१ |
| ६९ | युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड | ३१९.९ | ३९४ | १९८ |
| ७० | मोदी ईनर्जी लिमिटेड | ३१५.८ | ३७५ | १९० |
| ७१ | दिव्यश्वरी हाइड्रोपावर लिमिटेड | ३००.३ | ३५० | १६५ |
| ७२ | पाँचथर पावर कम्पनी लिमिटेड | २८० | ३६७.२ | २१४ |
| ७३ | युनियन हाइड्रोपावर लिमिटेड | २७८.९ | ३४६ | १८६ |
| ७४ | पञ्चकन्या माई हाइड्रोपावर लिमिटेड | २७१.९ | ३४०.६ | २०६ |
| ७५ | यूनिभर्सल पावर कम्पनी लिमिटेड | २६७ | ३४५ | १८३ |
| ७६ | अपि पावर कम्पनी लिमिटेड | २६० | ३९० | १६२ |
| ७७ | माउन्टेन हाइड्रो नेपाल लिमिटेड | २६० | ३७९ | २१३.२ |
| ७८ | ङादी ग्रुप पावर लिमिटेड | २५६.१ | ५७१ | २१० |
| ७९ | अरुण भ्याली हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड | २४९ | ३४९ | १४९ |
| ८० | सिंगटी हाइड्रो इनर्जी लिमिटेड | २३७ | ३३४.४ | १४३.१ |
| ८१ | ग्रीनलाईफ हाइड्रोपावर लिमिटेड | २३५.२ | ३३६ | १९६ |
| ८२ | अरुण काबेली पावर लिमिटेड | २३१ | ३२६ | १५७.२ |
| ८३ | शिव श्री हाइड्रोपावर लिमिटेड | २२५ | २८१.१ | १५२.५ |
| ८४ | हिमालय उर्जा विकास कम्पनी लिमिटेड | २२४.४ | ३३५.५ | १८३.६ |
| ८५ | रिडी पावर कम्पनी लिमिटेड | २१९.८ | ३२० | १५४.५ |
| ८६ | नेशनल हाइड्रोपावर कम्पनी लिमिटेड | २१४ | २९० | १३६ |
| ८७ | अपर तामाकोशी हाइड्रोपावर लिमिटेड | २०४ | २९५ | १५२.१ |
| ८८ | घलेम्दी हाइड्रो लिमिटेड | २०४ | २८३ | १४१ |
| ८९ | लिवर्टी इनर्जी कम्पनी लिमिटेड | १९९.१ | ३४४ | १६८.४ |
| ९० | आँखुखोला जलविद्युत् कम्पनी लिमिटेड | १९७ | २७४.९ | १५०.९ |
| ९१ | हिमाल दोलखा हाइड्रोपावर कम्पनी लिमिटेड | १९६.४ | २७३ | १२३.३ |

## वाणिज्य बैंकहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ पुस १४)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | स्ट्याण्डर्ड चार्टर्ड बैंक लिमिटेड | ६७२ | ७९० | ४९७.४ |
| २ | एभरेष्ट बैंक लिमिटेड | ५८३ | ७९० | ४८७.३ |
| ३ | नबिल बैंक लिमिटेड | ५०२.७ | ७०० | ४१९ |
| ४ | नेपाल एसबिआई बैंक लिमिटेड | ४३० | ५४९ | २६८.६ |
| ५ | एनआईसी एशिया बैंक लिमिटेड | ३९१ | ५७३ | ३४१.६ |
| ६ | कृषि विकास बैंक लिमिटेड | ३३३.९ | ४२८.४ | २२०.५ |
| ७ | सिद्धार्थ बैंक लिमिटेड | ३०६ | ३८० | २१२.२ |
| ८ | सानिमा बैंक लिमिटेड | ३०२.१ | ३८२ | २२८ |
| ९ | नेपाल बैंक लिमिटेड | २६९.९ | ३३७.५ | १९५.१ |
| १० | प्राइम कमर्सियल बैंक लिमिटेड | २५८.२ | ३२९ | १८६ |
| ११ | एनएमबि बैंक लिमिटेड | २४६ | ३०० | १६२ |
| १२ | प्रभु बैंक लिमिटेड | २४१.१ | २९७ | १३२ |
| १३ | हिमालयन बैंक लिमिटेड | २३९.१ | ३१२.१ | १६७.१ |
| १४ | लक्ष्मी सन्राइज बैंक लिमिटेड | २३९ | ३०० | १४३.६ |
| १५ | माछापुच्छ्रे बैंक लिमिटेड | २३८.१ | २९५ | १५७.८ |
| १६ | ग्लोबल आइएमई बैंक लिमिटेड | २२९.५ | ३०२ | १७० |
| १७ | सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड | २२१.९ | २९६ | १५२.५ |
| १८ | नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड | २२१ | २९५ | १४७.४ |
| १९ | कुमारी बैंक लिमिटेड | २१९.३ | २७२.९ | १२९.६ |

## 'अन्य' कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ पुस १४)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | मुक्तिनाथ कृषि कम्पनी लिमिटेड | १४८५ | १९२६ | ४२९.२ |
| २ | नेपाल दूरसञ्चार कम्पनी लिमिटेड | ९६०.३ | १२१४ | ८०० |
| ३ | नेपाल वेयरहाउजिङ्ग कम्पनी लिमिटेड | ९५७ | १२६४ | ३११.५ |
| ४ | हिमालयन रिइन्स्योरेन्स लिमिटेड | ७९६ | १०६० | ३०९.२ |
| ५ | नेपाल पुनर्बीमा कम्पनी लिमिटेड | ७२९ | १०५२ | ६३०.१ |
| ६ | नेपाल रिपब्लिक मिडिया लिमिटेड | ४३८.९ | ५८०.८ | ३३०.४ |

## नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका 'अन्य' समूहका कम्पनीहरू

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | विक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | ट्रेड टावर लिमिटेड | १,१५८,९८० | १०० | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०७९ असार १४ |
| २ | कान्तिपुर टेलिभिजन नेटवर्क लिमिटेड | ७५०,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८० जेठ २८ |
| ३ | डिस मिडिया नेटवर्क लिमिटेड | १३,५८४,९५५ | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८० असार १२ |
| ४ | आइएमई लिमिटेड | १,०००,००० | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८० असार २९ |
| ५ | हस्पिटल फर एडभान्स्ड मेडिसिन एण्ड सर्जरी लि. | १,१२५,००० | २८८ | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८० पुस ६ |
| ६ | पियोर इनर्जी लिमिटेड | १,६००,००० | १०० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८० माघ २९ |
| ७ | नेपाल ब्रोडकास्टीङ्ग च्यानल लिमिटेड | १,०००,००० | ५० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ जेठ २१ |
| ८ | कैलाश हेलिकप्टर सर्भिसेस लिमिटेड | ३५०,००० | ३२७ | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ जेठ २९ |
| ९ | छाया देबी कम्प्लेक्स लिमिटेड | १,४३७,५०० | ४०० | प्रभु क्यापिटल लिमिटेड | २०८१ भदौ २ |
| १० | बिजनेस ईन्टरेष्ट ग्रुप अफ इण्डष्ट्रिज लिमिटेड | ४,५००,००० | १०० | कुमारी क्यापिटल लिमिटेड | २०८१ असार २ |

## नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका जलविद्युत् समूहका कम्पनीहरू

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | विक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | सानिमा हाइड्रोपावर लिमिटेड | १,४७०,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८० जेठ २६ |
| २ | हिमस्टार उर्जा कम्पनी लिमिटेड | १,११९,००० | १०० | एन आई सी एशिया क्यापिटल लिमिटेड | २०८० जेठ ३१ |
| ३ | दरम खोला हाइड्रो इनर्जी लिमिटेड | ३,९५०,००० | १०० | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०८० भदौ ५ |
| ४ | भुजुङ्ग हाइड्रोपावर लिमिटेड | १,४५५,००० | १०० | कुमारी क्यापिटल लिमिटेड | २०८० भदौ १३ |
| ५ | सान्भि इनर्जी लिमिटेड | ३,७९०,००० | १०० | नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लिमिटेड | २०८० भदौ २७ |
| ६ | रिचेत जलविद्युत् कम्पनी लिमिटेड | १,१७६,४५० | १०० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८० भदौ २९ |
| ७ | बेनी हाइड्रोपावर प्रोजेक्ट लिमिटेड | २,०८०,००० | १०० | एनएमबि क्यापिटल लिमिटेड | २०८० असोज ५ |
| ८ | याम्बालिङ्ग हाइड्रोपावर लिमिटेड | २,८००,००० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८० असोज १० |
| ९ | माबिलुङ्ग इनर्जी लिमिटेड | १,८९०,५३० | १०० | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०८० असोज १४ |
| १० | सोलु हाइड्रोपावर लिमिटेड | २०,०००,००० | १०० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८० असोज २३ |
| ११ | टक्सार पिखुवाखोला हाइड्रोपावर लिमिटेड | ४,२३०,६६८ | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८० असोज २६ |
| १२ | विकास हाइड्रोपावर कम्पनी लिमिटेड | ४,४५४,५९६ | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८० मङ्सिर १९ |
| १३ | रिज लाईन इनर्जी लिमिटेड | ५,८०४,२०१ | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८० मङ्सिर २५ |
| १४ | लाफिङ्ग बुद्ध पावर नेपाल लिमिटेड | ६,५७७,००० | १०० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८० पुस २ |
| १५ | कालिन्चोक हाइड्रोपावर लिमिटेड | ७५०,००० | १०० | आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड | २०८० माघ २२ |
| १६ | हिम रिभर पावर लिमिटेड | १,३३०,००० | १०० | सिद्धार्थ क्यापिटल लिमिटेड | २०८० माघ २८ |
| १७ | लोअर इर्खुवा हाइड्रोपावर कम्पनी लिमिटेड | २,८०५,७५० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८० फागुन ११ |
| १८ | बुंगल हाइड्रो लिमिटेड | २,९०५,००० | १०० | हिमालयन क्यापिटल लिमिटेड | २०८० चैत ६ |
| १९ | कलंगा हाइड्रो लिमिटेड | ४,९००,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८० चैत ६ |
| २० | सानीगाड हाइड्रो लिमिटेड | ८,५५०,००० | १०० | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०८० चैत ६ |
| २१ | एपेक्स मकालु हाइड्रोपावर लिमिटेड | २,४००,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८० चैत १८ |
| २२ | अपोलो हाइड्रोपावर लिमिटेड | १,४१०,००० | १०० | हिमालयन क्यापिटल लिमिटेड | २०८० चैत २० |
| २३ | गौरीशंकर पावर डेभलपमेन्ट लिमिटेड | २,४००,००० | १०० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८० चैत २१ |
| २४ | शिखर पावर डेभलपमेन्ट लिमिटेड | २,१६०,००० | १०० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०८० चैत ३० |
| २५ | सिउरी न्यादी पावर लिमिटेड | ३०,३६०,७८४ | १०० | एनएमबि क्यापिटल लिमिटेड | २०८१ वैशाख १८ |
| २६ | सुपर खुदी हाइड्रोपावर लिमिटेड | ७,५९५,००० | १०० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०८१ वैशाख ३० |
| २७ | माउण्ट एभरेष्ट पावर डेभलपमेन्ट लिमिटेड | २,५८०,००० | १०० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ जेठ ६ |
| २८ | यूनिक हाईडेल कम्पनी लिमिटेड | २,२००,००० | १०० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०८१ जेठ १६ |
| २९ | आशुतोष इनर्जी लिमिटेड | १,२००,००० | १०० | एनएमबि क्यापिटल लिमिटेड | २०८१ जेठ २१ |
| ३० | हिलटन हाइड्रो इनर्जी लिमिटेड | १,३७५,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८१ जेठ २४ |
| ३१ | स्नो रिभर्स लिमिटेड | १,६२५,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८१ जेठ २४ |
| ३२ | झापा इनर्जी लिमिटेड | ९५०,४७५ | १०० | हिमालयन क्यापिटल लिमिटेड | २०८१ जेठ ३० |
| ३३ | सूर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेड | १,३७९,३५० | १०० | कुमारी क्यापिटल लिमिटेड | २०८१ असार ४ |
| ३४ | पुवा खोला-वान हाइड्रोपावर लिमिटेड | १,९४६,६६० | १०० | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०८१ असार ५ |
| ३५ | मादमे खोला हाइड्रोपावर लिमिटेड | ३,२५०,००० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ साउन १३ |
| ३६ | निलगिरी खोला हाइड्रोपावर कम्पनी लिमिटेड | ४,३२०,००० | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८१ साउन २२ |
| ३७ | पिपुल्स इनर्जी लिमिटेड | ६,६००,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८१ साउन २३ |
| ३८ | चम्पावती हाइड्रोपावर लिमिटेड | १,६००,००० | १०० | आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड | २०८१ कात्तिक ४ |
| ३९ | हीम पर्वत हाइड्रोपावर लिमिटेड | ५,९१५,००० | १०० | सिटिजन्स क्यापिटल लिमिटेड | २०८१ मङ्सिर ५ |
| ४० | सेन्चुरी इनर्जी लिमिटेड | ३००,००० | २७५.११ | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ मङ्सिर १४ |
| ४१ | ह्याविटयाट पावर कम्पनी लिमिटेड | १,१००,००० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ मङ्सिर २१ |

## नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका लघुबीमा समूहका कम्पनीहरू

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | विक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | २,२५०,००० | १०० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ भदौ २० |
| २ | नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड | २,२५०,००० | १०० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ भदौ २४ |
| ३ | प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लिमिटेड | २,२५०,००० | १०० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ असोज २० |
| ४ | स्टार माइक्रो इन्स्योरेन्स लिमिटेड | २,२५०,००० | १०० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ मङ्सिर ९ |
| ५ | लिबर्टी माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | २,२५०,००० | १०० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ मङ्सिर २० |

## नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका लगानी समूहका कम्पनीहरू

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | विक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | बरूण इन्भेष्टमेण्ट लिमिटेड | २,४७५,००० | १०० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०८० पुस २५ |
| २ | सिड इनर्जी लिमिटेड | १,५९८,५०० | १०० | एनएमबि क्यापिटल लिमिटेड | २०८० चैत ४ |
| ३ | शिवम होल्डिङ्ग्स लिमिटेड | ११,६००,००० | २१० | सिद्धार्थ क्यापिटल लिमिटेड | २०८१ जेठ २९ |

## विकास बैंकहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ पुस १४)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेड | १३१२ | १९२० | ३३२.२ |
| २ | नारायणी डेभलपमेन्ट बैंक लिमिटेड | १०४०.९ | १४३३ | ३६३.६ |
| ३ | ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड | ८८० | १२०१ | ३१३ |
| ४ | सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड | ८७२.१ | ११८० | २३७ |
| ५ | सिन्धु विकास बैंक लिमिटेड | ७६१.४ | १११४.७ | २६५.१ |
| ६ | मितेरी डेभलपमेन्ट बैंक लिमिटेड | ६९५.८ | ८४३.५ | ३७५ |
| ७ | एक्सेल डेभलपमेन्ट बैंक लिमिटेड | ५६३ | ७७४ | ३२५ |
| ८ | लुम्बिनी विकास बैंक लिमिटेड | ४७३.७ | ५६० | ३६१ |
| ९ | कामना सेवा विकास बैंक लिमिटेड | ४३२.९ | ५६४.८ | ३११ |
| १० | शाइन रेसुङ्गा डेभलपमेन्ट बैंक लिमिटेड | ४२६ | ६२५ | ३५३ |
| ११ | सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड | ४०२ | ४९७ | २८५ |
| १२ | गरिमा विकास बैंक लिमिटेड | ३९६.५ | ५३१.४ | ३५० |
| १३ | महालक्ष्मी विकास बैंक लिमिटेड | ३८९ | ४९८ | ३०५.८ |
| १४ | मुक्तिनाथ विकास बैंक लिमिटेड | ३७५ | ४८२ | ३३२.४ |
| १५ | ज्योति विकास बैंक लिमिटेड | ३५९.९ | ४४५ | २७५ |

## फाइनान्स कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ पुस १४)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | नेपाल फाइनान्स लिमिटेड | १००२ | २६१४.९ | ३०३ |
| २ | जानकी फाइनान्स कम्पनी लिमिटेड | ८३३.४ | १०८३.३ | ३३४.२ |
| ३ | गुडविल फाइनान्स लिमिटेड | ७७७.१ | १३५३ | ४१५.८ |
| ४ | गोर्खाज फाइनान्स लिमिटेड | ६५७ | १०४१ | ५१६ |
| ५ | आइसिएफसि फाइनान्स लिमिटेड | ६५२.१ | ९१० | ४५५ |
| ६ | मल्टीपर्पस फाइनान्स लिमिटेड | ६५१ | ९३६.९ | ३१७.८ |
| ७ | मञ्जुश्री फाइनान्स लिमिटेड | ६५० | ९१७ | ४८०.२ |
| ८ | बेष्ट फाइनान्स कम्पनी लिमिटेड | ६३८.९ | ९५१.६ | ३०९.१ |
| ९ | प्रोग्रेशिभ फाइनान्स लिमिटेड | ६०९ | ८६५ | २९५ |
| १० | समृद्धि फाइनान्स कम्पनी लिमिटेड | ६०८ | १११७.९ | २८५.५ |
| ११ | सेन्ट्रल फाइनान्स लिमिटेड | ५८२ | ८२० | ३१८ |
| १२ | पोखरा फाइनान्स लिमिटेड | ५७७ | ७९५ | ३४० |
| १३ | श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स क. लि. | ५७१.९ | ७९५ | ३३६.२ |
| १४ | रिलायन्स फाइनान्स लिमिटेड | ५६१.८ | ८३८ | ३३९ |
| १५ | गुहेश्वरी मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लि. | ५४६ | ७५९ | ३३३ |

## निर्जीवन बीमा कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ पुस १४)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | राष्ट्रिय बीमा कम्पनी लिमिटेड | १५६८१ | २२४९३.९ | १२८०० |
| २ | एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड | ९६५ | १३८२ | ७१५.३ |
| ३ | नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड | ९५९ | ११६२ | ८०० |
| ४ | प्रभु इन्स्योरेन्स लिमिटेड | ९४७ | १११३ | ७०५ |
| ५ | नेको इन्सुरेन्स लिमिटेड | ९२६ | १०५० | ७५० |
| ६ | सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड | ८०० | १०७६ | ६९३ |
| ७ | शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड | ७९९ | ११२० | ६६९.४ |
| ८ | सगरमाथा लुम्बिनी इन्स्योरेन्स क. लि. | ६९८ | ९२६ | ६०२ |
| ९ | सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेड | ६६३ | ८१७.१ | ४८८ |
| १० | यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड | ६३२.५ | ८३७.३ | ५१४ |
| ११ | हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड | ६१९.५ | ८१० | ५३७.१ |
| १२ | आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लि. | ५७१.१ | ७६० | ५०७ |

## लगानी कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ पुस १४)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | नागरिक लगानी कोष | २०८५ | २७०० | १८८७ |
| २ | सिईडिबि होल्डिङ्ग्स लिमिटेड | १५७०.१ | २३७० | ६२७ |
| ३ | हाथवे इन्भेष्टमेण्ट नेपाल लिमिटेड | १३५५ | १८१६ | ८०० |
| ४ | इमर्जिङ्ग नेपाल लिमिटेड | १२५७ | १४५३.५ | ७२८ |
| ५ | एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लि. | ९९९ | १२०५ | ४४५.९ |
| ६ | नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड | २४६.८ | ३६६.६ | १८८.१ |
| ७ | हाइड्रोईलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट क. लि. | २३४.९ | ३६० | १५८.१ |

## उत्पादन तथा प्रशोधन कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ पुस १४)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | युनिलिभर नेपाल लिमिटेड | ४५७५० | ५६८०५.८ | ३८३०० |
| २ | बोटलर्स नेपाल (बालाजु) लिमिटेड | १६३४१.६ | २३७६५.६ | ६२३५.५ |
| ३ | बोटलर्स नेपाल (तराई) लिमिटेड | १४०५० | १८१०० | ११७०० |
| ४ | हिमालयन डिष्टिलरी लिमिटेड | १३६६ | १८१९ | ११४० |
| ५ | सर्वोत्तम सिमेन्ट लिमिटेड | ७१७ | १०८३ | ५५६ |
| ६ | शिवम् सिमेन्ट्स लिमिटेड | ५५५ | ७७९.९ | ४५९ |
| ७ | घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेड | ४९२.१ | ६६८ | ४४६.३ |
| ८ | सोनापुर मिनरल्स् एण्ड आयल लिमिटेड | ४५४ | ६२४ | ४०६.१ |

# तीन कारोबार दिनपछि पुनः घट्यो नेप्से

**अभियान संवाददाता**
काठमाडौं

लगातार तीन कारोबार दिन बढेको नेप्से आइतवार भने २१ दशमलव १२ अंक घटेर बन्द भएको छ। यससँगै नेप्से २ हजार ६०९ दशमलव ५८ विन्दुमा झरेको हो।

नेपाल राष्ट्र बैंकले कर्णाली डेभलपमेन्ट बैंकलाई समस्याग्रस्त घोषणा गरेपछि कतिपय आधारभूत अवस्था कमजोर रहेका कम्पनीहरूको शेयर मूल्य घटेको छ। विकास बैंक र वित्त समूहमा यसको बढी असर देखिएको हो। सोही कारण यी दुवै समूहका कम्पनीहरूको शेयर मूल्य ओरालो लागेको छ। यस दिन कारोबारमा आएका १३ समूहगत सूचकमध्ये तीन समूहको सूचक बढेको छ भने बाँकी सबै समूहको सूचक घटेको छ। तीमध्ये लघुवित्त समूहको सूचक सबैभन्दा बढी १ दशमलव १२ प्रतिशत वृद्धि भएको छ भने वित्त समूहको सूचक सबैभन्दा बढी ४ दशमलव ४७ प्रतिशत घटेको छ।

यस दिन ३१६ धितोपत्रको १ करोड १० लाख ९९ हजार २३९ कित्ता ६६ हजार ७७४ पटकमा रू. ५ अर्ब ४७ करोड बराबरको कारोबार भएको छ।

कारोबारमा आएका धितोपत्रमध्ये महिला लघुवित्त वित्तीय संस्थाको शेयर मूल्य १० प्रतिशतका दरले वृद्धि भएको छ। कम्पनीको शेयर मूल्य प्रतिकित्ता रू. २ हजार ४६१ दशमलव ६० पुगेको छ।

यस दिन सपोर्ट लघुवित्त वित्तीय संस्था, नारायणी डेभलपमेन्ट बैंक, सप्तकोशी डेभलपमेन्ट बैंक, जानकी फाइनान्स र सिन्धु विकास बैंकको शेयर मूल्य अघिल्लो कारोबार दिनको तुलनामा १० प्रतिशतका दरले घटेको हो।

सर्वाधिक शेयर खरीदविक्रीको हिस्सा प्रभु बैंकले ओगटेको छ। यस कम्पनीको रू. २६ करोड १० लाख बराबरको शेयर खरीदविक्री भएको हो। सर्वाधिक शेयर खरीदविक्री हुने दोस्रोमा जानकी फाइनान्स छ। यस कम्पनीको रू. १६ करोड ९ लाख बराबरको शेयर खरीदविक्री भएको छ।

**बजार पूँजीकरण घट्यो**

आइतवार बजार पूँजीकरण रू. ३५ अर्ब ४ करोडले घट्दै रू. ४३ खर्ब २८ अर्ब ५१ करोड कायम भएको छ। अघिल्लो कारोबार दिन बजार पूँजीकरण रू. ४३ खर्ब ६३ अर्ब ५६ करोड थियो।

**कुल कारोबारमा सर्वाधिक हिस्सा जलविद्युत् समूहको**

कारोबार रकमका आधारमा आइतवार जलविद्युत् समूहले सर्वाधिक हिस्सा ओगटेको छ। कुल कारोबारमध्ये ३० दशमलव ९६ प्रतिशत हिस्सा ओगटेको उक्त समूहको रू. १ अर्ब ६९ करोड ५१ लाख बराबरको धितोपत्र किनबेच भएको छ। यस्तै, सर्वाधिक कारोबार गर्ने समूहमध्ये दोस्रो स्थानमा लघुवित्त समूह रहेको छ। उक्त समूहको रू. ७९ करोड ८९ लाख बराबरको धितोपत्र किनबेच भएको छ।

**ब्रोकर नं. ५८ बाट सर्वाधिक कारोबार**

आइतवारको बजारमा ब्रोकर नं. ५८ सर्वाधिक कारोबार गर्नेमध्ये शीर्ष स्थानमा रहेको छ। उक्त ब्रोकरबाट रू. ६६ करोड ७३ लाख बराबरको धितोपत्र किनबेच भएको हो। कारोबार अवधिमा उक्त ब्रोकरबाट रू. २६ करोड ७१ लाख बराबरको धितोपत्र विक्री भएको छ भने रू. ४० करोड २ लाख बराबरको धितोपत्र खरीद भएको देखिन्छ। यस्तै, दोस्रोमा ब्रोकर नं. ३४ रहेको छ। जसबाट आइतवारको बजारमा रू. ५१ करोड ६८ लाख बराबरको धितोपत्र किनबेच भएको छ।

**मूल्य घटबढका आधारमा शीर्ष ५ धितोपत्र**

| बढेका धितोपत्र | | | घटेका धितोपत्र | | |
|---|---|---|---|---|---|
| धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) | धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) |
| महिला लघुवित्त वित्तीय संस्था लिमिटेड | २,४६१.६० | १०.०० | सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेड | ३,५८७.४० | -१०.०० |
| आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेड | ६,५३०.०० | ९.९८ | नारायणी डेभलपमेन्ट बैंक लिमिटेड | १,०४०.९० | -१०.०० |
| मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड | २,१६०.०० | ६.०९ | सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड | ८७२.१० | -१०.०० |
| श्रृजनशील लघुवित्त वित्तीय संस्था लिमिटेड | २,७८५.०० | ५.८९ | जानकी फाइनान्स कम्पनी लिमिटेड | ८३३.४० | -१०.०० |
| एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लि. | ९९९.०० | ५.७१ | सिन्धु विकास बैंक लिमिटेड | ७६१.४० | -१०.०० |

**समूहगत परिसूचकमा आएको परिवर्तन**

| क्र.सं. | समूह | समूहगत परिसूचक | परिवर्तन (%मा) |
|---|---|---|---|
| १ | लघुवित्त | ४,९७७.९७ | १.१२ |
| २ | अन्य | १,९४६.३७ | ०.२९ |
| ३ | म्युचुअल फण्ड | २०.३४ | ०.१८ |
| ४ | निर्जीवन बीमा | १२,४४४.२३ | -०.१२ |
| ५ | जीवन बीमा | १२,४४४.३३ | -०.३९ |
| ६ | होटल तथा पर्यटन | ६,३८७.९० | -०.६१ |
| ७ | लगानी | ९८.७५ | -०.६६ |
| ८ | उत्पादन तथा प्रशोधन | ६,७६२.५४ | -०.८१ |
| ९ | बैंकिङ्ग | १,४१५.४३ | -०.८७ |
| १० | व्यापार | ४,६६९.८२ | -१.०३ |
| ११ | जलविद्युत् | ३,४३४.३२ | -१.७३ |
| १२ | विकास बैंक | ५,२२३.७६ | -२.६५ |
| १३ | वित्त | २,९३५.७८ | -४.४७ |

**शीर्ष ५ ब्रोकर (रकम रू. करोडमा)**

| ब्रोकर नं. | खरीद रकम | विक्री रकम | जम्मा रकम |
|---|---|---|---|
| ५८ | ४०.०२ | २६.७१ | ६६.७३ |
| ३४ | २५.३० | २६.३८ | ५१.६८ |
| ४५ | २१.९३ | १८.१५ | ४०.०९ |
| ४२ | १७.७४ | १७.९० | ३५.६४ |
| ५७ | १५.२७ | १५.७१ | ३०.९९ |

**समूहगत कारोबार**

| क्र.सं. | समूह | कारोबार रकम (रू. करोडमा) | कारोबारमा हिस्सा(%मा) |
|---|---|---|---|
| १ | जलविद्युत् | १६९.५१ | ३०.९६ |
| २ | लघुवित्त | ७९.८९ | १४.५९ |
| ३ | बैंकिङ्ग | ७२.१३ | १३.१८ |
| ४ | वित्त | ६८.९८ | १२.६० |
| ५ | विकास बैंक | ४७.२८ | ८.६४ |
| ६ | लगानी | ३०.२२ | ५.५२ |
| ७ | निर्जीवन बीमा | २२.८७ | ४.१८ |
| ८ | उत्पादन तथा प्रशोधन | १७.८० | ३.२५ |
| ९ | जीवन बीमा | १५.६८ | २.८७ |
| १० | अन्य | १०.८० | १.९७ |
| ११ | होटल तथा पर्यटन | ५.८० | १.०६ |
| १२ | संस्थापक शेयर | ३.५० | ०.६४ |
| १३ | व्यापार | १.८७ | ०.३४ |
| १४ | म्युचुअल फण्ड | ०.६९ | ०.१३ |
| १५ | ऋणपत्र | ०.३७ | ०.०७ |

**सर्वाधिक कारोबार भएका पाँच धितोपत्र**

| धितोपत्रको नाम | कारोबार रकम (रू. करोडमा) | अन्तिम मूल्य(रू.) |
|---|---|---|
| प्रभु बैंक लिमिटेड | २६.१० | २४१.१० |
| जानकी फाइनान्स कम्पनी लिमिटेड | १६.०९ | ८३३.४० |
| एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेड | १५.३४ | ९९९.०० |
| एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड | १२.१३ | ९६५.०० |
| रिभर फल्स पावर लिमिटेड | ११.१८ | १,०२०.०० |

## हिमालयन ८०-२० को नाफा रू. १२ करोड ४६ लाख

काठमाडौं (अस)। हिमालयन ८०-२० ले मङ्सिर मसान्तसम्म १२ करोड ४६ लाख रुपैयाँभन्दा बढी नाफा गरेको छ। कात्तिक मसान्तसम्मको तुलनामा भने योजनाको नाफा घटेको हो। कात्तिक मसान्तसम्म योजनाले १६ करोड ४७ लाख रुपैयाँभन्दा बढी नाफा गरेको थियो। मङ्सिरमा योजनाको आम्दानी घटेको र खर्च बढेकाले नाफामा असर परेको हो।

कात्तिक मसान्तसम्म १७ करोड २५ लाख रुपैयाँभन्दा बढी जम्मा आम्दानी गरेको योजनाले मङ्सिर मसान्तसम्म १३ करोड ४२ लाख रुपैयाँभन्दा बढी मात्र जम्मा आम्दानी गरेको हो। कात्तिक मसान्तसम्म ७८ लाख ५७ हजार रुपैयाँ खर्च गरेको योजनाले मङ्सिर मसान्तसम्म ९६ लाख ६५ हजार रुपैयाँभन्दा बढी खर्च गरेको हो।

बन्दमुखी प्रकृतिको यस योजनाले १० करोड इकाई जारी गरेको थियो। मङ्सिर मसान्तसम्म योजनाको प्रतिइकाई खुद सम्पत्ति मूल्य ११ रुपैयाँ ७४ पैसा कायम छ। कात्तिक मसान्तसम्म यो मूल्य १२ रुपैयाँ १४ पैसा थियो।

धितोपत्र बजारमा लगानी गर्ने प्रमुख उद्देश्यका साथ सञ्चालित यस योजनाले मङ्सिर मसान्तसम्म धितोपत्रमा गरेको लगानीको परल मूल्य १ अर्ब ३ करोड रुपैयाँभन्दा बढी छ। यस अवधिसम्म योजनाले बैंक मुद्दती निक्षेपमा १२ करोड ५० लाख रुपैयाँ लगानी गरेको छ। धितोपत्रमा गरेको लगानी र बैंक मुद्दती निक्षेपमा भएको लगानी सहित योजनाको कुल लगानी बजार मूल्य भने १ अर्ब ११ करोड रुपैयाँभन्दा बढी छ।

## सात कम्पनीको शेयर मूल्य समायोजन

काठमाडौं (अस)। आइतवार नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा सात कम्पनीको शेयर मूल्य समायोजन भएको छ। महालक्ष्मी विकास बैंक, जीवन विकास लघुवित्त, आत्मनिर्भर लघुवित्त, कृषि विकास बैंक, छिमेक लघुवित्त वित्तीय संस्था, मितेरी डेभलपमेन्ट बैंक र चिलिमे जलविद्युत् कम्पनीको बोनस शेयर प्रयोजनार्थ बुक क्लोज गरेसँगै नेप्सेले शेयर मूल्य समायोजन गरी नयाँ मूल्य निर्धारण गरेको हो।

नेप्सेले चिलिमे जलविद्युत्को १० प्रतिशत, मितेरीको ९ दशमलव ५० प्रतिशत, छिमेक लघुवित्तको ८ प्रतिशत, कृषि विकास बैंकको ३ प्रतिशत, आत्मनिर्भर लघुवित्तको १४ दशमलव २५ प्रतिशत, जीवन विकास लघुवित्तको १४ प्रतिशत र महालक्ष्मी विकास बैंकको ३ प्रतिशत बोनस शेयर समायोजन गरेको हो।

समायोजनपश्चात् महालक्ष्मी विकास बैंकको शेयर मूल्य रू. ३७७ दशमलव ६७, जीवन विकास लघुवित्तको रू. १ हजार ३७८ दशमलव ०७, आत्मनिर्भर लघुवित्तको रू. ५ हजार ७१५ दशमलव ५४, कृषि विकास बैंकको रू. ३२४ दशमलव १७, छिमेक लघुवित्तको रू. ८६१ दशमलव २०, मितेरी डेभलपमेन्ट बैंकको रू. ६३५ दशमलव ३९ र चिलिमे जलविद्युत्को रू. ५१८ दशमलव १८ कायम भएको छ। यही समायोजित मूल्यलाई आधार मानेर कम्पनीको शेयर आगामी मंगलवारदेखि दोस्रो बजारमा कारोबारमा आउनेछ।

## एनएमबि सरल बचत फण्ड-इको नाफा रू. १८ करोड ८८ लाख

काठमाडौं (अस)। एनएमबि म्युचुअल फण्डअन्तर्गत सञ्चालित एनएमबि सरल बचत फण्ड-इले मङ्सिर मसान्तको खुद सम्पत्ति मूल्य विवरण सार्वजनिक गरेको छ।

उक्त वित्तीय विवरणअनुसार फण्डले मङ्सिर मसान्तमा रू. १८ करोड ८८ लाख नाफा कमाएको छ। यो नाफा कात्तिक मसान्तको तुलनामा ४३ प्रतिशत कम हो। फण्डले कात्तिक मसान्तमा रू. ३३ करोड २१ लाख नाफा कमाएको थियो। कात्तिक मसान्तमा फण्डको कुल आम्दानी रू. ३४ करोड ९० लाख रहेकोमा मङ्सिर मसान्तमा रू. २० करोड ९९ लाखमा सीमित भएको छ।

नाफासँगै फण्डको प्रतिइकाई खुद सम्पत्ति मूल्य (न्याभ) पनि घटेको छ। कात्तिक मसान्तमा फण्डको न्याभ ११ रुपैयाँ २८ पैसा रहेकोमा मङ्सिर मसान्तमा १० रुपैयाँ ७१ पैसामा सीमित भएको छ। फण्डले मङ्सिर मसान्तसम्ममा सूचीकृत शेयरमा रू. २ अर्ब २५ करोड लगानी गरेको छ। यो लगानी कात्तिक मसान्तमा रू. २ अर्ब ३४ करोड थियो।

## अपर तामाकोशी हाइड्रोपावरबाट विद्युत् उत्पादन शुरू

काठमाडौं (अस)। अपर तामाकोशी हाइड्रोपावरबाट विद्युत् उत्पादन शुरू भएको छ।

पहिरोले क्षतिग्रस्त बनेको बाँध क्षेत्रका संरचना मर्मत सम्भार गरेपछि पुस ९ गतेबाट उक्त हाइड्रोपावरबाट विद्युत् उत्पादन शुरू भएको हो। गत असोज ११ र १२ गतेको अविरल वर्षाका कारण आएको पहिरोले दोलखाको बिगु गाउँपालिका-१ लामाबगरस्थित अपर तामाकोशी जलविद्युत् केन्द्रको बाँध क्षेत्रका संरचना (हेडवर्क्स)मा ठूलो क्षति पुगेको थियो।

बाँधस्थलभन्दा केही तल दायाँतर्फ रहेको नियन्त्रण कक्ष (कन्ट्रोल रूम) भवन, बालुवा थिग्र्याउने पोखरी (डिस्याण्डर) र बाँधबाट डिस्याण्डरसम्म पानी पुऱ्याउने भूमिगत नहर (कल्भर्ट)मा ठूलो क्षति पुगेको थियो।

तामाकोशी नदीमा पानीको बहाव उच्च भएपछि असोज ११ गते साँझ ७ बजेबाट विद्युत् उत्पादन बन्द भएको थियो। यसलाई आंशिक रूपमा मर्मत गरेर विद्युत् उत्पादन शुरू गरिएको नेप्सेमार्फत कम्पनीले जनाएको छ।

**लघुवित्त कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ पुस १४)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेड | ६५३० | ६५३० | १६७७ |
| २ | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड | ४०१३.३ | ४१०० | १०४५ |
| ३ | सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेड | ३५८७.४ | ४०२६.२ | ९१५ |
| ४ | समाज लघुवित्त वित्तीय संस्था लिमिटेड | ३५०९.९ | ४१८१ | १७९.७ |
| ५ | श्रृजनशील लघुवित्त वित्तीय संस्था लिमिटेड | २७८५ | २८९३ | ७७७ |
| ६ | विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | २६१८.८ | ३५०० | ७४४.८ |
| ७ | युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | २५३० | ३२२३ | १०६० |
| ८ | महिला लघुवित्त वित्तीय संस्था लिमिटेड | २४६१.६ | २६४८.७ | १५३८.१ |
| ९ | गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड | २४६०.१ | ३३०० | ६७५ |
| १० | नेप्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेड | २२७६.१ | २६४१ | १४९२.१ |
| ११ | मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड | २१६० | २५३० | ६२० |
| १२ | स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेड | २००० | २४२६.४ | ८३०.१ |
| १३ | सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड | १९८७ | २२२३.१ | ७२०.३ |
| १४ | गणपति लघुवित्त वित्तीय संस्था लिमिटेड | १८२४ | २३२७ | ६८२ |
| १५ | धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड | १७६० | १८७० | ७५१ |
| १६ | जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड | १६६१.९ | १८१८ | ८३०.१ |
| १७ | सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | १६५० | १९२३.९ | १००७.१ |
| १८ | उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेड | १५८९ | २३६३.३ | ७२६.२ |
| १९ | मिथिला लघुवित्त वित्तीय संस्था लिमिटेड | १५८४.९ | १९६० | ७४७ |
| २० | जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | १५७१ | १९२० | १२०५ |
| २१ | महुली लघुवित्त वित्तीय संस्था लिमिटेड | १५६४ | १८५१ | ७९० |
| २२ | मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेड | १२८० | १७१६ | ७५६ |
| २३ | फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि. | १२७४ | १७३९ | ९७६ |
| २४ | नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेड | १२६५ | १७२७ | १०२७ |
| २५ | ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेड | ११७८ | १८१५ | ७५० |
| २६ | लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेड | ११२४ | १४२८ | ६६३.५ |
| २७ | कालिका लघुवित्त वित्तीय संस्था लिमिटेड | ११०७ | १२८५ | ६०७.५ |
| २८ | अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड | १०५० | ११९५ | ५७४.५ |
| २९ | आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेड | १०२२ | १४९१ | ५५०.१ |
| ३० | इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेड | ९६५ | १४९२ | ६१४.१ |
| ३१ | हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड | ९६० | १४४७ | ५४५.१ |
| ३२ | नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेड | ९४७ | ११९० | ५०० |
| ३३ | सम्पदा लघुवित्त वित्तीय संस्था लिमिटेड | ९४० | १४७०.८ | ५६९ |
| ३४ | साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | ९३६ | ११०५ | ७९० |
| ३५ | छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड | ९३०.१ | ११५५ | ८०० |
| ३६ | स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड | ९१० | १२५० | ५४१ |
| ३७ | स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेड | ८८९.८ | १२३२ | ६७० |
| ३८ | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड | ८७३.२ | १०९९ | ६७० |
| ३९ | विजय लघुवित्त वित्तीय संस्था लिमिटेड | ८५८ | ११७४ | ५६४.९ |
| ४० | समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड | ८३९ | १२७१ | ५५८ |
| ४१ | आशा लघुवित्त वित्तीय संस्था लिमिटेड | ८१६.५ | ११७७ | ६१६.९ |
| ४२ | सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७९ | १२१४.८ | ६४१ |
| ४३ | ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | ७६६.१ | ९७९.५ | ५१७.२ |
| ४४ | फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड | ७६० | १००४ | ५६५ |
| ४५ | मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड | ७३३ | ९८० | ५१२ |
| ४६ | एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेड | ७०८.५ | ९१८ | ४८० |
| ४७ | निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | ६९१ | ९३०.२ | ५७८.३ |
| ४८ | नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड | ६७६ | ९८८ | ५०४.५ |
| ४९ | आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड | ६७५ | ८९० | ५०३ |
| ५० | एनआईसी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड | ६६० | ९०७ | ५२०.३ |

**जीवन बीमा कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ पुस १४)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड | ११४५ | २४७५ | ११२३.८ |
| २ | नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ७६६ | १०६० | ५६६ |
| ३ | एशियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ७०९ | ८२५ | ५२३ |
| ४ | सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ६७४ | ७३१ | ४१८.५ |
| ५ | सन नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड | ६२२ | ७०८ | ४४७.२ |
| ६ | नेशनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ५६२ | ७७६.१ | ५२१.३ |
| ७ | प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड | ५२२ | ७३२.२ | ४७३ |
| ८ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड | ४९५.८ | ६१२ | ४१० |
| ९ | आईएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ४७०.५ | ६१३.९ | ४१२.५ |
| १० | सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ४४७.९ | ६४४ | ३९५.१ |
| ११ | हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड | ४४६ | ६०७ | ३६४.१ |
| १२ | सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेड | ४२१.३ | ६५४ | ४१२.१ |

**होटल तथा पर्यटन कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ पुस १४)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | कालिञ्चोक दर्शन लिमिटेड | १११९.९ | १३८१ | ७३५ |
| २ | तारागाउँ रिजेन्सी होटल्स लिमिटेड | १०८० | १५३८ | ६९५.१ |
| ३ | चन्द्रागिरि हिल्स लिमिटेड | ९०० | १३६० | ७६० |
| ४ | ओरियण्टल होटल्स लिमिटेड | ८८८ | १२०५ | ७०४ |
| ५ | सिटि होटल लिमिटेड | ८६५ | ११६८.५ | ५५९ |
| ६ | सोल्टी होटल लिमिटेड | ४६४ | ६३६.५ | ४१६.५ |

**निक्षेप रकम उपर हकदाबी सम्बन्धि ३५ दिने सूचना**

यस बैंकका खातावाला श्री जित बहादुर खड्काको नाति, श्री लाल बहादुर खड्काको छोरा चितवन जिल्ला भरतपुर उ.म.न.पा/गा.वि.स. वडा नं. ११ बस्ने श्री बीर बहादुर खड्काको मिति बि.सं. २०८१/०४/०५ (२०२४-०७-२० ई.सं.) का दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको बचत खाता नं. ००७०११०१००००२५२ मा रहेको निक्षेपको भुक्तानी पाउँ भनि मृतकको कान्छी श्रीमती श्री सावित्री खड्काले मिति २०८१/०९/०८ मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित हकदाबी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। म्यादभित्र प्राप्त नभएको दरखास्त उपर कुनै कारबाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

सानिमा बैंक
www.sanimabank.com
नारायणगढ शाखा, भरतपुर, चितवन, फोन : ०५६-५९८९५८/५९/६०

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
THE MOST PREFERRED BANK FOR A TRANSFORMING NEPAL

नेपाल एसबिआई बैंक लिमिटेड
प्रधान कार्यालय, कमलादी, काठमाडौं, नेपाल
पो.ब.नं. ६०४९, फोन नं. ०१-५९७०३३३
SWIFT : NSBINPKA

**NOTICE FOR INVITATION OF SEALED BIDS**

**Nepal SBI Bank Limited (referred to as "the Bank" or "NSBL")** is seeking 'Sealed Bids' from reputable firms/companies for the undermentioned. Interested bidders meeting eligibility criteria mentioned in QR are requested to submit the bids within 15.01.2025. For more information please scan QR or visit the announcement section in our **website: https://nsbl.statebank**

**Bid 1:** Empanelment of Network Service Providers for establishment and implementation of Network Connectivity for FY 2081-82 & 2082-83.

**Bid 2:** Procurement of three units of firewall devices along with security licenses and OEM support.

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

**केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना**

**(प्रकाशित मिति २०८१/०९/१५ गते)**

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला। अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरुप बैंकलाई दिएको चल-अचल सम्पत्ति जहाँ, जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने ब्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

**तपसिल**

**ऋणीको विवरण**

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा, कम्पनी ऐन २०६३ बमोजिम मिति : २०७९/११/१६ मा दर्ता नं. ३०८०३२/०७९/०८० कायम भई दर्ता भएको सर्लाही जिल्ला, ईश्वरपुर न.पा. वडा नं. ३ स्थित **विवेक मल्टिपर्पोज बिजनेस ग्रुप प्रा.लि.**

**व्यक्तिगत जमानतकर्ताको विवरण**

१. राम लछन राज यादवको नाति, देवेन्द्र यादवको छोरा, सर्लाही जिल्ला, ईश्वरपुर न.पा. वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **विवेक कुमार यादव (ना.प्र.प.नं. १९१०५१/१५८, सर्लाही)**
२. उत्तर वहादुर विष्टको नाति, विष्णु वहादुर विष्टको छोरा, काठमाण्डौं जिल्ला, किर्तिपुर न.पा. वडा नं. १२, स्थित स्थायी ठेगाना भएको **अस्मिन विष्ट (ना.प्र.प.नं. २७१०५८/११०३१४, काठमाण्डौं)**
३. तिलक वहादुर विष्टको नाति, उत्तर वहादुर विष्टको छोरा, काठमाण्डौं जिल्ला, पाँगा बालकुमारी गा.वि.स./न.पा. वडा नं. ९, स्थित स्थायी ठेगाना भएको **विष्णु वहादुर विष्ट (ना.प्र.प.नं. २३३५/३२७२, काठमाण्डौं)**




तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान

**काठमाडौंको बबरमहलदेखि माइतीघरस्थित नेपाल आर्ट काउन्सिलसम्मको सडकको भित्तामा स्वेत भैरव तथा काष्ठमण्डपको चित्र कोर्दै कलाकारहरू । काठमाडौं महानगरले शहरी सौन्दर्यकरणका लागि संस्कृति झल्कने मौलिक तस्वीर कोर्ने काम अघि बढाएको छ ।**

# वैकल्पिक वित्तीय स्रोत जुटाउन विधेयक ल्याउँदै सरकार

काठमाडौं । उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले विकासको उच्च आकांक्षालाई सम्बोधन गर्न सरकारले वैकल्पिक विकास वित्तको तयारी गरेको बताएका छन् । नयाँ र वैकल्पिक वित्तीय स्रोत खोज्न नीतिगत व्यवस्था गर्न सरकारले विधेयक ल्याउने तयारी गरिरहेको पनि उनले बताए ।

'राजस्व, वैदेशिक सहयोग र ऋणमा आधारित परम्परागत स्रोतले मात्र वित्त व्यवस्थापन र विकासको तीव्र आकांक्षा तथा चाहनालाई सम्बोधन गर्न चुनौतीपूर्ण छ,' अर्थमन्त्री पौडेलले भने, 'त्यसैले दीर्घकालीन विकासको आवश्यकतालाई सम्बोधन गर्नेगरी वैकल्पिक विकास वित्तका निम्ति सार्थक र प्रभावकारी कदम चाल्न वैकल्पिक विकास वित्त व्यवस्थापनसम्बन्धी विधेयकको मस्यौदा तयारी गरेका छौं र यसलाई छिट्टै कानूनी प्रक्रियामा प्रवेश गराउँदैछौं ।' अर्थ मन्त्रालयको आन्तरिक छलफलका क्रममा अर्थमन्त्री पौडेलले नेपालको तीव्र विकासका लागि नयाँ सोच र दृष्टिकोणका साथ अघि बढ्न आवश्यक रहेको र वैकल्पिक विकास वित्तबाट थप स्रोत जुटाउन तथा लगानी गर्न महत्त्वपूर्ण सहयोग पुग्ने बताएका हुन् । 'आर्थिक समृद्धिका लागि पूर्वाधारमा मात्र नभए र दक्ष जनशक्तिको विकास र सफ्टपावरमा पनि ठूलो लगानी गर्न जरुरी छ,' अर्थमन्त्री पौडेलले भने, 'वैकल्पिक वित्तले सार्वजनिक विकासका धेरै क्षेत्रमा सृजनशील र नयाँ नयाँ दृष्टिकोणका लागि ढोका खोल्नेछ ।'



अर्थमन्त्री पौडेलले नेपालमा भएका विकासका धेरै कामप्रति अपनत्व लिँदै अघि बढ्न, थप स्रोत व्यवस्थापन तथा त्यसको परिचालनका लागि स्पष्ट योजनाका साथ खुला हृदयले अघि बढ्नुपर्ने समेत धारणा राखे । 'विकास र आर्थिक समृद्धिका लागि राजनीतिक दल, निजीक्षेत्र र सरोकारवालाहरूले पनि विगतको आ-आफ्नो भूमिकालाई नयाँ ढंगले अघि बढाउनुपर्छ । सरकार पनि त्यसका लागि तयार छ,' उनले भने ।

अर्थ मन्त्रालयका प्रवक्ता महेश भट्टराईका अनुसार वैकल्पिक विकास वित्तले पूर्वाधार क्षेत्रको प्राथमिकीकरण, पूर्वाधार लगानीका लागि स्वदेशी तथा विदेशी स्रोत लगानीको व्यवस्था, विभिन्न वित्तीय उपकरणको सही प्रयोग लगायतमा सहयोग गर्छ । यसैगरी सार्वजनिक निजी साझेदारी, पूर्वाधार बोन्ड, पूर्वाधार कोषलगायतले निजीक्षेत्र पनि अघि बढ्ने थप फराकिलो अवसर सृजना गर्ने जनाइएको छ ।

नेपालको दीर्घकालीन आर्थिक र सामाजिक विकासको प्रमुख आधार पूर्वाधार तथा उत्पादनशील क्षेत्रको विकास तथा प्रवर्द्धन भएको उनको भनाइ थियो । 'नेपालमा ऊर्जा, यातायात, स्वास्थ्य, शिक्षा, जलस्रोत, उत्पादनशील उद्योग र कृषियोग्य भूमिको उपयोगलगायत क्षेत्रमा ठूला परियोजना आवश्यक छन्, जुन राष्ट्रिय विकासका लागि अत्यन्त महत्त्वपूर्ण छन्,' उनले भने, 'पारम्परिक सरकारी बजेट र वित्तीय स्रोतहरू यी ठूला र दीर्घकालीन परियोजनाका लागि पर्याप्त नहुन सक्छन्, यस सन्दर्भमा वैकल्पिक वित्तीय स्रोतहरूको प्रयोग गरेर नेपालका महत्त्वपूर्ण पूर्वाधार तथा उत्पादनशील परियोजनालाई गति दिन आवश्यक देखिएको छ ।'

वैकल्पिक वित्तीय स्रोतअन्तर्गत विभिन्न प्रकारका लगानी संरचनाहरू, जस्तै- भेञ्चर क्यापिटल, म्युचुअल फन्ड, परियोजना विशेष ऋणपत्र, रेमिट कोष, पूर्वाधार कोष, परियोजना इन्क्विबेशन कोष तथा अन्य वित्तीय साधन प्रयोग हुनेछन् । यसका लागि सरकारी योगदानका अतिरिक्त अन्तरराष्ट्रिय द्विपक्षीय तथा बहुपक्षीय संस्थाहरूको लगानी, निजीक्षेत्रको लगानी, आप्रवासी नेपालीको लगानी, संस्थागत लगानी, ग्रीन बण्ड, जलवायु कोष लगायतबाट स्रोत व्यवस्थापन गरिने जनाइएको छ । *रासस*

# अमेरिकामा बेघर हुनेको संख्या उच्च

वासिङ्टन डीसी (संयुक्त राज्य अमेरिका) । अमेरिकामा बेघर हुनेको संख्याले नयाँ 'रेकर्ड' बनाएको छ । अमेरिकी गृह तथा शहरी विकास विभागका अनुसार त्यहाँ ७ लाख ७० हजारभन्दा बढी मानिस आश्रयस्थलविहीन छन् । यो तथ्यांक सन् २०२४ जनवरीको एक रातमा गरिएको सर्वेक्षणबाट निकालिएको विभागले गत शुक्रवार बताएको छ ।

अमेरिकामा आश्रयस्थलविहीन हुनेको संख्या यो वर्ष १८ प्रतिशतले बढेको हो । गतवर्ष भने यो संख्या १२ प्रतिशतले बढेको थियो । यो वर्ष बेघर हुनेको संख्या सन् २००७ मा यस्तो गणना गर्न थालेयताकै



सबैभन्दा बढी हो । उच्च आवास लागत, प्राकृतिक प्रकोप र ठूला शहरतर्फ आप्रवासनको वृद्धिले बेघरहरू बढ्न प्रभाव पारेको अधिकारीहरूले बताएका छन् ।

बेघर हुनेमा १८ वर्षभन्दा कम उमेरका बच्चाहरूको सबैभन्दा बढी वृद्धि भएको पाइएको छ । सर्वेक्षण गरिएको उक्त रातमा झन्डै १ लाख ५० हजार जना १८ वर्षभन्दा कम उमेरका बेघर थिए । ६५ वर्ष वा सोभन्दा बढी उमेरका बेघर जनसंख्यामा पनि ६ प्रतिशतले वृद्धि भएको पाइएको छ । सैनिक/पूर्व सैनिकहरूको बेघर अवस्था भने ८ प्रतिशतले घटेको पाइएको छ भने केही शहर हरूले बेघरलाई सडकबाट हटाउन सफल हुँदा यो संख्यामा सुधार भएको हुनसक्ने अधिकारीहरूले बताएका छन् ।

देशकै उच्च आवास लागत भएको लस एन्जलस बेघरहरूको जनसंख्या ५ प्रतिशतले घटेको पाइएको छ । यो संख्या पछिल्लो सात वर्षमा पहिलोपटक घटेको बताइएको छ । *एजेन्सी*

आगो, हिटर वा गिजर प्रयोगमा होसियारी अपनाऔं !

- आगो वा हिटर नजिकबाट नतापौं,
- कागज, कपडा जस्ता छिटो जल्ने खालका सामग्री आगो वा हिटरको नजिकै नराखौं,
- कोठामा आगो वा हिटर बाल्दा हावा ओहोरदोहोर हुने ब्यवस्था मिलाऔं,
- हिटरलाई समय समयमा बन्द गर्ने गरौं,
- आगो वा हिटर बन्द गरेरमात्र सुतौं,
- आगो, हिटर र बिजुलीको काम सकिने बित्तिकै बन्द गरौं,
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं,
- गिजर खोलेर लामो समयसम्म बाथरुममा नबसौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रदूषण शुल्क लगाइएपछि उद्योगीको आपत्ति

# प्रतिवादका लागि बन्यो समिति

**ओमप्रकाश खनाल**

वीरगञ्ज

बाराको जीतपुरसिमरा उपमहानगरपालिकाले लगाएको प्रदूषण नियन्त्रण शुल्कको उद्योगीले विरोध गरेका छन् । उपमहानगरले आर्थिक ऐन २०८१ मार्फत यस्तो शुल्क तिर्न उद्योगलाई पत्र काटेपछि उद्योगीले आपत्ति जनाएका हुन् । बारा-पर्सा औद्योगिक कोरिडोरमा सञ्चालित उद्योगमध्ये अधिकांश ठूला उद्योग जीतपुरसिमरा उपमहानगरको क्षेत्राधिकारमा पर्छन् । उपमहानगरले आर्थिक ऐनको व्यवस्था उल्लेख गर्दै यही पुस मसान्तभित्र सम्पूर्ण कर र शुल्क तिर्न उद्योगलाई पत्र काटेको छ । उपमहानगरका राजस्व प्रशासन प्रमुख रामप्रसाद शर्मा पौडेलले काटेको पत्रमा समयसीमाभित्र कर र शुल्क नतिरेमा १० प्रतिशत जरीवाना लाग्ने समेत उल्लेख गरिएको छ ।

उपमहानगरले आर्थिक ऐन २०८१ मा आफ्नो क्षेत्रभित्र उद्योग सञ्चालन गरेबापत सम्बन्धित उद्योगबाट प्रदूषण नियन्त्रणका लागि शुल्क लिइने भनिएको छ ।

अघिल्लो आर्थिक वर्ष २०८०/८१ को कुल आम्दानीको शून्य दशमलव शून्य ५ प्रतिशतदेखि शून्य दशमलव १० प्रतिशतसम्म यस्तो शुल्क लिने उपमहागनरले बताएको छ । प्रदूषण नै नगर्ने र नियन्त्रणको उपाय अपनाएका उद्योगलाई समेत यो शुल्क तिर्न ताकेता गरिएको उद्यमीको भनाइ छ ।

जीतपुरसिमराले उद्योगहरूसँग प्रदूषण नियन्त्रणका लागि शुल्क लिने भने पनि कसरी प्रदूषण नियन्त्रण गर्ने भन्ने स्पष्ट छैन । उद्योगलाई व्यवसाय कर, सम्पत्ति कर, घरजग्गा तथा घरबहाल कर तिर्न पुस मसान्तसम्मको समयसीमा तोकिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले पालिकाहरूलाई आफ्नो क्षेत्राधिकारमा कानून बनाएर कर र शुल्क निर्धाण गर्ने अधिकार दिएको छ । कर लगाउँदा करदाताको कर तिर्न सक्ने हैसियतलाई समेत ध्यान दिन भनिए पनि स्थानीय सरकारले मनोमानी चलाइरहेको आरोप निजीक्षेत्रको छ ।

नेपाल उद्योग वाणिज्य महासंघ, मधेशले जीतपुरसिमराको आर्थिक ऐनको प्रावधानलाई 'कर अराजकता'को संज्ञा दिएको छ । महासंघले उद्योगी हरि गौतमको संयोजकत्वमा यस्तो 'अव्यावहारिक' करको प्रतिवाद गर्न समितिसमेत बनाएको छ । महासंघको जनकपुरधाममा बसेको बैठकले समिति बनाएको जानकारी गौतमले दिए ।



**नेपाल उद्योग वाणिज्य महासंघ, मधेशले जीतपुरसिमराको आर्थिक ऐनको प्रावधानलाई 'कर अराजकता'को संज्ञा दिएको छ । उद्योग व्यवसाय शिथिल भएको अहिलेको अवस्थामा स्थानीय सरकारले मनोमानी तरीकाले कर लगाएर उद्योगलाई धराशयी बनाउन लागेको आरोप संघको छ ।**

उद्योग व्यवसाय शिथिल भएको अहिलेको अवस्थामा स्थानीय सरकारहरूले मनोमानी तरीकाले कर लगाएर उद्योगलाई धराशयी बनाउन लागेको बारा पर्साका उद्योगीहरूको संस्था वीरगञ्ज उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्षसमेत रहेका गौतमले बताए ।

'स्थानीय सरकार सञ्चालन ऐन २०७४ को व्यवस्था दुरुपयोग गरेर पालिकाले कर आतंक मच्चाएका छन् । कानून बनाएर कर लिन पाइने भन्दैमा जथाभावी गर्न मिल्दैन । हामी यसको सशक्त प्रतिवाद गर्छौं,' गौतमले भने ।

### सम्पत्ति करमा किन आपत्ति ?

उद्योगसँग लिइने सम्पत्ति करमा उद्योगीको आपत्ति छ । उद्योगले बैंकबाट कर्जा लिएर जोडेको जग्गामा सम्पत्ति कर लिनु अनुचित भएको दाबी गौतमको छ । एउटा उद्योगका लागि ७० प्रतिशतसम्म रकम बैंकबाट लिइएको हुनाले बैंकबाट ऋण लिएको पैसालाई समेत सम्पत्ति मानेर कर लिनु गलत भएको तर्क उद्यमीको छ । 'उद्योगीले जग्गा बेच्दा लाभ कर तिर्ने र त्यसबाट भएको नाफामा २० प्रतिशत आयकर चुक्ता गर्ने भएकाले बैंकबाट ऋण काडेर जोडेको जग्गामा सम्पत्ति करको भारी लाद्नु अनुचित छ,' जीतपुरसिमरा उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष सञ्जयकुमार साहले भने । स्थानीय सरकारहरूले उद्योगलाई दोहोरो/तेहेरो करको भारी बोकाएको आरोप उद्योगीहरूको छ ।

### कवाडी करमा सधैं किचलो

पालिकाहरूले उठाउँदै आएको कवाडी करमा समेत उद्योगीको विरोध रहँदै आएको छ । पालिकाका ठेकेदारले तयारी वस्तु र उद्योगको कच्चा पदार्थमा समेत जबरजस्ती यस्तो कर लिने गरेको उद्यमीको आरोप छ ।

उद्योगले मूल प्रयोजनमा उपयोग नहुने वस्तुको विक्री गर्दा बिल काट्ने भएकाले त्यस्तो विक्रीमै कर लिन र बाटोमा ठेकेदारको अवरोध हटाउन माग गरेका छन् । ठेकेदारले खटाएका मानिसले गाडी रोकेर सबै खालका वस्तुमा कर लिने गरेको गौतमको भनाइ छ । ठेकेदारको मनोमानीका कारण विवादित भएपछि विगतमा खारेज भएको कवाडी करलाई स्थानीय सरकार सञ्चालनमा आएसँगै पुनः अस्तित्वमा ल्याइएको हो । 'विगतमा स्थानीय स्वायत्त शासन ऐन र नियमले यस्तो करको दर तोकिदिएको थियो । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले कानून बनाएर लिन सक्ने भनिदिएपछि पालिकैपिच्छे फरक दर तोकिएको छ । करको दायरामा समेटिएका वस्तुमा पनि एकरूपता छैन । यसले कर प्रणालीलाई झन जटिल र असजिलो बनाएको छ,' नेपाल उद्योग वाणिज्य महासंघ मधेश, प्रदेशका अध्यक्ष अशोककुमार टेमानीले भने । केही पालिकाहरूले उद्योगमा आउजाउ गर्ने ढुवानीका साधनलाई लक्षित गरी सवारी कर लगाएको र भारतीय ढुवानीका साधनसँग मनपरी रकम असुल्ने गरेको गुनासो उद्यमीको छ । यसबाट वस्तुको लागत बढेको उनीहरू बताउँछन् । जीतपुर सिमरा उपमहानगरले उद्योग प्रवेश गर्ने सम्पर्क बाटोमा केही मिटर सडक बनाएर रकम असुल्ने बहाना बनाएको एक उद्योगीले बताए ।

# आर्थिक विकासमा लगानी बढाउने नेपाली डायस्पोराको प्रतिबद्धता

काठमाडौं । विश्वका विभिन्न देशमा रहेर हासिल गरेको ज्ञान र पूँजीलाई नेपालको आर्थिक विकासमा लगाउने नेपाली डायस्पोराको प्रतिबद्धता रहेको छ । युनाइटेड नेपाली डायस्फोरा (अन्डो)द्वारा काठमाडौंमा आयोजित दुईदिने अन्तरराष्ट्रिय सम्मेलनमा सहभागी विभिन्न देशबाट आएका प्रतिनिधिले समानता, सहकार्य र समावेशिताका सिद्धान्तमा आधारित रहेर विश्वव्यापी डायस्फोरालाई एकजुट गर्दै नेपाल र नेपालीको हितका लागि काम गर्ने बताएका हुन् ।

सो अवसरमा समाजसेवी एवं 'सिएनएन हिरो' अनुराधा कोइरालाले विश्वका विभिन्न देशमा रहेर हासिल गरेको ज्ञान, शीप

**एनआरएनएका पूर्वअध्यक्ष शेष घलेले मातृभूमिप्रतिको दायित्वलाई आत्मसात् गर्दै गैरआवासीय नेपालीले विभिन्न परियोजनामा लगानी र सहयोग गर्दै आएको उल्लेख गरे ।**

तथा पूँजीलाई नेपालको विकासमा लगाउन र भावी सन्ततिलाई पनि नेपालप्रतिको आस्था बढाउन नेपाली डायस्पोरासँग आग्रह गरिन् । गैरआवासीय नेपाली संघ (एनआरएनए)का पूर्वअध्यक्ष शेष घलेले मातृभूमिप्रतिको दायित्वलाई आत्मसात् गर्दै गैरआवासीय नेपालीले विभिन्न परियोजनामा लगानी र सहयोग गर्दै आएको उल्लेख गरे ।

सरकारले पनि नेपाली डायस्पोराका लागि लगानीमैत्री वातावरण बनाइदिनुपर्नेमा उनले जोड दिए । अन्डोका अध्यक्ष सोनाम लामाले यस संस्थामार्फत जलवायु परिवर्तन, प्रतिभा पलायन जस्ता गम्भीर समस्या न्यूनीकरण एवं युवा पुस्तालाई नेपालको प्रगतिमा परिचालनमा विभिन्न रचनात्मक काम भइरहेको जानकारी दिए । नेपाल र नेपाली डायस्पोरालाई एकताबद्ध गरी नेपालको दिगो भविष्य निर्माणमा योगदान पुऱ्याउने उद्देश्यले संस्थाको स्थापना गरिएको उनले बताए ।

सम्मेलनको पहिलो प्राविधिक सत्र जलवायु परिवर्तन र बसाइँसराइ विषयमा वरिष्ठ पत्रकार कुन्द दीक्षित, आप्रवासन विशेषज्ञ डा. गणेश गुरुङ, इसिमोडकी डा. अमिना महर्जन र वन तथा वातावरण मन्त्रालयका नरेश शर्माले जलवायु परिवर्तन र बसाइँसराइबीचको सम्बन्ध र यसले पारेको नकारात्मक प्रभावका बारेमा प्रकाश पारेका थिए । दोस्रो सत्रमा नवीनतम पूर्वाधार र डायस्पोरा विषयमा नेपाल विद्युत् प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङ, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सहसचिव सुशीलबाबु ढकाल, सार्वजनिक यातायात प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत कुबेर नेपाली र ऊर्जाविद् कुशल गुरुङले नेपालको पूर्वाधार तथा यातायात क्षेत्रमा डायस्पोराले गर्न सक्ने सहयोगका बारेमा प्रस्तुतीकरण दिएका थिए ।

यस्तै तेस्रो प्राविधिक सत्रमा नीति र साझेदारी विषयमा नेपला पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशी, सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्रीका राजनीतिक सल्लाहकार डा. जितेन्द्र उपाध्याय र नीति अनुसन्धान प्रतिष्ठानकी डा. इन्द्र अधिकारीले विद्यमान नीतिमा रहेका कमीकमजोरीका कारण डायस्पोरासँगको साझेदारीमा देखिएको समस्याका बारेमा धारणा राखेका थिए । *रासस*

# अन्तरराष्ट्रिय खुला कराते च्याम्पियनसिपको उपाधि नेपाललाई

पुणे (भारत) । भारतको महाराष्ट्र राज्यको पुणे शहरमा आयोजित अन्तरराष्ट्रिय खुला कराते च्याम्पियनसिपको उपाधि नेपालले जितेको छ । पुणेस्थित खेलकुद विभाग केन्द्रमा आइतवार सम्पन्न प्रतियोगितामा नेपालले विभिन्न उमेर र तौल समूहमा गरी १७ स्वर्ण पदक जितेर उपाधि हासिल गरेको हो । नेपालका तर्फबाट विभिन्न उमेर र तौल समूहमा प्रतिस्पर्धा गरेका खेलाडीले पाँच रजत र दुई कास्य पदक समेत प्राप्त गरेका छन् ।

प्रतियोगितामा नेपालका खेलाडी रिमा कुमालले ६८ किलो तौल समूहमा भारत र श्रीलंकाका प्रतिस्पर्धीलाई हराउँदै स्वर्णपदक हात पार्न सफल भएकी थिइन् । यस्तै विपीन रानाले ५० किलो तौल समूहमा र शाहिल गुरुङले ५५ किलोमा स्वर्ण पदक प्राप्त गरे । नेपालका बुद्धि तामाङ, नेहा श्रीस, रजिना दर्लामी, निखिल कुमाल, दिवस आले, मोहित थापा, अमिशा पोखरेल, दिया छन्त्याल, समीक्षा दर्लामी, आदित्य गुरुङ, प्रविन भट्टराई र आकृति छन्त्यालले समेत स्वर्ण पदक जितेका छन् ।

प्रतियोगितामा भारत १६ स्वर्ण, २९ रजत र ६१ कास्य पदक प्राप्त गरी द्वितीय तथा श्रीलंका ६ स्वर्ण, पाँच रजत र १५ कास्य पदक प्राप्त गरी तृतीय भयो । यसअघि नेपालको तर्फबाट उत्कृष्ट काता प्रदर्शन गरेका १० वर्षमुनि समूहका सिद्धार्थ रानाले स्वर्ण पदक प्राप्त गरेका थिए । *रासस*

### तथ्यांकोवाच

## नेपालमा हीरा आयातमा आकर्षण

विप्रेषणको वृद्धिसँगै नेपालमा हीराको आयातमा पनि वृद्धि हुँदै गएको छ । आजभन्दा १६ वर्ष अगाडि रू. ५३ करोडको मात्र हीरा आयात भएकोमा आर्थिक वर्ष सन् २०२३/२४ मा सो आयातमा ठूलो वृद्धि भई रू. ३ अर्ब २७ करोड बराबर पुगेको छ । यसले नेपालमा हीराको प्रचलन एवं खपत बढ्दै गएको देखाउँछ । समाजका सबै वर्गमा हीराको पहिचान र पहुँच स्थापित भई भविष्यमा हीराको माग अझ बढ्ने अनुमान गर्न सकिन्छ ।

नेपालमा हीरा आयात

| आर्थिक वर्ष (सन्) | परिमाण क्यारेट | मूल्य रू. अर्बमा |
|---|---|---|
| २००८/०९ | – | ०.५३ |
| २००९/१० | – | ०.६९ |
| २०१०/११ | – | ०.४१ |
| २०११/१२ | ९३,७३३ | ०.३५ |
| २०१२/१३ | १६,३६२ | ०.४७ |
| २०१३/१४ | १८,८४७ | ०.६८ |
| २०१४/१५ | २२,२४७ | ०.५८ |
| २०१५/१६ | २४,४४१ | ०.८४ |
| २०१६/१७ | ४८४ | ०.०२ |
| २०१७/१८ | ११,१७० | ०.३६ |
| २०१८/१९ | ४५,१४३ | १.३७ |
| २०१९/२० | ६७,१८८ | १.०५ |
| २०२०/२१ | ३६,१४८ | १.३७ |
| २०२१/२२ | ६२,६०६ | २.४७ |
| २०२२/२३ | ६३,५२५ | २.९३ |
| २०२३/२४ | ८३,३१४,११० | ३.२७ |

स्रोत : भन्सार विभाग

न्यू बिजनेश एज लि.द्वारा प्रकाशित  प्रधान सम्पादक : मदन लम्साल  सम्पादकीय निर्देशक : केशव गौतम  कार्यकारी सम्पादक : पृथ्वीमान श्रेष्ठ  पाञ्चायनमार्ग, थापाथली, काठमाडौं  पो.ब.नं. १४१९७, फोन-०१-५३६७७१७  इमेल : editorial@abhiyan.com.np  मुद्रक : समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर